काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**

मध्य मनसुनमै चिनियाँ पाहुनाको आगमनमा सुधार

**समाचार**

दुवै खुट्टा गुमाएकी समीक्षाले सारंगीको धुनमार्फत सबैलाई सम्झाइन्- जीवनलाई अगाडि बढाउने शक्ति खुट्टामा होइन, मनमा हुन्छ ।



**इन्फान्टिनोमाथि दबाब**

जियानी इन्फान्टिनोको विवादास्पद योजना असफल भएपछि उत्पन्न विवादका बिच इङ्ल्यान्ड फुटबल संघ (एफए) ले उनलाई दिएको समर्थन फिर्ता लिएको छ ।

वर्ष १८, अंक ८८, पृष्ठ ८, मंगलबार, १९ साउन २०८३, श्रावण कृष्णपक्ष षष्ठी, Tuesday, 4 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

### लुम्बिनी विकास गुरुयोजनाको आधा दशक

# सुस्त गति र मतिले अझै अपुरै

**किरणमान बज्राचार्य**

*कपिलवस्तु, साउन १८*

लुम्बिनी विकास कोष गुरुयोजना सुरु भएको आधा शताब्दी हुन लाग्दा पनि पूरा हुन सकेको छैन। गौतम बुद्ध जन्मस्थल लुम्बिनीलाई विश्वशान्तिको आध्यात्मिक मुहान बनाउन १७ वर्षमा पूरा गर्नेगरी सन् १९७८ मा गुरुयोजना सुरु गरिएको हो। गुरुयोजना ४८ वर्षसम्म पनि पूरा नहुँदा '१२ वर्षमा खोलो फर्किन्छ' भन्ने नेपाली उखानसमेत गलत साबित भएको छ। लुम्बिनी विकास कोष प्रशासनले गुयोजनाको ९० प्रतिशत काम सम्पन्न भएको दाबी गरे पनि त्यसको वैज्ञानिक आधार प्रस्तुत गरेको छैन।

लुम्बिनीलाई व्यवस्थित विकाससहित विश्व शान्तिको केन्द्र र रमणीय स्थल बनाउन प्रख्यात जापानी वास्तुकलाविद् प्राध्यापक केन्जो टाँगेले गुरुयोजना बनाएका थिए। उनले ६ वर्ष लगाएर बनाएको गुरुयोजना सन् १९७८ मा नेपाल सरकारलाई बुझाएका थिए। सरकारले सोही वर्ष गुरुयोजना कार्यान्वयनका लागि स्वीकृत गरेको थियो। टाँगेले बनाएको गुरुयोजनाअनुसार सिंगापुर अहिले विश्वमै चिनिएको छ। उनकै गुरुयोजनामा जापानको हिरोसिमास्थित पिस मोमोरियल पार्क र केन्याको राजधानी नैरोबी पनि विश्वमा चर्चित छन्।

विगतमा छोटोछोटो समयको अन्तरालमा सरकार, मन्त्री र लुम्बिनी विकास कोषका पदाधिकारी फेरिँदा त्यसको असर गुरुयोजनामासमेत परेको देखिन्छ। ऐन, नियम, विनियमको समस्या, चरम राजनीतीकरण, कोषका चार पदाधिकारीको एउटै मत नहुँदा पनि गुरुयोजनाअनुसारको काम समयमा हुन नसकेको हो। साथै स्रोत अभावले पनि गुरुयोजना प्रभावित भएको लुम्बिनीका जानकार तथा सञ्चारकर्मी प्रह्लाद यादव बताउँछन्। गुरुयोजना जति सक्दो चाँडो पूरा गर्ने प्रतिबद्धता राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट कैयौंपटक जाहेर हुँदा पनि ४८ वर्षसम्म सम्पन्न नहुनु लाजमर्दो विषय भएको उनले बताए।

लुम्बिनी विकासप्रेमीको अथक प्रयासमा पछिल्लो पटक २०७८ वैशाख १४ गते तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले तीन वर्षभित्र गुरुयोजना पूरा गर्ने गरी सात अर्ब रुपैयाँ सुनिश्चित गरेका थिए। कोषका केही पदाधिकारी र कर्मचारीले ठेक्कामा चलखेल गरेको सुइँको पाएपछि अर्थ मन्त्रालयले बजेट दिन आलटाल गर्‍यो। पहिलो चरणमा तीन अर्ब ६० करोड ९७ लाख रुपैयाँको ठेक्का लागेको थियो। उक्त ठेक्काअन्तर्गत काम गरेबापतको भुक्तानी अझै पनि निर्माण कम्पनीले पाउन सकेका छैनन्। अर्थ मन्त्रालयले दोस्रो चरणमा दुई अर्ब ८९ करोड रुपैयाँ दिने भनेको थियो तर उक्त रकम पाउन नसकेपछि त्यसको असर पनि गुरुयोजनामा परेको छ।

२०८२ साउनमा कोषको सदस्य सचिवबाट राजीनामा दिएका सानुराजा शाक्यले गुरुयोजनाको ८४ प्रतिशत काम सकिएको बताएका थिए। गत मंसिरमा प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वको मन्त्रिपरिषद्बाट कोषको सदस्य सचिवमा नियुक्त भएका दीपक श्रेष्ठले ८८ प्रतिशत काम भएको दाबी गरेका थिए। विगतका सरकारले गरेका नियुक्तिहरू बालेन्द्र शाह नेतृत्वको सरकारले खारेज गरेपछि श्रेष्ठ पनि पदमुक्त भएका थिए। सञ्चारकर्मी यादवका अनुसार कोषका पदाधिकारीले आआफ्नै ढंगले कामको प्रगति प्रतिशत बताउने गरेका छन् र यसको वैज्ञानिक आधार प्रस्तुत गर्न सकेका छैनन्। टाँगेको गुरुयोजना बौद्ध दर्शन, आध्यात्मिकता, शान्ति झल्काउने खालको भए पनि कोषका पदाधिकारीले अहिलेसम्म त्यसलाई बुझ्ने प्रयास नगरेको यादव बताउँछन्।



लुम्बिनी विकास गुरुयोजना सुरु हुनुअघि सन् १९७० मा खिचिएको मायादेवी मन्दिरसहितको लुम्बिनी क्षेत्र। *तस्बिर : अरविन्द शाक्यको फेसबुकबाट*

> संयुक्त राष्ट्रसंघको पहलमा जापानका प्राध्यापक केन्जो टाँगेले ६ वर्ष लगाएर बनाएको गुरुयोजना सन् १९७८ मा नेपाल सरकारलाई बुझाए। सरकारले त्यही वर्ष गुरुयोजनाअनुसार काम थाल्यो। पहिलो चरण १९८५ र दोस्रो चरणको काम १९९५ मा सक्ने लक्ष्यसहित सुरु गुरुयोजना ४८ वर्षसम्म पनि अपुरै छ।

गुरुयोजनाअन्तर्गतको सबैभन्दा महत्त्वपूर्ण काम दक्षिणतर्फको पवित्र उद्यान हो। यस भागमा मायादेवीको मन्दिर र अशोक स्तम्भ, प्राचीन इटाका संरचना, बुद्धकालीन इँटाका बुट्टा, प्राचीन बौद्ध बिहार र सांस्कृतिक अवयव छन्। उद्यानको केन्द्रीय नहर, ल्यान्डस्केपिङ, सिम्बोलिक पेभेलियन, साउथ र नर्थ पोखरी निर्माण भएका छन्। चार पोखरी निर्माणसँगै केही स्थानमा हरियाली बनाउने काम भएको छ। कर्मचारी आवास गृह बनेका छन्। नयाँ लुम्बिनी गाउँ र पवित्र बिहारबिच अन्तर्राष्ट्रिय बिहार बनेको छ। केन्द्रीय नहरको पूर्वतर्फ थेरावाद र पश्चिमतर्फ महायानी सम्प्रदायका गुम्बा बनेका छन्। नहरको पूर्वतर्फ श्रीलंका, थाइल्यान्ड, कम्बोडियाका विहार र पश्चिमतिर जापान, चीन जर्मनी, भियतनाम, क्यानडाका विहार बनेका छन्।

संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव ऊ थान्त सन् १९६७ अप्रिल २३ मा लुम्बिनीमा भ्रमणमा आएका थिए। भ्रमणका क्रममा लुम्बिनीको बिजोग अवस्था देखेर उनी निकै दुःखी बनेका थिए।

बाँकी पृष्ठ २

# आन्तरिक झमेलामा नयाँ-पुराना दल



रवि लामिछाने



गगनकुमार थापा



केपी शर्मा ओली



पुष्पकमल दाहाल



राजेन्द्र लिङ्देन

**नागरिक संवादाता**

*काठमाडौं, साउन १८*

मुलुकका प्रमुख राजनीतिक दलहरू आन्तरिक किचलोमा फसेका छन्। गत फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा झन्डै दुई तिहाइ बहुमत सिट जितेर सबैभन्दा ठुलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पनि सत्तामा पुगेको छोटो समयमै आन्तरिक विवादमा छ। पुराना दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि आन्तरिक झमेलामा अलमलिएका छन्।

रास्वपामा सभापति रवि लामिछाने र पार्टीका वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहबिचको सम्बन्धमा चिसोपन देखिएको छ। सभापति लामिछानेले डोलप्रसाद अर्याललाई उपप्रधानसहित गृहमन्त्री बनाउन चाहेका थिए। त्यसमा शाह सहमत नभएपछि अर्याल सभामुख बनेका हुन्। सरकारमा रहेका अधिक मन्त्री प्रधानमन्त्री शाहकै रोजाइका छन्। असारमा महाधिवेशन भएपछि प्रधानमन्त्री शाहले केही मन्त्री हेरफेर गर्न चाहेका थिए। तर उनको चाहनामा पार्टी सभापति लामिछाने बाधक बनेको निकट स्रोतको दाबी छ।

महाधिवेशनमा पार्टी पदाधिकारीको निर्वाचनमा स्पष्ट दुई समूहमा विभाजित रास्वपामा त्यसपछि सरकारको काम र पार्टी गतिविधिलाई लिएर नेताहरूले प्रश्न उठाउँदै आएका छन्। पार्टी विधानमा सभापतिले संसदीय दलको नेता हटाउन सक्ने प्रावधान राखिएपछि रास्वपाभित्रको आन्तरिक विवाद सडक, सदन हुँदै केन्द्रीय समितिसम्म पुगेको छ।

सुनसरीको कप्तानगन्ज घटनाले पनि रास्वपाभित्रको विवाद र एकअर्काप्रतिको आशंकालाई बढावा दिएको छ। उक्त घटनाले धार्मिक रूप लिने संकेत देखिएपछि सभापति लामिछानेले सर्वदलीय बैठक बोलाएर सक्रियता देखाए। तर प्रधानमन्त्रीसमेत रहेका पार्टीका वरिष्ठ नेता शाह त्यो बैठकमा सहभागी भएनन्। सरकारलाई असफल बनाउन सभापति लामिछाने नै लागिपरेको प्रधानमन्त्री निकट नेताहरूको आशंका छ।

> प्रतिनिधिसभा सदस्य निर्वाचनमा झन्डै दुई तिहाइ बहुमत सिट जितेर सबैभन्दा ठुलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी पनि सत्तामा पुगेको छोटो समयमै आन्तरिक विवादमा छ। पुराना दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी पनि आन्तरिक झमेलामा अलमलिएका छन्।

बाँकी पृष्ठ २

## कोसी एमाले विवाद उत्कर्षमा

**विनोद सुवेदी**

*विराटनगर, साउन १८*

कोसी प्रदेशमा नेकपा एमालेको आन्तरिक विवाद उत्कर्षमा पुगेको छ। विवाद समाधानका लागि विभिन्न प्रयास भइरहे पनि अझै निचोड निस्किसकेको छैन। यसैबिच एमाले प्रदेश कमिटीको आयोजनामा सोमबार विराटनगरमा प्रदेश कमिटीका पदाधिकारी र कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीसहित प्रदेशका सांसदहरूको संयुक्त बैठक बसेको थियो। उक्त बैठक पनि बिनानिष्कर्ष टुंगिएको छ।

बैठकका विषयमा एमाले कोसी प्रदेश इन्चार्ज शेरधन राईले कोसीमा देखिएको गाँठो केही दिनभित्रै खुल्ने प्रतिक्रिया दिए। उनले पार्टीको निर्देशन सबैले मान्ने बताउँदै केन्द्रमा भएको तीन बुँदे सहमति र पार्टी अध्यक्षको निर्देशनअनुसार कोसीको विवाद पनि एक साताभित्रै समाधान हुने दाबी गरे।

बाँकी पृष्ठ २



काठमाडौंका नदीकिनारबाट हटाइएका सुकुम्बासी उचित बासस्थानको व्यवस्था मिलाउन सरकारलाई दबाब दिन सोमबार माइतीघर मण्डलमा धर्ना दिँदै। संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा नेपाल काठमाडौं उपत्यका समितिको अगुवाइमा सुकुम्बासी आन्दोलित छन्। *तस्बिर : विजय राई/नागरिक*

### हस्तान्तरण नहुँदै भासियो बुटवल-नारायणघाट सडक

# छानबिनका लागि सतर्कतालाई अनुरोध

**भुवन शर्मा**

*काठमाडौं, साउन १८*

१७ अर्ब बढी खर्च गरेर स्तरोन्नति गरिएको बुटवल-नारायणघाट सडक नेपाल सरकारसमक्ष हस्तान्तरण नहुँदै भासिएको छ। सडक विभागका उच्च कर्मचारीहरूले राष्ट्रिय सतर्कता केन्द्रसँग त्यस सडकको गुणस्तर परीक्षण गर्न अनुरोध गरेका छन्।

सडक हस्तान्तरण नहुँदै ठाउँठाउँमा समस्या उत्पन्न भएपछि सडकको गुणस्तर तथा सरकारी पक्षबाट भएको अनुगमन तथा प्राविधिक परीक्षणप्रति नै प्रश्न उठेको छ। यद्यपि हस्तान्तरण नहुँदै सडक भासिएकाले त्यसको मर्मत गर्ने काम ठेकेदार कम्पनीकै हुने भएकाले यसमा राज्यलाई घाटा नपर्ने सडक विभागक उच्च कर्मचारीहरू बताउँछन्।

बुटवल-नारायण सडक स्तरोन्नतिको काम ९३ प्रतिशत पूरा भइसकेको सडक विभागको भनाइ छ। स्तरोन्नति भएको त्यस सडकमा गाडी गुड्न पनि सुरु भइसकेको छ। त्यस क्षेत्रमा सास्ती पनि हटिसकेको छ। तर उक्त सडक ठेकेदार कम्पनीले सरकारलाई हस्तान्तरण गर्न नपाउँदै तीन ठाउँमा समस्या आएको हो। कुनै क्षेत्रमा चिरा परेको छ, कुनैमा पानी जमेको छ र कतै सडक भासिएको (दबेको) छ। बुटवल नारायणघाट सडकखण्ड पश्चिम आयोजना कार्यालयका सूचना अधिकारी विकास खनालका अनुसार दबेको सडकमा हाल माटो पुर्ने काम भइरहेको छ। उनका अनुसार बर्दघाटको उकालोबाट दाउन्ने जाने सडकखण्डमध्ये करिब सात सय मिटर बाटामा माटो भासिएको हो। यस ठाउँबाहेक चोरमारा तथा चिसापानीमा पनि बाटो चिरा परेको तथा पानी जम्ने समस्या आएको छ।

पूर्वाधार विकास मन्त्रालयका सहसचिव तथा एडिबी निर्देशनालयका प्रमुख चूडा ढकालले सडक दबेको, चिरा परेको तथा माटो जमेको विषयमा गुणस्तर परीक्षण गर्न आयोजना निर्देशनालयले राष्ट्रिय सतर्कता केन्द्रलाई अनुरोध गरेको बताए।

बाँकी पृष्ठ २

# मधेसमा गहिरिँदै जलसंकट

## वर्षाको पानी पुनर्भरणलाई प्राथमिकता दिन संसदीय समितिको सुझाव

**नागरिक संवाददाता**

*काठमाडौं, साउन १८*

मधेस प्रदेशमा तीव्र रूपमा घट्दै गएको भूमिगत जलस्रोत, सुरक्षित खानेपानीको सीमित पहुँच, सरसफाइ व्यवस्थापनको कमजोरी र जलस्रोत संरक्षणमा देखिएको नीतिगत तथा संस्थागत कमजोरी तत्काल सुधार गर्न सुझाव दिइएको छ। राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिले सरकारलाई यस्तो सुझाव दिएको छ।

समितिले प्रदेशको स्थलगत अध्ययनपछि तयार पारेको 'मधेस प्रदेशमा खानेपानी, सरसफाइ तथा जलस्रोत व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन-२०८३' मा जलस्रोतको दिगो व्यवस्थापनका लागि वर्षाको पानी पुनर्भरण (रिचार्ज) प्रणालीलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्ने निष्कर्ष निकालेको छ। 'जलवायु परिवर्तनले वर्षाको समय र ढाँचामा परिवर्तन हुनु, सुक्खायामको अवधि लम्बिनु, वाष्प उत्सर्जनमा वृद्धि हुनु तथा भूमिगत जल पुनर्भरणको प्राकृतिक चक्रमा अनिश्चितता थपिनुजस्ता कारणले जलस्रोत व्यवस्थापन आज मधेस प्रदेशको प्रमुख चुनौती बन्न पुगेको छ,' राष्ट्रियसभामा सोमबार प्रतिवेदन प्रस्तुत गर्दै सभापति डा. कृष्णप्रसाद पौडेलले भने।

प्रतिवेदनले मधेसका अधिकांश जिल्लामा भूमिगत पानीको दोहन तीव्र रूपमा बढ्दै गए पनि त्यसअनुसार पुनर्भरणका संरचना निर्माण नभएकाले भविष्यमा खानेपानी संकट थप गम्भीर हुन सक्ने चेतावनी दिएको छ। भूमिगत पानीको सतह निरन्तर घटिरहेको अवस्थामा त्यसको वैज्ञानिक अनुगमन र व्यवस्थापन प्रभावकारी रूपमा हुन नसकेको अध्ययनले देखाएको छ। समितिले खानेपानीका लागि जडान गरिएका धेरै ट्यूबवेल पर्याप्त भूगर्भीय अध्ययनबिना सञ्चालनमा ल्याइएकाले दीर्घकालीन रूपमा जलभण्डारमा नकारात्मक असर पर्न सक्ने उल्लेख गरेको छ। प्रतिवेदनले नयाँ ट्यूबवेल जडानअघि भूआकृति विज्ञान र स्याटेलाइट तथ्यांकसमेत प्रयोग गरी जलभण्डारको वैज्ञानिक अध्ययन अनिवार्य गर्न सिफारिस गरेको छ।



अध्ययनले वर्षायाममा ठुलो परिमाणमा पानी खेर जाने तर त्यसलाई भूमिगत जल पुनर्भरणमा उपयोग गर्ने संरचना अत्यन्त न्यून रहेको औंल्याएको छ। त्यसका लागि रिचार्ज पोखरी, परकोलेसन ट्यांकी, इन्फिल्ट्रेसन ग्यालरीलगायत संरचना उपयुक्त स्थान छनोट गरेर निर्माण गर्नुपर्ने सुझाव दिइएको छ। यसबाट भूमिगत जलको पुनर्भरण बढ्नुका साथै दीर्घकालीन खानेपानी सुरक्षामा योगदान पुग्ने समितिको निष्कर्ष छ।

प्रतिवेदनले भूमिगत जलको अत्यधिक दोहन नियन्त्रण गर्न नियमित जलस्तर अनुगमन प्रणाली विकास गर्न, जलभण्डारको अवस्थाबारे अद्यावधिक तथ्यांक संकलन गर्न तथा एउटै क्षेत्रमा धेरै ट्यूबवेल सञ्चालन गर्दा उत्पन्न हुने समस्या कम गर्न ट्यूबवेलबिच न्यूनतम दुरी कायम गर्ने मापदण्ड बनाउन पनि सरकारलाई सुझाएको छ। खानेपानीको गुणस्तरसमेत समितिको चासोको विषय बनेको छ। प्रतिवेदनमा आर्सेनिकलगायत रासायनिक प्रदूषणको जोखिम भएका क्षेत्रमा नियमित परीक्षणलाई अनिवार्य गर्न, सुरक्षित खानेपानीको पहुँच विस्तार गर्न र पानीको गुणस्तर अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने उल्लेख गरिएको छ। त्यसैगरी सरसफाइ पूर्वाधारको विस्तार, फोहोर पानी व्यवस्थापन र स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धिलाई पनि प्राथमिकता दिनुपर्ने प्रतिवेदनको सुझाव छ।

समितिले जलवायु परिवर्तनका कारण मधेस प्रदेशमा एकातिर सुक्खा बढ्दै गएको र अर्कातर्फ बाढी तथा डुबानको जोखिम पनि उस्तै रहेको उल्लेख गर्दै जलस्रोत व्यवस्थापनलाई अब केवल खानेपानीको विषयका रूपमा नभई जलवायु अनुकूलन, कृषि, वातावरण र विपद् व्यवस्थापनसँग जोडेर हेर्नुपर्ने आवश्यकता औंल्याएको छ।

बाँकी पृष्ठ २

# आन्तरिक झमेलामा नयाँ–पुराना दल

**पृष्ठ १ बाट**

यसले सभापति लामिछाने र प्रधानमन्त्री शाहबिच समन्वय र सहकार्यभन्दा आशंका र अविशवास एकपछि अर्को गर्दै बढ्दै गएको निकट स्रोतको दाबी छ। आशंका र अविश्वासले सरकार र पार्टी दुवैले चुस्त रुपमा काम गर्न नसकेको एक नेताको दाबी छ।

सत्तारुढ रास्वपा मात्र होइन, मुलुकको पुरानामध्येको एक नेपाली कांग्रेस पनि चरम आन्तरिक विवादमा छ। प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी कांग्रेस अहिले मिल्न पनि नसक्ने र फुट्न पनि नसक्ने अवस्थामा छ। गत भदौ २३ र २४ को जेनजी विद्रोहसँगै पार्टीभित्र बढ्दै गएको विवाद र विशेष महाधिवेशनका कारण नेताहरू स्पष्ट दुई समूहमा विभाजित छन्। विशेष महाधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वलाई निर्वाचन आयोग र सर्वोच्च अदालत दुवैले मान्यता दिएपछि पुरानो नेतृत्व पक्ष बाहिर परेको छ। पुरानो नेतृत्व पक्ष (हाल इतरपक्ष) ले १४औं महाधिवेशनबाट निर्वाचित कार्य समितिलाई विशेष महाधिवेशनबाट निर्वाचित कार्य समितिमा समायोजन गर्नुपर्ने माग राखेको छ। तर संस्थापनपक्ष पुरानो समितिका सबैलाई केन्द्रीय सदस्य बनाउने पक्षमा छैन। संस्थापनपक्ष इतर समूहमा रहेका नेतालाई एक एक गरी पक्षमा पार्ने रणनीतिमा छ।

संस्थापनपक्षले उपेक्षा गरेपछि इतरपक्षले पार्टी संस्थापकमध्यका एक नेता बिपी कोइरालाका छोरा शशांक कोइरालाको संयोजकत्वमा राष्ट्रिय भेला आयोजक समिति गठन गरेको छ। भेलामार्फत आवश्यक परे नयाँ पार्टीको अभ्यास गर्ने इतरपक्षको तयारी छ। दुवै पक्ष आआफ्नो बाटोमा अघि बढेपछि एउटा समूह एकताका लागि नेताहरूलाई दबाब दिन सक्रिय छ। शंकर भण्डारीसहितको अर्को समूह हिन्दु राज्यको पक्षमा खुलेर अघि बढेको छ। यसैकारण कांग्रेस यतिबेला आफ्नो मौलिकता नै गुमाउने अवस्थामा पुगेको छ।

प्रतिनिधिसभाको तेस्रो ठुलो दल एमालेभित्र पनि किचलो बढ्दै गएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टी पराजित भएपछि अध्यक्ष केपी ओलीका विश्वासपात्रहरू नै उनको विपक्षमा उभिएका छन्। ओलीलाई अध्यक्षबाट हटाएर पार्टी पुनर्गठनको पक्षमा नेताहरू सक्रिय भइरहेका बेला उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरण विभागले सम्पत्ति शुद्धीकरण आरोपमा गरेको पक्राउले पनि आन्तरिक अविश्वासलाई थप बढाएको छ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) सँग प्रदेशमा सत्ता सहकार्य गर्न ओलीले गरेको सहमतिले पनि एमालेभित्रको विवाद बढाएको नेताहरू बताउँछन्। कोसी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले आफूलाई हटाएर अर्कालाई मुख्यमन्त्री बनाउने केन्द्रको निर्णयलाई चुनौती दिँदै आएका छन्। विवाद मिलाउन एमाले कोसी प्रदेश कमिटीका पदाधिकारी, प्रदेशसभाका सांसदसहितको बैठक बिनानिष्कर्ष टुंगिएको छ। बैठक एमाले मोरङ जिल्ला कार्यालय विराटनगरमा सोमबार दिउँसो बसेको थियो। एमाले अध्यक्ष ओलीले कोसी प्रदेश संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने गरी केन्द्रीय सचिव एवं कोसी प्रदेश इन्चार्ज शेरधन राईलाई विवाद मिलाउन खटाएका छन्। ओलीको निर्देशनअनुसार खटिएका राईले मुख्यमन्त्रीबाट राजीनामा दिएर मार्गप्रशस्त गर्न गरेको आग्रहलाई कार्कीले अस्वीकार गरेका छन्। अन्य प्रदेशमा पनि विवाद छ। यसैकारण सहमतिअनुसार प्रदेशमा नयाँ सरकारले आकार ग्रहण गर्न नसकेको अवस्था छ। अध्यक्ष ओलीले पार्टीभित्रको असन्तुष्ट पक्षलाई विश्वासमा नलिईकन नेकपासँग सत्ता सहकार्यको सहमति गरेका थिए।

सत्ता सहकार्य सहमतिले एमालेभित्र मात्र होइन, नेकपामा पनि असन्तुष्टि बढाएको छ। एमालेसँग सत्ता सहकार्य सहमतिप्रति नेता माधवकुमार नेपाल असन्तुष्ट छन्। नेपालले असन्तुष्टि जनाएपछि उनलाई सम्झाउन पार्टी संयोजक पुष्पकमल दाहाल नेपाल निवास पुगेका थिए। अर्का नेता झलनाथ खनालले त फरक मत सार्वजनिक गर्दै पार्टी संयोजक दाहालले नेतृत्व त्याग्नुपर्ने धारणा अघि सारेका छन्। दाहालले राजधानीमा आयोजित एक कार्यक्रममा सरकार बनाउने गिराउने कुरालाई सफलता र असफलताको रुपमा लिँदा विगतमा गल्ती भएको स्वीकार गरेका छन्। एमाले र नेकपाका दोस्रो पुस्ताका नेताले ओली, दाहाल, खनाल, नेपालसहितले नेतृत्व छाड्नुपर्ने माग गर्दै आएका छन्।

पूर्वपञ्चहरूको पार्टी भनेर चिनिने राप्रपामा पनि विवादमा छ। धवलशमशेर राणसहितका केही नेताले नेतृत्वका कामप्रति असन्तुष्टि जनाउँदै पार्टी परित्याग गरिसकेका छन्। राप्रपाका अन्य नेताहरूमा पनि सत्ता सहकार्यसहित पार्टीले लिने मूल अजेन्डाका विषयमा फरक मत देखिएको छ। निर्वाचन मुखमा भएको कमल थापासहितको एकीकरणले अहिलेसम्म पूर्णता पाउन सकेको छैन। थापासहितका नेताहरू अध्यक्ष राजेन्द्र लिङ्देनको विपक्षमा रहेको निकट नेताहरूको दाबी छ।

सातवटा साना राजनीतिक दलहरूले अग्रगामी मोर्चा घोषणा गर्ने भएका छन्। पटकपटक विवाद र विभाजन भोग्दै आएका विभिन्न साना सात दल साउन २३ गते मोर्चा घोषणाको तयारीमा छन्। मोर्चामा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी आबद्ध हुने बताइएको छ। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक जनार्दन शर्मा, जनमत पार्टीका अध्यक्ष सिके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु शाह, जसपा नेपालका नेता जितेन्द्र सोनलसहितका नेताहरूले मोर्चा बनाउने समझदारी सोमबार गरेका हुन्।




तालाबन्दी गरिएको भृकुटीमण्डपस्थित काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालयको गेटमा विद्यार्थी संगठनद्वारा पुस्तकालय खुलाउन ऐक्यबद्धतासहित टांगिएको हस्ताक्षरसहितको तुलमा सोमबार समर्थन जनाउँदै विद्यार्थी।
*तस्बिर : विजय राई/नागरिक*

# कोसी एमाले विवाद उत्कर्षमा

**पृष्ठ १ बाट**

'केन्द्रमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र एमालेबिच भएको तीन बुँदे सम्झौता र पार्टी अध्यक्ष केपी शर्मा ओलीको निर्देशन पालना हुन्छ,' राईले भने, 'प्रदेशमा देखिएको सानो गाँठो एक साताभित्रै फुक्छ।' उनले मुख्यमन्त्री कार्कीसँग आफ्नो कुनै व्यक्तिगत आग्रह-पूर्वाग्रह नरहेको स्पष्ट पारे। राईले वर्तमान मुख्यमन्त्रीसँग आफ्नो ३२ वर्ष लामो सहकार्यगत सम्बन्ध रहेकाले छलफलबाट निकास निकाल्ने दाबी गरे। 'हाम्रा बिचमा कुनै वैचारिक वा सैद्धान्तिक मतभेद छैन, हामीले लामो समय एउटै कमिटी र पदमा रहेर सँगै काम गरेका छौं। म मुख्यमन्त्री हुँदा उहाँ आन्तरिक मामिलामन्त्री हुनुहुन्थ्यो, अहिले उहाँ मुख्यमन्त्री हुनुहुन्छ,' उनले भने, 'यो हामीबिचको व्यक्तिगत समस्या वा द्वन्द्व होइन, यो पार्टीको आन्तरिक व्यवस्थापनको विषय मात्र हो।'

एमाले अध्यक्ष केपी शर्मा ओलीले कोसी प्रदेश संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने गरी पार्टी केन्द्रीय सचिवसमेत रहेका कोसी प्रदेश इन्चार्ज राईलाई कोसी प्रदेशको विवाद मिलाउन खटाएका छन्। अध्यक्ष ओलीकै निर्देशनअनुसार खटिएका राईले हिक्मतकुमार कार्कीलाई मार्गप्रशस्त गर्न आग्रह गरे पनि कार्कीले अस्वीकार गरेपछि कोसी प्रदेशको विवाद सतहमा आएको हो। मुख्यमन्त्री हिक्मतकुमार कार्कीले संवैधानिक र व्यावहारिक कारण देखाउँदै पदबाट राजीनामा दिन अस्वीकार गर्दै आएका छन्। उनले पार्टीको सचिवालय बैठकले निर्णय गरेर पठाए मात्रै पदबाट राजीनामा दिने बताउँदै आएका छन्।

> एमाले अध्यक्ष केपी शर्मा ओलीले कोसी प्रदेश संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोलाई मुख्यमन्त्री बनाउने गरी पार्टी केन्द्रीय सचिवसमेत रहेका कोसी प्रदेश इन्चार्ज राईलाई कोसी प्रदेशको विवाद मिलाउन खटाएका छन्।

यस्तै अध्यक्ष ओली पक्षले कतिपय सांसदहरूलाई समेत मन्त्री बनाउने आश्वासन दिएर आफ्नो पक्षमा पार्ने प्रयास गरिरहेको स्रोतको दाबी छ। मुख्यमन्त्री हटाउने र नयाँ सरकार गठनको विषयमा आइतबार एमाले कोसी इन्चार्ज राईले कोसी प्रदेशका नेकपा संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोसँग पनि छलफल गरेका थिए। तर आङ्बोले अर्काको पार्टीको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने जनाउँदै एमालेभित्रको विवाद मिलेपछि सरकारमा सहभागी हुनेबारे छलफल गर्ने बताएको स्रोतको दाबी छ। मुख्यमन्त्री हटाउने विषयमा कुनै पनि उपायले काम नगरेपछि सोमबार मुख्यमन्त्रीलाई राजीनामाका लागि दबाब दिन विराटनगरमा पार्टी प्रदेशका पदाधिकारी र संसदीयल दल कोसीको बैठक राखिएको एमालेका नेताहरू बताउँछन्। तर उक्त बैठकले पनि ठोस निकास दिन नसकेपछि नयाँ सरकार गठनको प्रक्रिया अलमलमा परेको छ। एमाले कोसी प्रदेश कमिटीले आयोजना गरेको बैठकमा सहभागी मुख्यमन्त्री कार्कीले बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै आफू निर्विकल्प नभए पनि अहिलेको अवस्थामा आफू नै कोसीको मुख्यमन्त्रीका लागि उपयुक्त पात्र भएको स्पष्ट पारेका छन्। कार्कीले भने, 'म आफूलाई निर्विकल्प त भन्दिनँ तर कोसी प्रदेशमा अहिलेका लागि उपयुक्त पात्र म नै हुँ।' उनले आफू अहिले पनि मुख्यमन्त्री रहेको र अब पनि निरन्तरता हुने दाबीसमेत गरेका छन्।

पदबाट राजीनामा नदिने कार्कीको अडानपछि कोसी प्रदेशमा मुख्यमन्त्रीबाट कार्कीलाई हटाउन एमालेका सांसदहरूले हस्ताक्षर संकलनसमेत सुरु गरेको जनाइएको छ। तर मुख्यमन्त्री कार्कीलाई हटाउन आवश्यक संख्या नपुगेका कारण हस्ताक्षर अभियानमा कति सांसदले हस्ताक्षर गरे भन्ने विषय गुपचुप राखिएको छ। एमाले संसदीय दल कोसी प्रदेशको विधानअनुसार संसदीय दलको नेताबाट हटाउन दुई तिहाइ सदस्य आवश्यक पर्छ तर संसदीय दलको नेताबाट हटाउँदैमा पनि समस्या समाधान हुने देखिएको छैन। कोसी प्रदेशका मुख्यमन्त्री कार्की एमाले संसदीय दलको नेताको हैसियतले नभई संसदमा बहुमत पुऱ्याउने सांसदको हैसियतले संविधानको धारा १६८ को उपधारा ५ अनुसार बनेका मुख्यमन्त्री हुन्। त्यसकारण संसदीय दलको नेताबाट हटाउँदैमा पनि पदमुक्त हुने अवस्था छैन। कार्की मुख्यमन्त्री बनेको दुई वर्ष पूरा नभएका कारण संविधानअनुसार अविश्वासको प्रस्ताव प्रदेशसभामा दर्ता गर्ने अवस्था पनि छैन। कार्कीलाई मुख्यमन्त्रीबाट हटाउन प्रदेशसभाका बहुमत सांसदको समर्थन आवश्यक पर्छ। कार्की सांसदमा अल्पमतमा परेको खण्डमा उनले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ।

प्रदेशको जटिल अवस्था देखेर नेपाली कांग्रेसले अझैसम्म कोसी प्रदेश सरकार छाडेको छैन। हाल कांग्रेस र एमालेको संयुक्त सरकार छ। कोसी प्रदेससभामा कांग्रेसका २९ र एमालेका ४० सांसद छन्। मुख्यमन्त्रीका पक्षमा एमालेका १८ जना मात्रै सांसद पुगे भने कांग्रेस र एमालेको संयुक्त सरकारले निरन्तरता पाउने देखिन्छ। यसअघि पनि कोसी प्रदेशमा तत्कालीन मुख्यमन्त्री केदार कार्की कांग्रेसका आठ र एमालेका ४० सांसदको समर्थनमा मुख्यमन्त्री बनिसकेका छन्।

# सुस्त गति र मतिले अझै अपुरै लुम्बिनी गुरुयोजना

**पृष्ठ १ बाट**

उपेक्षित र जीर्ण लुम्बिनीको विकासका लागि पहल गर्ने प्रण उनले गरे। उनले लुम्बिनीबाट काठमाडौं फर्केपछि तत्कालीन राजा महेन्द्र शाहसँग भेट गरी लुम्बिनीको विकास प्रस्ताव अघि सारेका थिए। राजाले प्रस्ताव स्वीकार गरेपछि उनले राष्ट्रसंघको मुख्यालय न्युयोर्क पुगेर त्यसबारे गहन छलफल गरे। संयुक्त राष्ट्रसंघको अगुवाइमा युएनडिपी र युनेस्कोका प्राविधिकसहितको टोलीले लुम्बिनी विकासको खाका तयार पारे। लुम्बिनीको विकास र संरक्षणमा केन्द्रित खाका प्रतिवेदन युएनडिपीका आवासीय प्रतिनिधि बाई जे जेउरेले महासचिव ऊ थान्तलाई बुझाए। उक्त खाका प्रतिवेदन नै लुम्बिनीको विकासका लागि कोसेढुंगा सावित भएको कोषका वरिष्ठ निर्देशक ज्ञानिन राई बताउँछन्। त्यसलगत्तै राष्ट्रसंघकै मातहतमा लुम्बिनीको विकास सहयोगका लागि एउटा अन्तर्राष्ट्रिय समिति बनाइयो। समितिमा समितिमा १३ देशका प्रतिनिधि थिए। पछि सन् १९७० मा तीन देशका प्रतिनिधि थपेर समितिलाई १६ सदस्यीय बनाइयो। समितिमा नेपाल, भारत, जापान, श्रीलंका, अफगानिस्तान, कम्बोडिया, इन्डोनेसिया, लाओस, म्यानमार, पाकिस्तान, सिंगापुर, थाइल्याण्ड, दक्षिण कोरिया, श्रीलंका, बंगलादेश, भुटान सदस्य थिए।

संयुक्त राष्ट्रसंघकै पहलमा सन् १९७२ मा जापानका प्राध्यापक टांगेलाई लुम्बिनी विकास गुरुयोजना बनाउन जिम्मा दिइयो। उनले ६ वर्ष लगाएर गुरुयोजना निर्माण गरी सन १९७८ मा नेपाल सरकारलाई बुझाए। नेपाल सरकारले त्यही वर्ष गुरुयोजना स्वीकृत गरी कार्यान्वयन सुरु गरेको थियो। गुरुयोजनाको पहिलो चरण १९८५ र दोस्रो चरण सन १९९५ भित्र पूरा गर्ने लक्ष्यसहित काम थालिएको थियो। तर ४८ वर्ष हुँदा पनि गुरुयोजना पूरा भएको छैन।

गुरुयोजना तीन भागमा विभाजित छ। पहिलो पवित्र उद्यान, दोस्रो अन्तर्राष्ट्रिय बौद्ध विहार र तेस्रो नयाँ लुम्बिनी गाउँ। कोषका वरिष्ठ निर्देशक राईले गुरुयोजनाअनुसार तीन काम गर्न बाँकी रहेको बताए। जसमध्ये धेरै काम नयाँ लुम्बिनी गाउँमा गर्न बाँकी छ। लुम्बिनी हुँदै बग्ने हरेहवा नदीको व्यवस्थापन, लेवी मोनोमेन्ट, ऊ थान्त अडोटेरियम र केही भवन बनाउन बाँकी छ। प्राथमिक उपचार केन्द्र, केसेली घर, बसपार्क, हाई स्कुल र रेस्टुरा बनाउन बाँकी छ। यस्तै तीर्थयात्रीका लागि ध्यान स्थल, फोहर व्यवस्थापन बाटर टावर तथा वितरणको काम बाँकी छ। लुम्बिनीलाई सुन्दर देखाउन कोलोनाडो स्थल बने पनि सञ्चालनमा आएको छैन। होके, कासाई तथा श्रीलंकन पिलग्रिम्स टोल गुरुयोजना क्षेत्रमै बनेका छन्। ढल निकास, सर्भिस रोड विद्युतीकरणको काम जारी छ।

सरकार बदलिएसँगै लुम्बिनी विकास कोषका पदाधिकारी पनि फेरिँदा त्यसको प्रभाव गुरुयोजनामा परेको छ। कोषमा तीव्र राजनीतिक हस्तक्षेप, गैरव्यावसायिक र अपरिपक्व नेतृत्वका कारण गुरुयोजना पूरा हुन नसकेको ठहर लुम्बिनी बचाउ महाभियानका सहसंयोजक रामविकास चौधरीको छ। 'कोषमा तीव्र राजनीतीकरण र सक्षम नेतृत्व नहुँदा गुरुयोजना पूरा हुन नसकेको हो', उनले भने। नयाँ सरकार गठनसँगै कोषमा नियुक्त हुने उपाध्यक्ष, कोषाध्यक्ष, सचिवसहितले मनपरी ढंगले कर्मचारी राख्दा अनावश्यक आर्थिक भार थपिएको चौधरीले बताए। उनले गुरुयोजनाविपरीत संरचनाहरू बनाइएको दाबी पनि गरे। कोषले स्थानीय र सरोकारवालसँग सहकार्य र समन्वयसमेत नगरेको आरोप पनि उनको छ। चौधरीका अनुसार कोषमा आर्थिक चलखेलसमेत हुने गरेको छ।

वर्तमान सरकारले पुराना नियुक्ति खारेज गरेपछि लुम्बिनी विकास कोष पदाधिकारीविहीन बनेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पदाधिकारीसहित विभिन्न पदका लागि खुला आवेदन मागेपछि ७ सय २७ जनाले दर्खास्त दिएका छन्। तर मन्त्रालयले आवेदन दिएकामध्येबाट छनोट गरी नियुक्ति गरेको छैन। कोष पदाधिकारीविहीन हुँदा काम प्रभावित भएको छ।

## मधेसमा...

प्रतिवेदनले संघ, प्रदेश र स्थानीय तहबिच कार्यविभाजन स्पष्ट नभएको तथा विभिन्न निकायबिच समन्वय कमजोर रहेकाले योजना कार्यान्वयन प्रभावकारी हुन नसकेको निष्कर्ष निकालेको छ। त्यसैले जलस्रोत, खानेपानी र सरसफाइसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा तीनै तहका सरकारबिच स्थायी समन्वय संयन्त्र स्थापना गर्नुपर्ने सुझाव दिइएको छ।

समितिका सभापति पौडेलले प्रतिवेदनमा समेटिएका सुझावहरू कार्यान्वयन गर्न सके मधेस प्रदेशको खानेपानी र जलस्रोत व्यवस्थापनलाई दीर्घकालीन रूपमा सुधार गर्न सकिने विश्वास व्यक्त गरेका छन्। उनले अध्ययन प्रतिवेदनलाई केवल औपचारिक दस्तावेजका रूपमा सीमित नराखी सम्बन्धित मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहले कार्ययोजनाका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिएका छन्।

समितिको निष्कर्षअनुसार मधेस प्रदेशमा देखिएको भूमिगत पानीको संकट तत्काल सम्बोधन नगरे आगामी वर्षहरूमा सुरक्षित खानेपानी उपलब्ध गराउन अझ चुनौतीपूर्ण बन्न सक्छ।

**पृष्ठ १ बाट**

त्यसैले वैज्ञानिक अध्ययन, भूमिगत जल पुनर्भरण, सुरक्षित पानीको पहुँच विस्तार, गुणस्तर अनुगमन तथा प्रभावकारी अन्तरसरकारी समन्वयलाई एकीकृत रूपमा अघि बढाउन प्रतिवेदनले सरकारलाई आग्रह गरिएको छ। समितिले गठन गरेको उपसमितिको स्थलगत अध्ययन र राष्ट्रसंघीय निकाय युनोब्स नेपालको प्रतिवेदन तथा विज्ञ र सरोकारवालासँगको छलफलका आधारमा रिपोर्ट तयार पारिएको जनाएको छ।

## छानबिनका...

उनका अनुसार बुटवल-नारायणघाट सडकखण्डमध्ये शून्य दशमलव शून्य १ प्रतिशत भागमा मात्र समस्या देखिएको हो। यस्तो समस्या देखिनुमा चार कारण रहेको उनको भनाइ छ। 'गैंडाकोटदेखि बुटवलसम्म माटोको गुणस्तर फरकफरक छ तर डिजाइन एउटै भयो। माटोअनुसार फरकफरक डिजाइन हुनुपर्थ्यो, त्यो हुन सकेन। नयाँ सडकमा तत्कालै कालोपत्र गर्नुहुँदैनथ्यो तर तत्कालै कालापेत्र गरियो,' ढकालले भने, 'यसैगरी उक्त सडकमा ओभरलोडका गाडी धेरै चले। उक्त ठाउँमा दाउन्नेमाझैं ढलान गर्नुपर्थ्यो तर ढलान गरिएन।'

हस्तान्तरण नहुँदै उक्त सडकमा समस्या आउँदा राज्यलाई घाटा नपर्ने र समस्या भएको ठाउँमा मर्मत सम्भार गर्ने काम ठेकेदार कम्पनीको भएको उनको भनाइ छ। 'त्यसको सबै मर्मतसम्भार ठेकेदार कम्पनीले गर्ने छ। यसमा हामीलाई घाटा भएको छैन। ठेकेदार कम्पनीले पुरै तयार गरिसकेपछि मात्र उक्त सडक हस्तान्तरण गर्ने छ,' उनले भने। बुटवल-नारायणघाट सडकखण्डको स्तरोन्नति गर्न १७ अर्ब दुई करोड रुपैयाँमा चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङसँग पहिलो पटक २०१८ डिसेम्बर १९ मा सम्झौता भएको थियो। यस सडकखण्डको काम पूरा गर्न हालसम्म चार पटक म्याद थप भइसकेको छ तर पनि काम पूरा भएको छैन।

११३ किलोमिटर लामो यो खण्डलाई दुई भागमा वर्गीकरण गरी स्तरोन्नतिको काम थालिएको हो। पूर्वी खण्ड ६४.४२५ र पश्चिम खण्ड ४८.५३५ किलोमिटरको छ। सडक विभागअन्तर्गत एसियाली विकास बैंक (एडिबी) निर्देशनालयबाट यो आयोजना सञ्चालन भइरहेको छ। यो आयोजनालाई एडिबीले सहयोग गरेको छ। तर पूर्वाधार विकास मन्त्रालयको एक उच्च इन्जिनियरले हस्तान्तरण नहुँदै उक्त सडक भासिनु राम्रो नभएको बताए। उनले भने, 'यसमा धेरै कारण हुन सक्छन्। डिजाइनअनुसार माटो भरेको तथा कालोपत्र गरेको देखिएन। यसमा अनुगमन र प्राविधिक परीक्षणमा पनि प्रश्न उठेको छ। सडक दबेको ठाउँमा २० सेन्टिमिटर कालोपत्र गर्नुपर्नेमा १० सेन्टिमिटरमा मात्र कालोपत्रे गरिएको उनको भनाइ छ। यस्तो समस्या उत्पन्न भएको विषयमा कारणहरू खोजिनुपर्ने उनले सुझाव दिए।


## ककनी वाइनरी

**नुवाकोट, ककनी गाउँपालिका वडा नं. -८**

**मूल्य सुची सम्बन्धी सूचना**

*१. यस ककनी वाइनरी, ककनी-८, नुवाकोटबाट उत्पादित निम्न बमोजिमका वाइनहरु बिक्री वितरण गर्नका लागि मिति २०८३/०४/२० गतेदेखि लागु हुने गरी निम्न बमोजिम मूल्यसूची प्रकाशित गरिएको छ।*

| Brand Name | Distributor (12*750ml) | Margin (12*750ml) | Wholesale (12*750ml) | Margin (12*750ml) | Retail (12*750ml) | Margin (12*750ml) | MRP (12*750ml) | MRP Per Bottle |
|---|---|---|---|---|---|---|---|---|
| YANGRA Kiwi | 10,200/- | 816/- | 11,016/- | 660/- | 11,676/- | 1,524/- | 13,200/- | 1,100/- |

*२. उपत्यकाभन्दा बाहिर डिलरसिप चाहिएको हुँदा सम्बन्धित व्यक्ति तथा संस्थाले सम्पर्क नं. ९८०५६७५८७८ मा सम्पर्क गर्नुहोला।*

## नबिल बैंक लिमिटेड, भैसेपाटी शाखा, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८३/०४/१९)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

नर बहादुर कटुवालको नाति, भक्त बहादुर कटुवालको छोरा, झापा जिल्ला बैगुन्धारा न.पा.वडा नं.०९ बस्ने, ना.प्र.नं. ५७० ९४० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. झापा जारी मिति: बि.सं. २०५३/०३/३१), भएको **असीम कटुवाल**।

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानको विवरण**

१. कर्ण बहादुर कटुवालमको नाति, नर बहादुर कटुवालको छोरा, झापा जिल्ला महाभारा.वि.स.वडा नं.०१ बस्ने, ना.प्र.नं.६९१२५२२२ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. झापा जारी मिति: बि.सं. २०४३/०३/१९), भएको **भक्त बहादुर कटुवाल**।
२. भक्त बहादुर कटुवालकी बुहारी, अमित कटुवालकी पत्नि झापा जिल्ला मेचिनगर न.पा.वडा नं.०२ बस्ने, ना.प्र.नं. ०४१००३/४३६२ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.झापा, जारी मिति: २०६७/०६/१०) भएकी **सुलेखा पौडेल**।
३. नर बहादुर कटुवालमको नाति, भक्त बहादुर कटुवालको छोरा, झापा जिल्ला बैगुन्धारा न.पा.वडा नं.०९ बस्ने, ना.प्र.नं.२५५४४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. झापा जारी मिति: बि.सं. २०६३/०४/१५), भएको **अमित कटुवाल**।
४. भक्त बहादुर कटुवालकी बुहारी, असीम कटुवालकी पत्नि झापा जिल्ला बिर्तामोड न.पा.वडा नं.०५ बस्ने, ना.प्र.नं. ०५७०४३४२३ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.झापा, जारी मिति: २०६१/०४/३१) भएकी शान्ता **कुमारी कटुवाल**।
५. नर बहादुर कटुवालकी बुहारी, भक्त बहादुर कटुवालकी पत्नि झापा जिल्ला बैगुन्धारा न.पा.वडा नं.०९ बस्ने, ना.प्र.नं. ५७०९१०४४ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.झापा, जारी मिति: २०४८/०९/०८) भएकी **तारा देवि कटुवाल**।

**धितोको विवरण**

**सवारी साधनको विवरण**

ऋणी **असीम कटुवाल** र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा.प्र.०३ ००१ ज ६२७ भएको KYC V5D EV.

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

## गोलिया काठ लिलाम बिक्री सम्बन्धी सूचना

यस समूहले नियमानुसार आ.व. २०८२/०८३ मा संकलन गरेको काठ / दाउरा मध्ये निम्न परिमाणको गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्नु पर्ने भएकाले वन नियमावली, २०७९ को नियम १२८ मा व्यवस्था भए अनुसारको काठ चिरान गर्ने **स:मिल/भेनियर तथा प्लाईउड उद्योगले** मात्र आजको मितिले २१ औं दिन कार्यालय समयभित्र बोलपत्र खरिद गरी २२ औं दिनको दिउँसो १:०० बजेसम्म यस समूहको कार्यालय/डिभिजन वन कार्यालय, मोरङमा बोलपत्र दाखिला गर्न प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि सम्वन्धित सामुदायिक वन उपभोक्ता समूह/डिभिजन वन कार्यालय, मोरङमा सम्पर्क राख्नु हुन अनुरोध छ।

| साल गोलिया क्यु फीट | अन्य गोलिया क्यु फीट | सालको दाउरा चट्टा | साल मिश्रीत दाउरा चट्टा | अन्य दाउरा चट्टा |
|---|---|---|---|---|
| २७५६.५४ | ७१६४.२१ | ४.७५ | ३.०० | १०.०० |

**हिमचुली सा.व.उ.स. केराबारी गा.पा. ०३ मोरङ।**




मानव अधिकार तथा शान्ति समाजले सोमबार माइतीघरमा 'हाम्रो जीवनधारा : अहिंसा, शान्ति, सद्भाव, सहिष्णुता र भाइचारा तोड्न होइन जोड्नका लागि योगदान गरौं संवाद, सहमति, सहकार्यको मार्ग अवलम्बन गरौं' भन्ने नारासहित निकालेको एकता र्‍याली। *तस्बिर : विजय राई/नागरिक*

# तीन तहका सरकारको परीक्षा कि कमजोरी ?

**ईश्वरी सुवेदी**

*काठमाडौं, साउन १८*

नेपाल बहुधार्मिक, बहुभाषिक र बहुजातीय समाज भएकाले सामाजिक सद्भाव राष्ट्रिय स्थिरताको आधार हो। विविधतामा आधारित समाजमा स्थानीय असन्तोष, पहिचान राजनीति, असमानता र डिजिटल विद्वेष जोडिँदा तनाव छिटै उग्र हुन सक्छ। यसलाई सरकारले सूक्ष्म ढंगले नियालिरहनुपर्छ। नेपालमा हिन्दु र मुस्लिम समुदायबिचको सम्बन्ध शताब्दीयौंदेखि तुलनात्मक रूपमा सहअस्तित्व र सहकार्यमा आधारित रहेको छ, जसलाई प्रायः 'भाइचारा' वा 'मितेरी' परम्पराका रूपमा चित्रण गरिन्छ, तर यो सहअस्तित्व सधैं पूर्ण समानतामा आधारित थिएन। कानुनी र सामाजिक तहमा विषमता सँगसँगै रहँदै आयो।

विज्ञहरूका अनुसार सन् १९९० को दशकयता विशेषतः धार्मिक-पहिचान राजनीति, बाह्य क्षेत्रीय घटनाहरूको प्रभाव र हालैका वर्षमा सामाजिक सञ्जालको भूमिकाले ससाना स्थानीय विवादलाई द्रूतगतिमा साम्प्रदायिक रूप दिन थालेको देखिन्छ। यही साउन ११ मा सुनसरीको देवानगन्जमा भएको हिंसात्मक घटना यही दीर्घकालीन ढाँचाको ताजा र गम्भीर उदाहरणका रूपमा बुझ्न सकिन्छ। शताब्दीयौंको भाइचारा अन्त्य नभई त्यसमाथि चढेको नयाँ खालको राजनीतिक-सामाजिक तनावको संकेत हो भन्ने विश्लेषण छ।

नेपालको सामाजिक बनोट आफैंमा विविध छ। २०७८ को जनगणनाअनुसार नेपालमा १४२ जाति/जनजाति, १२४ मातृभाषा र १० धार्मिक समूह छन् र यस्तो विविधतामा एकता जोगाइराख्नु शासनको संवेदनशील काम हो। आन्तरिक बसाइँसराइ, तराई-मधेसको जनसांख्यिक परिवर्तन र अल्पसंख्यक समुदायको राजनीतिक तथा सामाजिक असुरक्षाले पनि सामाजिक सद्भावमाथि थप दबाब पार्न सक्छ। घटना साम्य पार्न सुरक्षा निकाय र स्थानीय प्रशासनले कदम चाले पनि यस्तो अवस्थाले नेपालको विविधताभित्रको एकता र संघीय शासनको कार्यकुशलतामाथि गम्भीर प्रश्न उठाएको छ।

संघीयता केवल अधिकार बाँडफाँटको संरचना होइन, विविध समुदायलाई एउटै राजनीतिक ढाँचाभित्र स्वामित्वको अनुभूति दिलाउने संयन्त्र पनि हो, तर यसको सफलता प्रभावकारी अन्तर-सरकारी समन्वयमा निर्भर हुन्छ। इतिहासकारका अनुसार नेपालमा मुस्लिम समुदायको उपस्थिति करिब ६००-७०० वर्ष पुरानो मानिन्छ। मल्लकाल (१५औं-१६औं शताब्दी) मा काश्मिरी र ल्हासाली व्यापारीहरू काठमाडौं उपत्यकामा बसोबास गर्न थाले भने राष्ट्रिय एकीकरणका क्रममा पृथ्वीनारायण शाहले हातहतियार निर्माण, सैन्य तालिम र संगीतका लागि मुस्लिम कालिगड तथा विशेषज्ञहरूलाई भित्र्याएका थिए। तराई क्षेत्रमा भने कृषि प्रणालीको विस्तारसँगै हिन्दु र मुस्लिम समुदाय शताब्दीयौंदेखि एउटै गाउँठाउँमा छिमेकीका रूपमा बसोबास गर्दै आएका छन्।

सुनसरी घटनामा तीनवटै तहका सरकारले संकट बढिसकेपछि नियन्त्रणमा सक्रियता देखाए, तर घटना हुनै नदिने, स्थानीय संकेत चिन्न सक्ने र सूचना आदानप्रदानलाई संस्थागत बनाउने पक्षमा कमजोरी देखियो भन्ने विश्लेषण छ। विभिन्न अध्ययनले पनि तीन तहका सरकारबिचको समन्वय, सहकार्य र सहयोगका मुख्य संयन्त्रहरू कमजोर रहेको र राजनीतिक तथा प्रशासनिक तहमा समन्वय प्रभावकारी नभएको देखाएको छ।

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको तह भएकाले टोल-टोलका साना विवाद, अफवाह, र धार्मिक ध्रुवीकरणका संकेत समयमै समात्नुपर्ने पहिलो जिम्मेवारी यही तहको हो भन्ने संघीयतासम्बन्धी विज्ञहरूको तर्क छ। स्थानीय सरकार, धार्मिक अगुवा, परम्परागत नेतृत्व र समुदायबिचको नियमित संवादले हिंसामा पुग्नुअघि नै तनाव पहिचान र मध्यस्थता गर्न मद्दत गर्छ। प्रदेश सरकारको भूमिका अझै कानुनी र कार्यकारी अस्पष्टताले कमजोर देखिन्छ। संघीय सरकारले कर्फ्यु, अतिरिक्त सुरक्षा बल र प्रशासनिक नियन्त्रणमार्फत तात्कालिक हिंसा रोक्न सक्ने क्षमता राख्छ, तर केवल प्रतिक्रियात्मक सुरक्षा संयन्त्र पर्याप्त हुँदैन।




विद्वेषपूर्ण सामग्री, अफवाह र डिजिटल उत्तेजनाबारे पूर्व-सूचना प्रणाली कमजोर हुँदा हिंसाको जोखिम बढ्छ किनकि विभिन्न डिजिटल प्लेटफर्ममा घृणात्मक भाषा धेरै अवस्थामा सद्भाव खलबलिनुको अग्र-संकेतक बन्ने देखिएको छ। विज्ञहरूका अनुसार संकट व्यवस्थापनमा एउटा थप पाठ के पनि हो भने ठालु स्तरको समाधान मात्र पर्याप्त हुँदैन। शान्ति प्रक्रिया प्रभावित समुदायसम्म नपुगे, पीडित र स्थानीय पक्षको माग नसुने वा केवल औपचारिक बैठकमै सीमित रहे दीर्घकालीन मेलमिलाप कमजोर रहन्छ।

दीर्घकालीन समाधानका लागि स्थानीय सद्भाव समिति, सामुदायिक प्रहरी साझेदारी, विद्यालयस्तरको सहिष्णुता शिक्षा र स्थानीय प्रमाणमा आधारित डिजिटल प्रतिवाद कार्यक्रम आवश्यक देखिन्छ। घृणात्मक अभिव्यक्ति नियन्त्रणमा केवल कानुनी कारबाहीले पुग्दैन; प्लेटफर्म नियमन, डिजिटल नागरिक शिक्षा र स्थानीय नागरिक क्षमताको संयुक्त मोडेल बढी प्रभावकारी देखिन्छ।

नेपालको ऐतिहासिक अनुभवले हिन्दु-मुस्लिम र हिन्दु-बौद्ध सम्बन्धमा विश्वास, परस्पर सम्मान र साझा सांस्कृतिक अभ्यास सामाजिक स्थिरताका आधार भएको देखाउँछ, तर पछिल्ला वर्षहरूमा पहिचान राजनीति र राजनीतिक संकटले केही क्षेत्रमा दरार बढाएको हो कि भन्ने संकेत देखिएको भन्दै कतिपयले चिन्ता व्यक्त गरेका छन्।

विश्लेषकका अनुसार सुनसरी घटना केवल एउटा जिल्लाको स्थानीय झडप होइन; यो नेपालको धार्मिक-सामाजिक सद्भाव, डिजिटल सुरक्षा, र संघीय समन्वय क्षमतामाथि आएको चेतावनी हो। दीर्घकालीन शान्तिका लागि स्थानीय तहले संवाद र मध्यस्थता, प्रदेशले स्पष्ट समन्वय र कार्यकारी तत्परता र संघले नीति, पूर्व-सूचना तथा साइबर निगरानीलाई एकीकृत रूपमा अघि बढाउनैपर्छ भन्ने सुरक्षाविद्हरू बताउँछन्। सुनसरी घटनामा तीनवटै तहका सरकारले संकट आइसकेपछि त्यसलाई नियन्त्रण गर्ने तदारुकता देखाए पनि घटना हुनै नदिने र पूर्वानुमान गर्ने मामिलामा भने अन्तर-सरकार समन्वयको ठुलो खाडल देखियो। घटनाका समयमा जिल्लाका मुख्य दुई सुरक्षा निकाय नै व्यावहारिक रूपमा नेतृत्वविहीन थिए भन्ने तथ्यले यो समन्वयहीनता अझ स्पष्ट पार्छ एक सरकारी अधिकारीले भने।

> सुनसरी घटनामा तीनवटै तहका सरकारले संकट बढिसकेपछि नियन्त्रणमा सक्रियता देखाए, तर घटना हुनै नदिने, स्थानीय संकेत चिन्न सक्ने र सूचना आदानप्रदानलाई संस्थागत बनाउने पक्षमा कमजोरी देखियो।

सुनसरीस्थित सशस्त्र प्रहरी गणका गणपति (एसपी) श्याम कार्की तस्करी नियन्त्रण प्रभावकारी नभएको भन्दै घटनाको दुई साताअघि नै काठमाडौं झिकाइएका थिए भने कोसी प्रदेश प्रहरी प्रमुख (डिआइजी) विनोद घिमिरे यही बेला बिदामा थिए, जसका कारण प्रदेशको सुरक्षा कमान्ड निमित्त अधिकारीमार्फत सञ्चालन भइरहेको थियो। यसले देखाउँछ कि उच्च सुरक्षा जोखिमको जिल्लामा समेत नेतृत्व निरन्तरता र आकस्मिक प्रतिस्थापन योजना कमजोर रहेछ।

विश्लेषकका अनुसार स्थानीय तह (गाउँपालिका तथा नगरपालिका) नागरिकको सबैभन्दा नजिकको सरकार हो, तर टोल-टोलमा भइरहेका ससाना विवाद र धार्मिक ध्रुवीकरणको सूक्ष्म अनुगमन गर्न स्थानीय सरकार चुक्यो। एक महिनासम्म सामान्य विवाद (झन्डा हटाउने) टुंगिन नसक्नु नै यसको प्रमाण हो। वडास्तरमै मध्यस्थताको संयन्त्र भइदिएको भए यो विवाद हिंसामा परिणत हुनुअघि नै सामान्य भइसक्थ्यो। घटना भड्किसकेपछि मात्र सर्वपक्षीय बैठक र सद्भावको अपिलमा सीमित हुनुभन्दा पूर्व-सतर्कता अपनाएर दुवै समुदायका धर्मगुरु र अगुवाहरूलाई निरन्तर संवादमा राख्नुपर्ने प्राथमिक दायित्व स्थानीय तहको थियो।

प्रदेश सरकारले शान्तिसुरक्षाको प्रत्यक्ष कमान्ड सम्हाल्नुभन्दा पनि केवल औपचारिक अनुगमन र समन्वयमा मात्र आफूलाई सीमित राख्नुपर्‍यो। घटनापछि मात्र कोसी प्रदेश प्रहरी कार्यालयले थप वरिष्ठ अधिकृतहरू सुनसरी पठाएर समन्वयमा खटाइयो।

संघीय सरकार (गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय) ले प्रजिअमार्फत कर्फ्यु लागु गर्ने र अतिरिक्त प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनासमेत परिचालन गरी स्थिति थप हिंसात्मक हुन नदिन भूमिका खेल्यो, तर राष्ट्रिय अनुसन्धान विभाग र गृह मन्त्रालयको गुप्तचर संयन्त्रले सामाजिक सञ्जाल र स्थानीय स्तरमा बढ्दै गएको विद्वेषबारे समयमै पूर्वसूचना पाउन नसक्नु संघको मुख्य कमजोरी रह्यो। घटनापछि पनि सामाजिक सञ्जालमा सद्भावमा खलल पुर्‍याउने सामग्री सम्प्रेषण भइरहँदा त्यसको तत्काल अनुगमन र कारबाहीमा सुरक्षा संयन्त्र ढिलो देखियो। नेपाल प्रहरीले गलत सूचना र अफवाह नियन्त्रणका लागि छुट्टै टोली खटाएको दाबी गरे पनि यो प्रतिक्रिया घटना भइसकेपछि मात्र आएको थियो। धार्मिक तथा जातीय रूपमा संवेदनशील मानिने तराई/मधेस र सहरी क्षेत्रहरूमा भविष्यमा यस्ता घटना दोहोरिन नदिन तीनवटै तहका सरकारले एकीकृत रणनीति अपनाउन अत्यावश्यक रहेको विज्ञहरूको भनाइ छ। यस्ता कुरा भविष्यमा आउन नदिन वडा र पालिकास्तरमै सबै धर्म, जातजाति र समुदायका प्रतिनिधिसम्मिलित स्थायी 'सामाजिक सद्भाव समिति' गठन गरिनुपर्छ। प्रहरी र समुदायबिचको सहकार्यलाई केवल औपचारिकतामा नराखी सुदृढ बनाउनुपर्छ।

विश्लेषकका अनुसार शैक्षिक संस्था, स्थानीय क्लब र नागरिक समाजमार्फत बहुसांस्कृतिक सहिष्णुतासम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनुपर्छ। विभिन्न पर्व र उत्सवहरूमा संयुक्त सहभागिता र सांस्कृतिक आदानप्रदानलाई प्रोत्साहन दिनुपर्छ। दीर्घकालीन रूपमा शान्ति र सद्भाव कायम राख्न स्थानीय तहले नागरिकसँगको संवाद, प्रदेशले द्रूत समन्वय र संघले बलियो नीति, नेतृत्व निरन्तरता तथा साइबर निगरानीलाई एकसाथ अगाडि बढाउनुको विकल्प छैन। संघीयताको वास्तविक सफलता संकटका बेला तीनवटै तहले देखाउने एकीकृत र प्रभावकारी भूमिकामै निर्भर हुन्छ।

सुनसरीको देवानगञ्ज गाउँपालिका- ३ कप्तानगन्जमा साउन ११ को राति दुइ समुदायबिच भएको झडपबाट सुरु भएको तनाव हरिनगर, इनरुवालगायत जिल्लाभरि र त्यसपछि छिमेकी जिल्लासम्म फैलिँदा नेपालको सामाजिक अवस्था कति संवेदनशील बन्दै गएको छ भन्ने देखिनुको कारण नै तीन तहको सरकारको कमजोरी हो। घटनाको तात्कालिक कारण एउटा सानो र स्थानीय स्तरमै समाधान हुन सक्ने विवाद थियो। मोहर्रमको अवसरमा मातम खेल्ने ठाउँमा राखिएको झन्डा पर्व सकिएको एक महिनापछि पनि नहटाइएकाले अर्को समुदायले हटाउन आग्रह गर्दै आएको थियो। यही सामान्य विवादले रात छिप्पिँदै जाँदा उग्र रूप लिएको देखिन्छ। घटना साम्य पार्न सुरक्षा निकाय र स्थानीय प्रशासनले कडा कदम चाले पनि यसले नेपालको विविधताभित्रको एकता र तीन तहको संघीय शासन व्यवस्थाको कार्यकुशलतामाथि गम्भीर प्रश्न उब्जाएको छ।

# स्तनपानले शिशु र आमा स्वस्थ

**पवित्रा सुनार**

*काठमाडौं, साउन १८*

जन्मिएको एक घन्टादेखि दुई वर्षसम्म नियमित रूपमा स्तनपान गरेका बालबालिका र आमा दुवैको स्वास्थ्य राम्रो हुने परिवार कल्याण महाशाखा पोषण शाखाले सुझाएको छ। विश्व स्तनपान सप्ताहका अवसरमा पोषण शाखाले हरेक आमाले शिशु जन्मिएको एक घन्टाभित्र स्तनपान गराउन सुझाएको छ। यो वर्ष 'दिगो जीवनको स्वस्थ सुरुवात, प्रभावकारी स्तनपानका लागि हामी सबैको साथ' भन्ने नाराका साथ विश्व स्तनपान सप्ताह मनाइँदै छ।

पोषण शाखाका अनुसार जन्मिएको एक घन्टाभित्र आमाको दुध (बिगौती) मा अधिक रोगप्रतिरोधात्मक तत्त्व हुने भएकाले शिशुलाई स्तनपान गराउनैपर्छ। बिगौती दुधमा इम्युनोग्लोविन (संक्रमणबाट बचाउने तत्त्व), भिटामिन ए (आँखा, छाला र प्रतिरक्षा प्रणालीका लागि लाभदायक तत्त्व) र भिटामिन के, जिंक, खनिज, ल्याक्टोफेरिन (ब्याक्टेरियाविरुद्ध लड्ने तत्त्व) हुन्छ। बिगौती दुधले शिशुलाई संक्रमणबाट बचाउन, आन्द्रा स्वस्थ राख्न, पोषकतत्त्व राम्रोसँग सोस्न र प्रतिरक्षा प्रणाली बलियो बनाउन सहयोग पुर्‍याउँछ। यसका साथै स्तनपान गर्दा शिशुमा सुरक्षाको अनुभूति हुँदा मानसिक तथा शारीरिक विकास राम्रोसँग हुने र कुपोषण हुनबाट बचाउने गर्छ।

शिशु जन्मिएको ६ महिनासम्म आमाको मात्र दुध खुवाउने र ६ महिनापछि दुई वर्षसम्म आमाको दुधका साथै बहुपोषणयुक्त ठोस आहार सेवन गराउन सुझाइएको छ। स्तनपानले शिशुलाई मात्र नभई आमाको स्वास्थ्यमा पनि लाभ पुग्ने परिवार कल्याण महाशाखा पोषण शाखाका प्रमुख लीलाविक्रम थापा बताउँछन्। उनका अनुसार शिशु जन्मिनेबित्तिकै स्तनपान गराउँदा सुत्केरीलाई रक्तस्राव हुन नदिने, सुत्केरीपछि पाठेघर सामान्य अवस्थामा फर्कने र बच्चाप्रतिको सम्बन्ध प्रगाढ हुन्छ।

विश्व स्वास्थ्य संगठनका अनुसार जन्मिएको एक घन्टाभित्रै स्तनपान गरेमा ३३ प्रतिशत नवजात शिशुलाई मृत्युबाट बचाउन सकिन्छ। नेपाल बहुसूचक सर्वेक्षण २०२५ का अनुसार नेपालमा जन्मिएको एक घन्टाभित्र स्तनपान गर्नेको संख्या ३८.४ प्रतिशत सुत्केरीले स्तनपान गराउँछन् भने पूर्ण स्तनपान गराउने आमाको संख्या ६९.७ प्रतिशत छ। नेपाल जनसांख्यिक सर्वेक्षण २०२२ अनुसार २५ प्रतिशत कुपोषणको समस्या छ। ५६ प्रतिशतले पूर्ण स्तनपान गर्छन्। शिशु जन्मिएको एक घन्टाभित्र ५५ प्रतिशत र दुई वर्षसम्म स्तनपान गराउने ७४ प्रतिशत आमा छन्। सबैभन्दा बढी कर्णाली र सुदूरपश्चिममा ७४ प्रतिशत आमाले पूर्ण स्तनपान गराएका छन् भने लुम्बिनीमा सबैभन्दा कम ३६ प्रतिशतले स्तनपान गराउने गरेका छन्।

पाँच वर्षमुनिका ४५ प्रतिशत बालबालिकाको मृत्युको कारण कुपोषण र कुपोषणको न्यूनीकरण स्तनपानबाट मात्र सम्भव भएको तथ्यांक छ। नेपालमा विद्यमान अपूर्ण स्तनपान समस्या निर्मूल गर्न सरकारले 'स्तपानकक्ष तथा स्तनपान सञ्चालन कार्यविधि २०८० ' जारी गरी विभिन्न सरकारी तथा निजी सार्वजनिक कार्यालयमा स्तनपान कक्ष निर्माण भइरहेको छ। यसका साथै ६५ भन्दा बढी अस्पतालमा स्तनपान कक्ष स्थापना भइसकेको छ। जन्मिनेबित्तिकै आमाको स्तनपान गर्न नपाएका शिशुका लागि अस्पतालहरूमा मिल्न बैंक स्थापना, प्रसूति सेवा दिँदा स्तनपान परामर्शदाताको व्यवस्था गरी सरकारले स्तनपानलाई प्राथमिकता दिएको शाखाले जनाएको छ।

# दुवै खुट्टा गुमाएकी नानीको सारंगी धुन सुनेपछि...

**कृष्ण किसी**

*काठमाडौं, साउन १८*

उचित अवसर र सिप पाए अनाथ, विपन्न वा अपांगता भएका बालबालिका पनि समाजका सक्षम कलाकार र सांस्कृतिक सम्पदाका संवाहक बन्न सक्छन्। यही सन्देश दिँदै सबैको ध्यान आकर्षित गरेकी थिइन् दुवै खुटा गुमाएकी समीक्षा अधिकारीले।

उनले सारंगीबाट निकालेको धुनले फरक कथा सुनाइरहेको थियो– अभावको होइन, सम्भावनाको; कमजोरीको होइन, आत्मविश्वासको। उनले सारंगीको धुनमार्फत सबैलाई सम्झाइन्- जीवनलाई अगाडि बढाउने शक्ति खुट्टामा होइन, मनमा हुन्छ। सीमितता शरीरमा हुन सक्छ, सपना र प्रतिभामा होइन।

उनले केही वर्षअघिसम्म संगीत सिक्ने अवसर पाएकी थिइनन्, तर अहिले उनी नेपाली मौलिक वाद्ययन्त्र सारंगी बजाउँदै व्यावसायिक मञ्चमै आफ्नो प्रतिभा प्रस्तुत गर्न सक्षम भएकी छन्। उनलाई ताइवानस्थित जुजु मामा बाल शिक्षा तथा स्याहार संघको सहयोगमा डिलाइट नेपालले सहयोग गरेको थियो। नेपालका अनाथ, विपन्न तथा अपांगता भएका बालबालिकालाई निःशुल्क संगीत शिक्षा प्रदान गर्दै आएको यो संस्थाबाट समीक्षाले पनि संगीत सिक्ने अवसर पाइन्। हाल सातवटा अनाथालयमा संगीत शिक्षकको व्यवस्था, वाद्ययन्त्र, शैक्षिक सामग्री, यातायात खर्चदेखि सम्पूर्ण प्रशिक्षण व्यवस्थापन संस्थाले गर्दै आएको जनाएको छ।

राजधानीमा आयोजित एक कार्यक्रममा उनले सांगीतिक प्रस्तुति दिइरहँदा सभाहलमा एकाएक सन्नाटा छायो। मञ्चको बिचमा एउटी सानी नानी, त्यसमा पनि दुवै खुट्टा नभएकीले सारंगी बजाउँदा सभाहलभरि नेपाली लोकधुन गुन्जिन थाल्यो। यस बिचमा समीक्षाको अनुहारमा कुनै निराशा थिएन, बरु दृढ आत्मविश्वास झल्किरहेको थियो। उनले आफ्नो काखमा सारंगी अड्याइन् र धनुष तानेर सारंगीको मधुर धुन बजाएसँगै धेरै दर्शकका आँखा मञ्चमा टक्क अडिए। केही क्षणअघि हलभरि गफिइरहेकाहरू पनि निस्तब्ध देखिन्थे। त्यो बेला धेरैलाई लागेको थियो- यो एउटा सांगीतिक प्रस्तुति थिएन, जीवनसँग हार नमानेको एउटा बालिकाको मौन घोषणा थियो। शारीरिक रूपमा दुवै खुटा गुमाए पनि उनको आत्मबल र संगीतप्रतिको समर्पणले उपस्थित सबैलाई भावुक बनाएको थियो।

संगीत प्रस्तुतिमा उनी एक्लै छैनन्। उनीजस्तै अनाथ, विपन्न तथा अपांगता अन्य बालबालिकाले पनि प्रस्तुति दिन सक्छन्। उनीहरूको यही परिवर्तनको यात्रालाई सार्वजनिक



गर्ने उद्देश्यले राजधानीमा 'डिलाइट-२०२६' सातौं परोपकारी सांगीतिक कार्यक्रम आयोजना गरिएको थियो। जुजु मामा बाल शिक्षा तथा स्याहार संघकी संस्थापक तथा कार्यकारी निर्देशक ज्वेल चियाङले नेपाली मौलिक संगीत संरक्षणसँगै बालबालिकाको जीवन परिवर्तन गर्नु नै अभियानको मुख्य उद्देश्य भएको बताइन्। हामी बालबालिकालाई केवल संगीत सिकाइरहेका छैनौं, उनीहरूलाई आत्मविश्वास, अनुशासन, सिप र सम्मानका साथ बाँच्ने आधार निर्माण गरिरहेका छौं', उनले भनिन्। समाजले उनीहरूलाई अनाथ वा विपन्न भनेर होइन, सक्षम कलाकार र नेपालको सांस्कृतिक सम्पदाका संवाहकका रूपमा चिनोस् भन्ने आफ्नो चाहना रहेको उनको भनाइ थियो। उनका अनुसार सारंगी नेपालको मौलिक सांस्कृतिक पहिचान भएकाले नयाँ पुस्तामार्फत यसको संरक्षण आवश्यक छ।

कार्यक्रमको मुख्य उद्देश्य उनीहरूको प्रतिभा विकास, आत्मनिर्भरता र आत्मविश्वास अभिवृद्धि गर्नुका साथै नेपाली मौलिक संगीतको संरक्षणमा नयाँ पुस्तालाई जोड्नु रहेको आयोजकले जनाएको छ। आयोजकका अनुसार यस्ता कार्यक्रमले बालबालिकालाई व्यावसायिक मञ्चमा उभिएर आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर मात्र होइन, भविष्यमा संगीतलाई नै आफ्नो पेसा बनाउने प्रेरणा पनि दिन्छ। संस्थाले आगामी दिनमा सार्वजनिक तथा निजी विद्यालयमा सारंगी शिक्षा विस्तार, विद्यालयस्तरीय सारंगी समूह गठन तथा राष्ट्रियस्तरको सारंगी प्रतियोगिता आयोजना गर्ने योजना पनि अघि सारेको जनाएको छ।

# नियमावलीविरुद्ध शिक्षक महासंघ आन्दोलनमा

**रुबी रौनियार**

*काठमाडौं, साउन १८*

सरकारले शिक्षा नियमावली दशौं संशोधन गरी शिक्षक सरुवालाई जटिल बनाएको भन्दै शिक्षक महासंघले आन्दोलनको घोषणा गरेको छ। दशौं संशोधित शिक्षा नियमावलीको शिक्षक सरुवासम्बन्धी नयाँ व्यवस्थाले अबका युवाहरूलाई शिक्षण पेसाप्रति नै वितृष्णा बढाउने भन्दै महासंघले आन्दोलनकै घोषणा गरेको महासंघ उपमहासचिव रामप्रसाद ढकालले बताए।

महासंघको साउन १६ र साउन १७ गते बसेको तेस्रो परिषद् बैठकले संशोधित नियमावलीको शिक्षक सरुवाबारेको व्यवस्था खारेजी नगरेसम्म चरणबद्ध आन्दोलन भदौ ५ बाट गर्ने निर्णय गरेको उपमहासचिव ढकाल बताउँछन्। साथै उनले सरकार र महासंघबिच सम्झौता भएअनुसार विद्यालय शिक्षाको गुणस्तरीय व्यवस्थापन र संघीयताअनुसारको शिक्षा व्यवस्थापन गर्न संघीय शिक्षा ऐन अझै आउन नसकी पेचिलो बन्दै गएकोमा आपत्ति जनाए। 'संशोधित नियमावलीमा गरिएको व्यवस्थाअनुसार स्थायी भएको तीन वर्ष नपुगेसम्म शिक्षक सरुवामा रोक लगाएको छ', उपमहासचिव ढकालले नागरिकसँग भने, 'यसले युवा पुस्तामा शिक्षण पेसाप्रति नै वितृष्णा बढाउँछ। अबका युवा यस्तो व्यवस्थाले शिक्षण पेसामा आउँदैनन्।' स्थायी भएको तीन वर्ष नपुगेसम्म सरुवा हुन नपाइने व्यवस्था तुरुन्तै खारेजी नगरेसम्म महासंघ सडक आन्दोलनमा जाने उनको भनाइ छ।

यसैगरी विद्यालय कर्मचारी, बालविकास सहजकर्ता र संघीय शिक्षण अनुदान कार्यरत शिक्षकको तलब वृद्धि नभएमा र विगतका सहमतिबमोजिम संघीय शिक्षा ऐन जारी नगरेमा आगामी भदौ ५ देखि आन्दोलन गर्ने निर्णय नेपाल शिक्षक महासंघको साउन १६ र १७ गते बसेको तेस्रो राष्ट्रिय परिषद् बैठकले गरेको उनले जनाए।

शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाका अनुसार शिक्षा (दशौं संशोधन) नियमावली २०८३ ले विद्यालय शिक्षालाई अब औपचारिक रूपमा दुई तहमा सीमित गरेको छ। यसले विद्यालयको तहगत वर्गीकरण संविधानसँग मेल खाने बनाएको छ। यससँगै भविष्यमा तयार हुने विद्यालय शिक्षा ऐन, शिक्षक व्यवस्थापन प्रणाली, विद्यालय प्रशासन तथा पाठ्यक्रम विकाससमेत यही दुई तहका आधारमा अघि बढ्ने कानुनी मार्ग खुलेको छ।

मन्त्रालयले शिक्षा (दशौं संशोधन) नियमावली, २०८३ संशोधन गरी विद्यालय शिक्षालाई आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) गरी दुई तहमा मात्र सञ्चालन गर्ने कानुनी आधार तयार गरेको छ। यससँगै दशकौंदेखि प्रयोगमा रहेको प्राथमिक (कक्षा १-५) र निम्न माध्यमिक (कक्षा ६-८) तह र कक्षा ९ र १० माध्यमिकका साथै कक्षा ११ र १२ को उच्च माध्यमिक गरी चार तहको विद्यालय तहको छुट्टै कानुनी व्यवस्था अन्त्य भएको छ। नेपालको संविधान २०७२ ले विद्यालय शिक्षालाई दुई तहमा वर्गीकरण गरे पनि शिक्षा ऐन र नियमावलीमा रहेको पुरानो संरचनाका कारण व्यवहारमा चार तहकै प्रणाली कायम थियो। नयाँ संशोधनले यही कानुनी असंगतिलाई हटाएको मन्त्रालयको दाबी छ।

> स्थायी भएको तीन वर्ष नपुगेसम्म सरुवा हुन नपाइने व्यवस्था तुरुन्तै खारेजी नगरेसम्म महासंघ सडक आन्दोलनमा जानेछ।

शिक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता शिव सापकोटाका अनुसार शिक्षा नियमावलीको संशोधन केवल विद्यालय तहको नाम परिवर्तनमा सीमित छैन। यसले शिक्षक नियुक्ति, पदस्थापन, सरुवा, विद्यालय व्यवस्थापन, पाठ्यक्रम विकास, शैक्षिक प्रशासन तथा आगामी विद्यालय शिक्षा ऐनको कार्यान्वयनसम्म दीर्घकालीन प्रभाव पार्ने देखिएको छ। 'मन्त्रालयले विद्यालय शिक्षा सुधारतर्फको महत्त्वपूर्ण कानुनी कदमका रूपमा शिक्षा नियमावली दशौं संशोधन गरी कार्यान्वयनमा ल्याएको छ', प्रवक्ता सापकोटाले नागरिकसँग भने, 'उच्च माध्यमिक शिक्षा परिषद् खारेज भएपछि कक्षा ११ र १२ विद्यालय शिक्षामै समावेश भए, तर यो तहको शिक्षक व्यवस्थापन, सेवा सर्त, दरबन्दी तथा प्रशासनिक संरचना भने प्रावि, निमावि र मावि तहकै आधारमा सञ्चालन हुँदै आएको थियो।'

उनका अनुसार शिक्षक सेवा आयोगको विज्ञापनदेखि बढुवा, सरुवा र तालिमसमेत यही संरचनाअनुसार हुने गरेको थियो। अब नियमावली आइसकेपछि यहीअनुसार विद्यालय शिक्षा ऐनमा व्यवस्था हुने छ। शिक्षक सेवा आयोग पनि आगामी दिनमा दुई तहकै विद्यालय संरचनाअनुसार शिक्षक विज्ञापनदेखि बढुवा, सरुवा, तालिमलगायतका व्यवस्थापन हुन्छ।

प्रवक्ता सापकोटाले संविधानले नेपालको संविधान २०७२ को धारा ३१ ले विद्यालय शिक्षालाई दुई तहमा विभाजन गरेको अवगत गराउँदै त्यहीअनुसारको अब विद्यालय संरचना हुने बताए। आधारभुत शिक्षा कक्षा १-८ र माध्यमिक शिक्षा कक्षा ९-१२ को अबको विद्यालय संरचना कानुनी रूपमा स्थापित भयो। संविधान लागु भएको करिब एक दशक बितिसक्दा पनि शिक्षा नियमावली पुरानै ढाँचामा सञ्चालन भइरहेकाले कानुनी अन्योल उत्पन्न हुँदै आएको थियो। स्थानीय तहले विद्यालय सञ्चालन गर्दा पनि संविधान र नियमावलीबिच फरक व्याख्या हुने अवस्था देखिएको थियो।

दशौं संशोधनले विद्यालय तह पुनर्संरचनासँगै गरी शिक्षा क्षेत्रमा सकरात्मक भूमिका खेले पनि शिक्षक सरुवाको सवाल जटिल बनाएको नेपाल शिक्षक महासंघका महासचिव तुलाबहादुर थापाको विश्लेषण छ। महासचिव थापाका अनुसार संशोधित नियमावलीले एउटा विद्यालयमा स्थायी शिक्षक तीन महिनाभन्दा बढी बस्न नपाइने व्यवस्थाले सामुदायिक शिक्षा सिध्याउने प्रपञ्चमा सरकार लागेको आरोप लगाए। 'नियमावलीले विद्यालय संरचना दुई तहको बनायो, तर शिक्षक सरुवामा जटिलता ल्याइदियो', महासचिव थापाले नागरिकसँग भने, 'यसले विद्यालयको आवश्यकताअनुसार सरुवा नहुने भएपछि सामुदायिक विद्यालय ध्वस्त हुने नियमावली आएकोमा हाम्रो विरोध हो।'

नियमावलीले दुई तहको विद्यालय संरचना बनायो तर शिक्षक सेवा आयोग पुरानै नियमावलीअनुसार चलेकाले शिक्षक व्यवस्थापन नै चुनौती बनेको उनको ठहर छ। 'शिक्षक महासंघसँग र सरकारबिचको सहमतिअनुसार सरकारले ०८२ वैशाख १७ गते मन्त्रीपरिषद्ले गरेको नौबुँदे सहमति कार्यान्वयन गराउन हाम्रो अर्को माग हो', महासचिव थापाले नागरिकसँग भने, 'बजेटमा राज्यले वृद्धि गरेको १० प्रतिशत बढी तलब बालविकास, विद्यालय कर्मचारी र संघीय शिक्षण सिकाइ अनुदानका शिक्षकको हकमा कार्यान्वयन गरेको छैन।'

# ग्लोबल मिडिया सम्मेलन सम्पन्न

जापान, साउन १८ (नागरिक)- नेपाल पत्रकार महासंघ (एफएनजे) को समन्वय तथा जापान शाखाको आयोजनामा एफएनजे ग्लोबल मिडिया सम्मेलन जापान- २०२६ नौबुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। सम्मेलनले प्रेस स्वतन्त्रताको संरक्षण, श्रमजीवी पत्रकारको अधिकार कार्यान्वयन, कृत्रिम बुद्धिमत्ता (एआई) को नियमन तथा प्रवास पत्रकारिताको संस्थागत सुदृढीकरणलाई केन्द्रमा राख्दै नौबुँदे 'टोकियो घोषणा- २०२६' जारी गरेको हो।

नेपाल-जापान कूटनीतिक सम्बन्धको ७०औं वर्षगाँठका अवसरमा जुलाई २५ मा टोकियोमा आयोजित सम्मेलनमा नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्माको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा महासंघका केन्द्रीय पदाधिकारी, प्रदेश अध्यक्ष, जिल्ला शाखाका प्रतिनिधि, विभिन्न वैदेशिक शाखाका प्रतिनिधि, सञ्चारकर्मी तथा नागरिक समाजका प्रतिनिधिको उल्लेखनीय सहभागिता थियो।

घोषणापत्रले नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि प्रत्यक्ष वा परोक्ष रूपमा अंकुश लगाउने कुनै पनि प्रयासप्रति गम्भीर चिन्ता व्यक्त गर्दै संविधान, अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि तथा लोकतान्त्रिक मूल्य-मान्यताअनुरूप प्रेसमैत्री वातावरण सुनिश्चित गर्न सरकारसँग आग्रह गरेको छ। सञ्चारसम्बन्धी कानुन निर्माण वा संशोधन गर्दा सरोकारवालासँग पर्याप्त परामर्श गर्नुपर्ने आवश्यकता पनि औंल्याइएको छ। सम्मेलनले श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, बिमा, नियुक्तिपत्र तथा अन्य श्रमिक अधिकार सुनिश्चित गर्न सञ्चारगृह र सरकार दुवैलाई जिम्मेवार बन्न आग्रह गरेको छ।

यस्तै, विश्वभर रहेका वैदेशिक शाखाहरूको प्रभावकारी समन्वयका लागि महासंघको संगठनात्मक पुनर्संरचना आवश्यक रहेको निष्कर्ष निकाल्दै वैदेशिक प्रदेश वा महादेशगत संरचना निर्माण गरी केन्द्रीय समितिमा वैदेशिक शाखाको प्रतिनिधित्व सुनिश्चित गर्ने पहल गर्ने निर्णय गरिएको छ।

हामी कहिल्यै पनि हाम्रा आँसुका लागि लज्जित हुनु आवश्यक छैन।
– चार्ल्स डिकेन्स

# सम्मान, सहअस्तित्व र समानता

विविधतामा एकता नै नेपाली समाजको सदियौंदेखिको वास्तविक चिनारी हो। हिमालदेखि तराई-मधेससम्म, पूर्वदेखि पश्चिमसम्म फैलिएको यो देश अनेकौं जाति, भाषा, धर्म, संस्कृति र परम्पराको साझा फूलबारी हो। यही विविधताको सुन्दर समन्वयले नेपाली संस्कृति निर्माण गरेको छ। यही विशेषताले नेपाललाई विश्व समुदायमा विशिष्ट पहिचान दिएको छ। त्यसैले कुनै एक स्थानमा देखिएको सांस्कृतिक वा धार्मिक विचलनलाई सम्पूर्ण समाजको चरित्रका रूपमा व्याख्या गर्नु न्यायोचित एवं राष्ट्रहितमा हुँदैन। नेपाली समाज विभाजनको होइन, सहअस्तित्व र सद्भावको आधारमा अगाडि बढ्नु हो।

संस्कृति केवल चाडपर्व, भेषभूषा वा परम्पराको संग्रह मात्र होइन, यो हाम्रो परिचय हो, पहिचान हो र सामूहिक अनुभूति पनि हो। हामी कसरी बोल्छौं, कसरी सोच्छौं र कसरी बाँच्छौं भन्ने कुरा संस्कृतिले निर्धारण गर्छ। त्यसैले संस्कृति जीवित रहनु भनेको हाम्रा सांस्कृतिक मूल्यहरू जीवित रहनु हो। दसैं, तिहार, तिज, बुद्ध पूर्णिमा, छठ, इद, उधौली, उभौली, ल्होसार, गौरा, माघी, सिरुवा, क्रिसमसलगायतका सबै पर्व नेपाली संस्कृतिका साझा सम्पदा हुन्। यी पर्व कुनै एक समुदायका मात्र होइनन्, समग्र नेपाली समाजका सांस्कृतिक सम्पत्ति हुन्। यिनको संरक्षण र सम्मान गर्नु नै नेपाली राष्ट्रिय एकताको जगलाई थप बलियो बनाउनु हो। संस्कृतिका नाममा हुने विभेद, बहिष्कार वा असमान व्यवहार संस्कृति होइन, विकृति हो। लिंग, वर्ग, रङ, भूगोल, जाति वा धर्मका आधारमा हुने कुनै पनि भेदभावले संस्कृतिलाई समृद्ध बनाउँदैन। नेपालको संविधानले समानता, धार्मिक स्वतन्त्रता, सामाजिक न्याय र समावेशी लोकतन्त्रलाई सुनिश्चित गर्दै यस्ता विभेदको अन्त्य गर्ने स्पष्ट मार्गनिर्देशन गरेको छ। त्यसैले संस्कृतिको संरक्षणसँगै त्यसभित्र रहेका विभेदकारी अभ्यासहरूको सुधार पनि समान रूपमा आवश्यक छ। न्यायपूर्ण समाजको निर्माण त्यतिबेला मात्र सम्भव हुन्छ, जब संस्कृति मानव मर्यादा र समानताको पक्षमा उभिन्छ।

वास्तवमा कुनै पनि धर्मले मानिसलाई विभाजन गर्न सिकाउँदैन। सबै धर्मले प्रेम, करुणा, सहिष्णुता र मानवताको सन्देश दिन्छन्। विभेद धर्म र संस्कृतिको नाममा सीमित मानिसभित्र हुने संकीर्ण सोचले जन्माउँछ। त्यसैले एउटा धर्म वा संस्कृतिलाई दोष दिएर अर्को धर्म वा संस्कृतिलाई माथि उठाउने प्रयास नेपाली समाजको मौलिक चरित्रसँग मेल खाँदैन। हाम्रो सभ्यता परस्पर सम्मानता, सहअस्तित्व र विविधताको स्वीकारमा आधारित छ। यही विशेषता नै नेपालको सांस्कृतिक शक्ति हो। आजको विश्वले पनि यही सन्देश दिन्छ। हामी बाँचेको पृथ्वी साझा छ, हाम्रा भावना साझा छन् र अन्ततः हाम्रो मानवता पनि साझा छ। विश्वव्यापीकरणको युगमा समाजहरू झन् बढी अन्तरसम्बन्धित हुँदै गएका छन्। यस्तो अवस्थामा जातीय, धार्मिक वा सांस्कृतिक संकीर्णताले कुनै पनि समाजलाई समृद्ध बनाउन सक्दैन। नेपाली समाजले पनि यही मान्यतालाई व्यवहारमा उतार्न सक्नुपर्छ।

> कुनै पनि धर्मले मानिसलाई विभाजन गर्न सिकाउँदैन। सबै धर्मले प्रेम, करुणा, सहिष्णुता र मानवताको सन्देश दिन्छन्। विभेद धर्म र संस्कृतिको नाममा सीमित मानिसभित्र हुने संकीर्ण सोचले जन्माउँछ।

यसको प्रेरणादायी उदाहरण नेपालगन्ज उपमहानगरपालिका-११ इदगाह रोडमा बसोबास गर्ने हिन्दु परिवारकी पदमा श्रेष्ठ र मुस्लिम समुदायका रिजाउल मुस्तफा मन्जरीको अन्तरधार्मिक विवाहलाई लिन सकिन्छ। २०६९ फागुनमा सम्पन्न भएको यो विवाह केवल दुई व्यक्तिको सम्बन्ध मात्र थिएन, धार्मिक-सांस्कृतिक सहिष्णुता र सामाजिक सद्भावको सशक्त सन्देश पनि थियो। उनीहरूले तीन वर्षसम्म एकअर्काको धर्म र संस्कृतिलाई बुझ्ने प्रयास गरे, परिवारको विश्वास जिते र समाजको सम्मान गर्दै सम्बन्धलाई विवाहमा परिणत गरे। उनीहरू समाजबाट भागेर होइन, समाजलाई नै साक्षी राखेर विधिवत् मागी विवाहमा बाँधिए। यस घटनाले दिएको सन्देश स्पष्ट छ- समझदारी, संवाद र सम्मानका माध्यमबाट फरक धार्मिक तथा सांस्कृतिक समुदायबिच पनि बलियो सम्बन्ध निर्माण गर्न सकिन्छ।

यही दृष्टान्तलाई आजको उत्तरआधुनिक समाजले मार्गदर्शनका रूपमा लिन आवश्यक छ। समाज अब कुनै एक जाति, भाषा वा धर्मको केन्द्रमा होइन, सबैको समान सहभागिता र सम्मानको आधारमा अघि बढ्नुपर्छ। समावेशी समाज भनेको केवल कानुनी व्यवस्था होइन, व्यवहारमा पनि सबै समुदायले समान अपनत्व महसुस गर्ने वातावरण हो। त्यसका लागि शिक्षा, सञ्चार, राजनीतिक नेतृत्व र नागरिक समाज सबैले सहिष्णुता र सद्भावको संस्कृतिलाई प्रवर्धन गर्नु आवश्यक छ। भर्खरै सुनसरीको देवानगन्ज गाउँपालिका-३ स्थित कप्तानगन्जमा केही देखिएको धार्मिक-सांस्कृतिक विचलन सद्भाव भत्काउने विकृति थियो, जुन अब शान्तितर्फ उन्मुख भएको छ। कुनै पनि विवादको समाधान संवाद, संयम र कानुनी प्रक्रियाबाट खोजिनु नै सभ्य समाजको पहिचान हो। हामी सबैभन्दा पहिला मान्छे हौं अनि नेपाली हौं। हाम्रो राष्ट्रिय पहिचान कुनै एक जाति, भाषा वा धर्मले निर्धारण गर्दैन, ती सबैको साझा योगदानले निर्माण गर्छ। यही विविधतामा एकताको भावना नै नेपालको सबैभन्दा ठुलो सम्पत्ति हो। त्यसैले कुनै पनि प्रकारको धार्मिक वा सांस्कृतिक असहिष्णुतालाई स्थान नदिई परस्पर सम्मान, समानता र सहअस्तित्वलाई राष्ट्रिय संस्कृतिका रूपमा स्थापित गर्नु आजको आवश्यकता हो। विविधतामा एकता केवल नारामा सीमित नभई व्यवहारमा पनि प्रतिविम्बित हुन सके मात्रै नेपाली समाज अझ सुन्दर, सभ्य र समुन्नत बन्नेछ। यही मार्गले राष्ट्रिय एकता बलियो हुनेछ र नेपालको भविष्य सुरक्षित र समृद्ध बन्नेछ।



डा. सुभाष पोखरेल

# नवप्रवर्तनको कार्यदिशा

**झट्ट हेर्दा नवप्रवर्धनका लागि धेरै पैसाको खाँचो पर्ला भन्ने लाग्न सक्छ तर यथार्थमा यसका लागि ठुलो लगानीको आवश्यकता हुँदैन, नवीन सोच भने अत्यावश्यक हुन्छ । कतिपय नवीनताको अवसर गाउँकै अनुभव र यन्त्रबाट समेत सम्भव छ । प्रतिफलको सम्भाव्य देखिएको खण्डमा नवप्रवर्तनका लागि लगानी समस्याको विषय होइन ।**




मन्त्रालयको संख्या घटाउने प्रतिबद्धतासहित सरकारमा गएका बालेन्द्र शाहले विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय मात्र थपेनन्, बरु पर्याप्त बजेटसहितको निकाय विज्ञान, प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा दशकौंदेखि काम गरेका वैज्ञानिक महावीर पुनलाई सुम्पिए। विगतमा सत्ता बाँडफाँडको भाग पुऱ्याउन खडा गरिने विज्ञान मन्त्रालय यस पटक अधिकारसम्पन्न देखियो। राम्रै बजेट अनि उपयुक्त पात्रले हाक्ने मन्त्रालयले असल नै गर्ला भन्ने आशा राखौं। यो लेखको उद्देश्य विज्ञान र प्रविधिको चर्चा गर्नुभन्दा माटो सुहाउँदो प्रवर्तनको उत्खनन हो।

विज्ञानले ज्ञानको भण्डार खोल्छ। नवीन आविष्कारका लागि वर्षौंको मेहनत अनि जटिल उत्खननको जरुरत पर्छ। फिजिक्स, केमेस्ट्री अनि बायोलोजीका प्रयोगशालामा गरिने क्लिष्ट परीक्षण विज्ञान हो। र, विज्ञानका सफलतालाई अनुभव गर्न सकिने उपकरणमार्फत सुसूचित गर्छ प्रविधिले। अनि विज्ञान र प्रविधिले देखाएका विकासलाई मानव उपयोगी साबित गर्ने काम नवप्रवर्तकको हो। नवप्रवर्तनले जनतालाई प्रत्यक्ष फाइदा दिन्छ।

विज्ञान, प्रविधि र नवप्रवर्तन बुझ्न घरमा जडान भएको सोलारलाई हेरौं। झन्डै दुई सय वर्षअघि सूर्यकिरण पदार्थमा पर्दा विद्युतीय तरंग पैदा हुने विधि 'फोटोभोल्टोनिक इफेक्ट' विज्ञानले पत्ता लगायो। उक्त आविष्कारको धेरै वर्षपछि सूर्यको प्रकाशमार्फत उत्पादित बिजुली भण्डारण गर्ने 'सोलार सेल' बनायो। विज्ञान र प्रविधिले आविष्कार गरेको प्रक्रियालाई उपयोग गर्दै प्रवर्तकले सोलार हिटर बनाए। सोलार हिटर बनाएर संसारभर वितरण गरे, पैसा कमाए नवप्रवर्धकहरूले। कम्प्युटर, सेलफोन, टिभी, एक्स-रे मेसिनलगायतका समाज उपयोगी उपकरण विज्ञान, प्रविधि अनि नवप्रवर्तनको फल हो।

झट्ट हेर्दा नवप्रवर्धनका लागि धेरै पैसाको खाँचो पर्ला भन्ने लाग्न सक्छ तर यथार्थमा यसका लागि ठुलो लगानीको आवश्यकता हुँदैन, नवीन सोचको भने अत्यावश्यक हुन्छ। कतिपय नवीनताको अवसर गाउँकै अनुभव र यन्त्रबाट समेत सम्भव छ। प्रतिफलको सम्भाव्य देखिएको खण्डमा नवप्रवर्तनका लागि लगानी समस्याको विषय नै होइन। संसारका सबैभन्दा धनी व्यक्ति एलन मस्क मात्र होइनन्, बरु एप्पल, गुगल, एमेजनलगायतका कम्पनी स्थापना हुँदा सञ्चालकसँग योजनाको खाकाबाहेक अरू केही थिएन भन्ने कुरा बुझ्नुपर्छ। नयाँ विचारले सकारात्मक परिणाम दिएमा धेरै प्रतिफल पाइने भएकाले मानिसले जोखिम मोलेर लगानी गर्छ। एक अध्ययनले नवपवर्तनमा गरिएको १०० रुपैयाँको लगानीले १८० को प्रतिफल दिन्छ भन्ने देखिएको छ। त्यसमाथि विज्ञानमन्त्री पुनले सम्भाव्य बोकेका विचार र मोडल संयन्त्र भएको खण्डमा सरकार पैसा दिन तयार रहेको बारम्बार दोहोऱ्याइरहेका छन्। त्यसको मतलब भरोसायोग्य प्रोजेक्टका लागि सरकारी लगानी निश्चित भयो।

सफलता पाएको खण्डमा नवीन विचारले ठुलो मुनाफा दिने भएकाले जोखिमपूर्ण लगानीप्रति संसारभर ठुलो उत्साह छ। मंगलग्रहमा बस्ती बसाउने योजनामा खुलेको स्पेसएक्सले गतिलो अन्तरिक्षयान बनाउनसमेत सफल नहुँदै गत महिना मात्र हजारौं लगानीकर्ताले अर्बौं डलरको सेयर खरिद गरे। भविष्य ठानेर अर्बौंको सम्पत्ति नभएको रकेट कम्पनीलाई भरोसा गरेर खर्बौं डलर लगानी भयो।

> नवीन विचारले ठुलो मुनाफा दिने भएकाले जोखिमपूर्ण लगानीप्रति संसारभर ठुलो उत्साह छ। मंगलग्रहमा बस्ती बसाउने योजना बनाएको स्पेसएक्सले गतिलो अन्तरिक्षयान बनाउनसमेत नपाउँदै गत महिना मात्र हजारौं लगानीकर्ताले अर्बौं डलरको सेयर खरिद गरे।

अब प्रश्न उठ्छ, नयाँ विचारको स्रोत के हो? एप्पल, गुगल, टेस्ला, माइक्रोसफ्टलगायतका कम्पनीको सफलता हेर्दा नवप्रवर्तनको स्रोत पाको उमेर, विश्वविद्यालयको अध्ययन र वर्षौंको अनुभव होइन भन्ने देखिन्छ। यद्यपि नवीन विचार भने युवा दिमागले अधिक प्रवाहित गरेको देखिन्छ। केही महिनाअघि मात्र संयुक्त राज्य अमेरिकास्थित युनिभर्सिटी अफ सिकागोको ज्ञान प्रयोगशाला (नलेज ल्याब)मा कार्यरत समाजशास्त्रका प्राध्यापक जेम्स एभेन्सलगायतका अनुसन्धानकर्ताले सन् १९६० देखि २०२० का बिचमा एक करोड २५ लाख अन्वेषणकर्ताले प्रकाशित गरेका अनुसन्धानात्मक आलेखलाई विश्लेषण गरी जर्नल 'साइन्स'मा एक रिसर्च आर्टिकल प्रकाशित गरे। २५-३० वर्षको हाराहारीमा मस्तिष्क सबैभन्दा बढी सिर्जनशील हुन्छ भन्ने उक्त आर्टिकलको सार देखियो। विज्ञान, प्रविधि तथा नवप्रवर्धनको क्षेत्रमा भएका अधिकांश सफलताको विश्लेषण गर्दा नवीन उत्खननका लागि धेरै पढ्नुपर्छ भन्ने छैन तर युवावस्था आविष्कारका लागि अनुकूल देखियो। विज्ञानमा नोबेल पुरस्कार पाएका अधिकांश वैज्ञानिकले युवावस्थामा गरेको अनुसन्धानको प्रतिफल पाको उमेरमा पाएको तथ्यांकले देखायो। नवप्रवर्तनका लागि तीक्ष्ण बुद्धि र अधिकांशले भन्दा पृथक् ढंगले सोच्ने क्षमता भने चाहिन्छ।

युरोप, अमेरिका र एसियाका धेरै देश डढेलोको समस्या भोगिरहेका अवस्थामै केही दिनअघि मात्र आगलागी नियन्त्रणको नवीन सफलताको खबर स्पेनबाट बाहिरियो। दमकल, हवाईजहाजलगायतका कुनै पनि आधुनिक उपकरणको प्रयोग नभएको, बरु गाउँले अनुभवले भूमिका खेलेकाले पनि उक्त 'इनोभेटिभ' कामले संसारभर चर्चा पायो। केही वर्षअघि ठुलो आगलागीको चपेटामा पऱ्यो स्पेनको क्याटालोनिया क्षेत्र। त्यसबेला धनजनको धेरै क्षति भयो। डाँडाकाँडा अनि जटिल भौगोलिक बनोटका कारण हेलिकोप्टर अनि दमकल पुग्न नसकेर भएको संहारलाई नजिकबाट नियालेका एक स्थानीयले प्राकृतिक उपायमार्फत डढेलो नियन्त्रण गर्ने सोच बनाए। एक दिन टहल्ने क्रममा गधाले सुकेको झारपातसमेत जरैसँग खाएको उनले देखे। उक्त कामबाट हौसिँदै देशभर त्यागिएका गधाहरू संकलन गरेर सहरको डढेलो लाग्न सक्ने इलाकामा छोडे। जटिल भूभागमा पनि सजिलै जान सक्ने अनि सुकेको घाँसपात सबै खाने भएपछि पाखामा आगलागीको सम्भाव्य घट्यो। सुकेका झारपात नै नभएपछि डढेलोको समस्या समाधान भयो। यो परिदृश्य विशाल समस्या समाधानमा स्थानीय नवप्रवर्धनको चोटिलो उदाहरण हो। डढेलो नियन्त्रणमा विद्यावारिधि गर्नेले नसोचेको समाधान एक सर्वसाधारणले खोज्यो, संसारभर चर्चा पायो।

अब स्कुले विद्यार्थीले हासिल गरेको एक उत्कृष्ट सफलता हेरौं। कलिला स्कुले युवा-युवतीलाई वैज्ञानिक प्रतिस्पर्धामा लगाउने हेतुले बर्सेनि अन्तर्राष्ट्रिय विज्ञान तथा इन्जिनियरिङ महोत्सव गरिन्छ। त्यहाँ संसारका झन्डै दुई हजार बढ्दो दिमागको परीक्षण हुन्छ। ज्ञान-विज्ञानको दोहोरीमा धेरैथरीका प्रोजेक्टहरू प्रदर्शन हुन्छन्। भेलामा अर्गानिक केमेस्ट्रीको गीताभन्दा पनि फरक नपर्ने जेरी मार्चको किताब पूरै कण्ठस्थ गर्ने स्कुले केटा मात्र देखिएनन्, बरु सानै उमेरमा क्यान्सर पत्ता लगाउने उपकरण बनाउनेसम्म देखिए। १५ वर्षीय किशोर ज्याक एन्ड्र्याकाले मधुमेह रोग जाँच्न प्रयोग हुने सर्वसुलभ टेस्ट पेपर प्रविधिलाई परिष्कृत गरी पाचनथैलीमा लाग्ने क्यान्सर रोग पत्ता लगाउने उपकरण बनाएर देखाए। उनले निर्माण गरेको सानो मेसिनले अस्पतालमा प्रयोगमा रहेको उपकरणभन्दा २८ गुणा छिटो, सस्तो र १०० गुणा ठोकुवाका साथ क्यान्सरको किटान गर्न सक्ने बेहोरा आयो। कुनै पनि क्लिष्ट उपकरण र रासायनिक तत्त्व प्रयोग नभएको उक्त संयन्त्र नेपाललगायत संसारका कुनै पनि भागका विद्यार्थीले गर्न सक्ने प्रवर्तन हो। एउटा स्कुलमा पढ्दै गरेको विद्यार्थीले कतिसम्म चमत्कारी काम गर्न सक्छ भन्ने एउटा उदाहरण हो यो वैज्ञानिक आविष्कार।

उल्लिखित दुई उदाहरण हेर्दा गाउँले अनुभव र स्कुले बच्चाले समेत अद्वितीय आविष्कार गर्न सक्ने भएकाले नवप्रवर्तन मन्त्रालयले आफ्नो रकम विनियोजनमा उक्त पक्षलाई समेट्न आवश्यक देखियो। ७७ जिल्लामा विज्ञान शिक्षकलाई सरिक गराई गाउँले सिप अनि किताबी ज्ञानको सम्मिश्रण गरी स्थानीय तहमा नवप्रवर्तनको सुरुआत गर्न नसकिने होइन। किसानको दुःखका रूपमा रहेको बाँदर अनि बदेलको समस्यालगायतका स्थानीय सरोकारको सम्बोधन गर्ने दिशामा जिल्लास्तरीय रूपमा गरिने विज्ञान प्रतियोगिताले सहयोग गर्न सक्छ। आखिर व्यावहारिक ज्ञानमा गाउँले अनुभव कलेजको विद्यावारिधिभन्दा कहाँ कम हुन्छ र?

आर्थिक वर्षका लागि सरकारले नवगठित नवप्रवर्तन मन्त्रालयका लागि चार अर्बभन्दा अधिक रकम विनियोजन गऱ्यो। आधुनिक प्रयोगशाला तथा महँगा अत्याधुनिक उपकरण खरिद नगर्ने हो भने विनियोजित रकमका सम्बन्धमा धेरै असन्तोष गर्नुपर्ने अवस्था रहेन। जीवनस्तर त्यति महँगो नभएकाले विकसित मुलुकको तुलनामा नेपालमा उक्त रकमले धेरै काम गर्न सक्छ। प्रतिफल लिन सकिन्छ। त्यसका लागि कहाँ र कुन प्रयोजनका लागि पैसा खर्चिंदा अधिक लाभ पाउन सकिन्छ, त्यसको हेक्का राख्न जरुरी छ। स्थानीय समस्या समाधान गर्ने अनि गाउँले उत्पादनलाई परिमार्जन गरी अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सकिने प्रकृतिका अनुसन्धानबाट धेरै मुनाफा लिन सकिने भएकाले त्यस्ता क्षेत्रमा गरिने विनियोजन लाभप्रद हुन्थ्यो होला।

# परराष्ट्रनीतिको आधार राष्ट्रिय हित



जानुका ढकाल

विश्वको इतिहासलाई हेर्ने हो भने अधिकांश राष्ट्र कुनै न कुनै रूपमा आफ्नो सार्वभौमिकता जोगाउन असफल भएको देखिन्छ। कुनै राष्ट्र उपनिवेश बने, कुनै शक्तिशाली साम्राज्यहरूको प्रभावक्षेत्रमा सीमित भए भने कुनै विदेशी हस्तक्षेपका कारण आफ्नो राष्ट्रको निर्णय गर्ने अधिकार नै गुमाउन पुगे। दक्षिण एसियाको इतिहास पनि यसबाट अछुतो रहेन। भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र म्यानमारजस्ता अधिकांश देश कुनै न कुनै समय औपनिवेशिक शासनको प्रत्यक्ष वा परोक्ष प्रभावमा परेका थिए। तर यद्यपि इतिहासको गौरव मात्रले वर्तमान सुरक्षित रहन सक्दैन। अन्तर्राष्ट्रिय सम्बन्धमा सम्मान इतिहासले दिलाएको हुन्छ, तर राष्ट्रको प्रभाव वर्तमान क्षमता र परराष्ट्र नीतिले निर्धारण गरेको हुन्छ। आजको विश्व तीव्र गतिमा बदलिरहेको छ, शक्ति सन्तुलन फेरिएको अवस्था छ। आर्थिक प्रतिस्पर्धा, भूराजनीतिक ध्रुवीकरण, जलवायु संकट, प्रविधि, साइबर सुरक्षा र आपूर्ति शृंखला जस्ता कुराले अन्तर्राष्ट्रिय सम्बन्धको स्वरूप नै परिवर्तन गरिरहेका छन्। यस्तो अवस्थामा नेपालको परराष्ट्र नीति केवल परम्परागत कूटनीतिक सम्बन्धमा सीमित रहन हुँदैन, यसले राष्ट्रिय हितलाई केन्द्रमा राख्दै दूरदर्शी, स्थिर र व्यावहारिक हुन पनि आवश्यक छ।

परराष्ट्र नीति भन्नाले कुनै पनि राष्ट्रले अन्य राष्ट्र, अन्तर्राष्ट्रिय संस्था तथा बहुपक्षीय संयन्त्रहरूसँग सम्बन्ध स्थापित गराउन अपनाउने सिद्धान्त, रणनीति र कार्यनीतिको समग्र रूप हो। यो कुनै औपचारिक दस्तावेज मात्र होइन, राष्ट्रको सुरक्षा, सार्वभौमिकता, आर्थिक समृद्धि, अन्तर्राष्ट्रिय प्रतिष्ठा र दीर्घकालीन रणनीतिक भविष्य निर्धारण गर्ने मार्गदर्शक पनि हो। कुनै राष्ट्रले विश्व समुदायमा आफूलाई कसरी प्रस्तुत गर्छ, कसरी आफ्नो हितको रक्षा गर्छ र कसरी अवसरहरूको उपयोग गर्छ भन्ने कुरा अन्ततः उसको परराष्ट्र नीतिमै निर्भर रहेको हुन्छ।

नेपालको आधुनिक परराष्ट्र नीतिको विकासक्रम हेर्दा राणा शासन एउटा महत्त्वपूर्ण मोडका रूपमा देखिन्छ। त्यसबेला नेपालले बेलायतसँगको सम्बन्धलाई प्राथमिकता दिए पनि अन्य मुलुकहरूसँगको सम्पर्कबाट आफूलाई टाढा राख्यो। बाह्य संसारबाट लगभग अलग्गिएको अवस्थाले तत्कालीन शासनलाई सुरक्षा दिएको हुन सक्छ तर त्यसले अन्तर्राष्ट्रिय अवसरहरूबाट पनि नेपाललाई टाढा राख्यो। २००७ सालको राजनीतिक परिवर्तनसँगै नेपालको परराष्ट्र नीति नयाँ दिशातर्फ उन्मुख भएको पाइन्छ। लोकतान्त्रिक अभ्यासको सुरुवातसँगै नेपालले विश्व समुदायसँग सम्बन्ध विस्तारलाई प्राथमिकतामा राखेर अगाडि बढ्यो। संयुक्त राष्ट्रसंघको सदस्यता, असंलग्न आन्दोलनमा सक्रिय सहभागिता, विकासोन्मुख तथा अल्पविकसित राष्ट्रहरूसँग सहकार्य, क्षेत्रीय संगठनहरूमा आबद्धता र बहुपक्षीय कूटनीतिमा सक्रिय उपस्थिति नेपालको अन्तर्राष्ट्रिय यात्राका महत्वपूर्ण उपलब्धि हुन्। त्यसपछि २०४६ सालको जनआन्दोलनले लोकतन्त्रलाई संस्थागत गर्ने प्रयास गऱ्यो भने २०६२-६३ को जनआन्दोलनपछि नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित भयो। समावेशिता, मानव अधिकार, लोकतन्त्र र शान्तिप्रतिको प्रतिबद्धताले नेपालको अन्तर्राष्ट्रिय छवि अझ फराकिलो बनायो।

नेपालको संविधानले पनि परराष्ट्र नीतिका स्पष्ट आधार तय गरेको छ। राष्ट्रिय हितको संरक्षण, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा, असंलग्नता, पञ्चशील, अन्तर्राष्ट्रिय कानुनको सम्मान, शान्तिपूर्ण सहअस्तित्व, समानता, पारस्परिक लाभ तथा अन्य राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्त संविधानले अंगीकार गरेको छ। नेपाल कुनै पनि सैन्य गठबन्धनमा सहभागी नहुने, विश्व शान्ति, निशस्त्रीकरण तथा अन्तर्राष्ट्रिय सहयोगको पक्षमा रहने प्रतिबद्धतासमेत जनाएको छ। कागजमा यी सिद्धान्तहरू अत्यन्त आकर्षक, सन्तुलित र परिपक्व देखिन्छन् तर वास्तविक प्रश्न यहींबाट सुरु हुन्छ के व्यवहारमा पनि नेपालको परराष्ट्र नीति यत्तिकै स्थिर, स्पष्ट र प्रभावकारी छ? यही प्रश्नले नेपालको कूटनीतिक यात्राको सबैभन्दा ठूलो चुनौती उजागर गर्छ।




नेपालमा सरकार परिवर्तनसँगै परराष्ट्र नीतिको प्राथमिकता फेरिने, विदेश भ्रमणको दिशा बदलिने, शक्तिशाली मुलुकहरूप्रति धारणा परिवर्तन हुने र कूटनीतिक निरन्तरतामा कमजोरी आउने गरेको आलोचना लामो समयदेखि हुँदै आएको छ। परराष्ट्र नीति कुनै सरकारको नीति होइन, यो राष्ट्रको नीति हो, राष्ट्र हितका लागि हो। सरकार परिवर्तन भइरहन सक्छ तर राष्ट्रिय हित परिवर्तन हुँदैन। दुर्भाग्यवश नेपालमा कतिपय अवस्थामा दलगत स्वार्थका कारण र तत्कालीन राजनीतिक समीकरणका कारण राष्ट्रको कूटनीतिक प्राथमिकतालाई प्रभाव पारेको देखिन्छ।

नेपालको भूराजनीतिक अवस्था संवेदनशील छ। उत्तरमा चीन र दक्षिण, पूर्व तथा पश्चिममा भारतजस्ता दुई उदाउँदा विश्वशक्तिबिच रहेको नेपालका लागि भौगोलिक अवस्थाले अवसर पनि दिएको छ र चुनौती पनि उत्तिकै छ। पछिल्ला वर्षहरूमा अमेरिका, युरोपेली संघ, जापान, दक्षिण कोरिया तथा अन्य शक्तिराष्ट्रहरूको दक्षिण एसियाप्रतिको चासो बढ्दै गएको छ। यसले नेपाललाई अन्तर्राष्ट्रिय सहकार्यका लागि नयाँ अवसरको ढोका पनि खोलिदिएको छ भने शक्ति प्रतिस्पर्धाको दबाब पनि बढाएको छ। यस्तो अवस्थामा नेपालले कसैको प्रभावक्षेत्र नबनी सबैसँग मित्रता र कसैसँग वैमनस्य नराख्ने नीति व्यवहारमा पनि देखाउन सक्नुपर्छ। असंलग्नता आजको समयमा निष्क्रिय तटस्थता होइन, राष्ट्रिय हितअनुसार स्वतन्त्र निर्णय गर्ने क्षमता हुनुपर्छ। त्यसैले नेपालको कूटनीति राज्यसत्तामा बस्नेहरूको भावनाले होइन, राष्ट्रिय हितको लागि वस्तुगत मूल्यांकनले निर्देशित हुनुपर्छ।

नेपालसँग जलस्रोत, जैविक विविधता, हिमालय, धार्मिक पर्यटन, प्राकृतिक सौन्दर्यजस्ता महत्त्वपूर्ण सम्पदा छन् भने युवा जनशक्ति उच्च रहेको छ। तर यी विषयलाई अन्तर्राष्ट्रिय अवसरका रूपमा रूपान्तरण गर्न सक्षम कूटनीतिक रणनीति आवश्यक पर्छ। दूतावासहरू केवल औपचारिक कूटनीतिक केन्द्र नभई लगानी, पर्यटन, व्यापार र प्रविधि प्रवर्धन गर्ने आर्थिक केन्द्रका रूपमा विकास हुनु आजको आवश्यकता हो। पछिल्लो समय जलवायु परिवर्तन अर्को महत्त्वपूर्ण कूटनीतिक मुद्दा बनेको छ। नेपालले विश्वव्यापी कार्बन उत्सर्जनमा न्यून योगदान दिए पनि यसको असर सबैभन्दा बढी भोग्ने मुलुकमध्ये नेपाल पर्दछ। हिमनदी पग्लिने, हिमताल विस्फोटको जोखिम, अनियमित वर्षा, बाढी, पहिरो र कृषि प्रणालीमा देखिएको परिवर्तनले नेपालको विकासलाई प्रत्यक्ष असर गरिरहेको छ। त्यसैले जलवायु न्यायका लागि अन्तर्राष्ट्रिय मञ्चमा नेपालले अझ प्रभावकारी नेतृत्व लिनुपर्ने आवश्यकता छ। हिमालयको संरक्षण केवल नेपालको मुद्दा होइन, सम्पूर्ण मानव सभ्यताको साझा चासो हो भन्ने सन्देश विश्व समुदायसमक्ष बलियो रूपमा प्रस्तुत गर्न सक्नुपर्छ। परराष्ट्र नीति केवल सरकार-सरकार सम्बन्धमा सीमित नभई नागरिक-केन्द्रित हुनुपर्छ।

नेपालको परराष्ट्र नीतिको एउटा कमजोरी संस्थागत निरन्तरताको अभाव पनि हो। परराष्ट्र सेवा अझ बढी व्यावसायिक, अनुसन्धानमुखी र दक्ष बन्न आवश्यक छ। विदेश नीति भावनात्मक प्रतिक्रियाले होइन, तथ्य, अनुसन्धान, राष्ट्रिय सहमति र दीर्घकालीन रणनीतिले सञ्चालन हुनुपर्छ। परराष्ट्र मन्त्रालय, दूतावास, विश्वविद्यालय, अनुसन्धान संस्था र निजी क्षेत्रबिच प्रभावकारी समन्वय हुनसके नेपालको कूटनीतिक क्षमता अझ मजबुत बन्न सक्छ। आज विश्व बहुध्रुवीय व्यवस्थातर्फ उन्मुख भइरहेको छ। शक्ति सन्तुलन निरन्तर परिवर्तन भइरहेको छ। यस्तो परिस्थितिमा कुनै पनि शक्तिसँग सम्बन्ध विस्तार गर्ने बाह्य हस्तक्षेपबिना नेपालले आफ्नो स्वतन्त्र निर्णय गर्ने क्षमता जोगाउनु सबैभन्दा ठुलो कूटनीतिक सफलता हुनेछ तर त्यो सम्बन्ध राष्ट्रिय हितको आधारमा सन्तुलित हुनुपर्छ। मित्रता सबैसँग हुन सक्छ तर निर्भरता कसैमाथि हुनुहुँदैन।

इतिहासले नेपाललाई एउटा विशिष्ट पहिचान दिएको छ तर यो पहिचान भविष्य निर्माण गर्ने आधार मात्र हो, विकल्प होइन। परराष्ट्र नीति स्थिर, राष्ट्रिय सहमतिमा आधारित, आर्थिक रूपमा केन्द्रित, अनुसन्धानमुखी र व्यावहारिक बन्न सके नेपालको अन्तर्राष्ट्रिय प्रभाव उल्लेखनीय रूपमा बढ्न सक्छ। अन्यथा संविधानका सुन्दर सिद्धान्तहरू केवल दस्तावेजमा सीमित रहनेछन् र व्यवहारमा नेपाल प्रतिक्रियात्मक कूटनीतिमै अल्झिरहनेछ।

अन्ततः परराष्ट्र नीति कुनै सरकारको प्रतिष्ठाको विषय होइन, यो सम्पूर्ण राष्ट्रको भविष्यसँग गाँसिएको विषय हो। नेपालको स्वतन्त्र अस्तित्व, सार्वभौमिकता, आर्थिक समृद्धि, सुरक्षा र अन्तर्राष्ट्रिय सम्मानको आधार नै सक्षम परराष्ट्र नीति हो। विश्व परिवर्तनको तीव्र गतिसँगै नेपालले पनि आफ्नो कूटनीतिक सोच परिवर्तन गर्न सक्नुपर्छ। इतिहासले दिएको गौरवलाई वर्तमानको विवेक र भविष्यको दूरदृष्टिसँग जोड्न सकियो भने नेपाल केवल स्वतन्त्र राष्ट्रका रूपमा मात्र होइन, जिम्मेवार, विश्वसनीय र प्रभावशाली अन्तर्राष्ट्रिय साझेदारका रूपमा पनि स्थापित हुनेछ। यही नै नेपालको परराष्ट्र नीतिको वास्तविक सफलता हुनेछ।

*- समाजशास्त्री एवं पूर्वविकास आयुक्त*

# कप्तानगन्ज सामान्य हुँदै हट्यो निषेधाज्ञा

अमर खड्का

*इटहरी, साउन १८*

सुनसरीको देवानगन्ज गाउँपालिका- ३ कप्तानगन्जमा दुई पक्षीय समूहबिच भएको हिंसात्मक घटना भएको एक सातापछि जनजीवन सामान्य हुन थालेको छ। जनजीवन सामान्य हुन थालेपछि जिल्ला प्रशासन कार्यालय सुनसरीले जारी गरेको निषेधाज्ञा पनि सोमबार साँझबाट हटाएको छ।

कप्तानगन्ज बजार फाटफुट खुल्न थालेको छ। बजार क्षेत्रमा बुढापाका मुस्लिम हिँड्न थालेका छन्। हिन्दु समुदायका भने दुई दिनअघिदेखि नै हिँड्न थालेका थिए। 'अब धेरै नै सुधार भएको छ, विस्तार थप सहज हुने आशा छ', जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डिएसपी चन्द्र खड्काले सोमबार साँझ भने। उनका अनुसार देवानगन्जको कप्तानगन्जसँगै आन्दोलनबाट प्रभावित भएका हरिनगर, बर्जु, दुहवी, इनरुवा, कोसी, भोक्राहा नरसिंह, रामधुनीका सरकारी कार्यालय, शिक्षालय र बजार पनि निर्बाध रूपमा सञ्चालन हुन थालिसकेका छन्।

जनजीवन सहज भएसँगै जिल्ला प्रशासन कार्यालयले पछिल्लो समय देवानगन्ज र हरिनगर गाउँपालिका क्षेत्रमा जारी राखेको निषेधाज्ञा पनि हटाएको छ। प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालद्वारा जारी विज्ञप्तिमा जिल्लाको सुरक्षा अवस्था सुधार उन्मुख रहेको पाइएकाले स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३(क) बमोजिम जिल्लाका केही स्थानमा जारी निषेधाज्ञा हटाएको उल्लेख छ।

> कप्तानगन्ज बजार फाटफुट खुल्न थालेको छ। बजार क्षेत्रमा बुढापाका मुस्लिम हिँड्न थालेका छन्। हिन्दु समुदायका भने दुई दिनअघिदेखि नै हिँड्न थालेका थिए।

देवानगन्ज गाउँपालिका अध्यक्ष बेचन मेहताले अब के हुने ? भनेर भविष्यमा हुने गतिविधिले तय गरे पनि सोमबार भने कप्तानगन्ज शान्त भएको बताए। अब एकजना रविन्द्र मेहता सिकिस्त बिरामी रहेकाले स्वास्थ्य अवस्थामा सुधार भएमा दुवै पक्षका अगुवालाई राखेर सहज वातावरण बनाउन सहयोग पुग्ने बताए। रवीन्द्रलाई विराटनगरबाट थप उपचारका लागि काठमाडौं लगिएको छ। 'रवीन्द्रलाई सुधार हुनासाथ दुवै पक्ष राखेर सद्भाव कायम गराउन गाउँपालिकालाई सहज हुनेछ', उनले भने।

साउन १० गते राति दुईपक्षीय झडप हिंसामा परिणत हुँदा दुईजनाको मृत्यु भएको थियो। घटनाकै दिन २५ बर्से ओमप्रकाश मेहता र बिहीबार उपचारका क्रममा २१ बर्से जयप्रकाश मेहता मृत्यु भएको थियो। घटना भएको पाँच दिनपछि गृहमन्त्री सुदन गुरुङसँग सातबुँदे सहमति भएपछि मृतकका आफन्तले शव बुझेर दाहसंस्कार गरेका थिए।

घटना मुस्लिम समुदायको मोहर्रम मेलाका अवसरमा असार १४ गते बजारको बिच भागमा झन्डा गाडिएको थियो। त्यही स्थानमा साउनमा बोलबम परेकाले हिन्दु समुदायले झन्डा गाडेका थिए। यो विवाद वडाध्यक्ष र गाउँपालिका अध्यक्षसम्म पुगेको थियो। साउन १० गते भने बोलबम जान लागेका युवाले देवानगन्ज- ३ मा मन्दिरमा डिजे ठूलो आवाजमा बजाएको विषयलाई लिएर युवाहरूको दुई समूहबिच झडप हुँदा घटना बढेर उग्र रूप लिएको थियो। यस घटनामा बेलैमा वडाध्यक्षले झन्डा विवाद निरूपण गरिदिएको भए र प्रहरीले बेलैमा विवेक पुऱ्याएको भए अहिलेको परिस्थिति नआउने दुवै पक्षको जिकिर छ।

# धनगढीमा अब घरबाटै सेवा

दिलबहादुर छत्याल

*धनगढी, साउन १८*

धनगढी उपमहानगरपालिकाबाट सेवा लिनका लागि सेवाग्राहीले अब कार्यालयमा पुगेर कर्मचारीको कोठा-कोठा धाउनुपर्ने छैन। धनगढी उपमहानगरपालिकाले नगरभित्रका बासिन्दाको सहजताका लागि घरमै बसेर अनलाइनबाट सेवा लिन सकिने डिजिटल प्रणाली विकास गरेको छ।

'पेपरलेस धनगढी' (कागजविहीन) अन्तर्गत सेवाग्राहीलाई अनलाइनमार्फत घरमै सेवा उपलब्ध गराउन एकीकृत डिजिटल प्रणाली अवधारणाको पहिलो चरणको काम सम्पन्न भएको उपमहानगरका सञ्चार तथा सूचना प्रविधि शाखा प्रमुख इन्जिनियर अनुप भट्टले बताए।

सोमबार पत्रकार सम्मेलन गरी 'पेपरलेस धनगढी' अन्तर्गत डिजिटल प्रणालीमार्फत सेवा सुरु भएको उनले जानकारी दिएका छन्। सेवाग्राहीको सहजताका लागी अनलाइनबाट घरमै सेवा प्रदान गर्न सुरु गरिएको धनगढी उपमहानगर प्रमुख गोपाल हमालले बताए। कार्यालयमा कर्मचारीको कोठा-कोठा पुगेर कर्मचारीलाई भेटेर सेवा लिनुपर्ने झन्झट हटेर सेवाग्राहीले सहज र सुलभरूपमा सेवा पाऊन् भन्ने उद्देश्यले पेपरलेस धनगढी अवधारणा सुरु गरिएको उनले बताए। 'कर्मचारीले फाइल अड्कायो भनेर सेवाग्राहीको गुनासो सुनिन्थ्यो, अब अनलाइनबाट घरमै बसेर सेवा उपलब्ध हुँदा यी सबै समस्या एकैसाथ अन्त्य भएर सहज हुनेछ', उनले भने।

# पर्याप्त वर्षा नहुँदा सकिएन रोपाइँ

महेश्वर चामलिङ राई

*उदयपुर, साउन १८*

चाहिँदो वर्षा नहुँदा यस वर्ष साउनको आधा समय बितिसक्दा पनि उदयपुरमा रोपाइँ पूरा हुन सकेको छैन। असारभित्रै रोपाइँ सकिसक्नुपर्ने धान खेत आवश्यकताअनुसार वर्षा नहुँदा रोपाइँ हुन नसकेको हो।

असार सुरुमै केही दिन वर्षा हुँदा रोपाइँ भ्याइनभ्या थियो, तर वर्षा रोकिएसँगै रोपाइँ पनि रोकिन पुग्यो। साउन दोस्रो सातासम्म जिल्लामा ८० प्रतिशत हाराहारी मात्र रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र उदयपुरले जनाएको छ। ज्ञान केन्द्र प्रमुख योगेन्द्रप्रसाद यादवले साउन १३ सम्म प्राप्त तथ्यांकअनुसार ८० प्रतिशत हाराहारी रोपाइँ भएको बताए।


वर्षा नहुँदा रोपाइँ गर्न नपाएको गोपाल चौधरीको खेत। *तस्बिर : नागरिक*

उनका अनुसार पहाडी भूभागमा रोपाइँ लगभग सकिइसकेको छ, तर भित्री मधेस र तराई भेगका एकतिहाइ खेतमा रोपाइँ गर्न बाँकी छ। पहाडी भेगमा सिँचाइ सुविधा पुगेकाले धान रोप्ने काम सकिएको हो। सिँचाइँ कुलो सुविधा पुगेको खेतमा रोपाइँ गरिसकिएको भए पनि तराई र भित्रीमधेसको खेतमा आकाशे पानीको सिँचाइ गर्नुपर्ने भएकाले वर्षा नहुँदा रोपाइँ गर्न रोकिने यादवले बताए।

पहाडीभेगतर्फ रौतामाई, लिमचुङबुङ, ताप्ली र उदयपुरगढी गाउँपालिकाको टार, बेंसीका खेतबारी रोपो सरेर हरियै भइसकेको छ, तर सदरमुकाम गाईघाटसमेत समेटिएको त्रियुगा नगरपालिका, चौदण्डीगढी, बेलका र कटारी नगरपालिकाका समथर भूभागका खेतमा झन्डै आधाजसो रोपाइँ गर्न बाँकी छ। उदयपुरमा १३ हजार तीन सय ८० हेक्टर जमिनमा धान बाली लगाउने गरिएको तथ्यांक कृषि ज्ञान केन्द्रसँग छ, जसमध्ये साउन १३ सम्म १० हजार सात सय चार हेक्टर जमिनमा रोपाइँ भइसकेको छ। चाहिँदो वर्षा भएमा पाँचदेखि सात दिनभित्र सबै खेतमा रोपाइँ भइसक्ने ज्ञान केन्द्र प्रमुख यादव बताउँछन्।

## स्कुलबाट घर फर्कंदै गर्दा बाढीले बगायो बालक

इलाम, साउन १८ (नागरिक)- माइजोगमाई गाउँपालिका- २, जोगमाईको खोल्मेका १२ बर्से आहान खत्रीलाई बाढीले बगाएको छ। स्थानीय जोगमाई भ्याली बोर्डिङ स्कुलमा कक्षा ६ मा पढ्ने बालक सोमबार साँझ स्कुल छुट्टी भएपछि घर फर्किरहेका बेला बाढीले बगाएको वडाध्यक्ष डम्बर सुवेदीले जानकारी दिए।

बालक खत्रीलाई बजुर खोलो (खोल्सो) मा आएको बाढीले बगाएको छ। स्थानीयले उनलाई त्यहाँबाट निकाल्न प्रहरीलाई खबर गरेको वडाध्यक्ष सुवेदीले जनाए। 'बालक जीवित छैनन् भन्ने लागेर स्थानीयले प्रहरीलाई खबर गरेका छन्। स्थानीयले बालकलाई तल लैजानबाट बचाएर प्रहरी पर्खिरहेका छन्', वडाध्यक्ष सुवेदीले भने। बालक आहान खोल्मेस्थित मावलीघरमा बस्दै आएका थिए।

## जनश्रमदानले साकेला सडक सञ्चालन

उदयपुर, साउन १८ (नागरिक)- पहिरो र हिलोले अवरुद्ध खोटाङको साकेला गाउँपालिकाको सडक श्रमदानबाट मर्मत गरी सञ्चालन गरिएको छ। केही दिनयताको वर्षाले पहिरो खसेर अनि पानी जमेर सडक हिलाम्य भएपछि जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी र स्थानीयको सामूहिक श्रमदानबाट सञ्चालन गरिएको हो।

साकेला गाउँपालिका- १ को हरेलोडाँडादेखि साप्सु खोला जोड्ने सडक खण्ड तीन दिनदेखि अवरुद्ध भएको थियो। लगातार दुई दिन श्रमदानबाट सडक मर्मत गरी सञ्चालनमा आएको हो। रोकिएको सडक सञ्चालन गर्न गाउँपालिका अध्यक्ष रविप्रकाश राई स्वयं श्रमदानमा खटिएका थिए। अध्यक्षकै अगुवाइमा शनिबार बिहानदेखि आइतबार रातिसम्म श्रमदान अभियान चलाइएको थियो। गाउँपालिकाले पालिकाभित्र जुनसुकै वडा र टोलमा आइपर्ने विपद् मा 'साकेला श्रम अभियान' सञ्चालन गर्दै आएको वडाध्यक्ष राईले बताए।

## सहसचिव भट्टराई पक्राउ

काठमाडौं, साउन १८ (नागरिक) -नेपाल प्रहरीले मोटो रकम असुल गरी तिब्बती शरणार्थीहरूलाई गैरकानुनी रूपमा नेपाली यात्रा अनुमति पत्र (ट्राभल डकुमेन्ट) जारी गरेको अभियोगमा परराष्ट्र मन्त्रालयका सहसचिव पुष्पराज भट्टराईलाई पक्राउ गरेको छ। भट्टराईविरुद्ध गत साउन ११ गते काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेसँगै प्रहरीले पक्राउ गरेको हो। उक्त प्रकरणमा जर्मन दूतावासको उजुरी र केन्द्रीय अनुसन्धान ब्युरोको लामो अनुसन्धानपछि जिल्ला सरकारी वकिल कार्यालयले परराष्ट्र मन्त्रालयका तत्कालीन कर्मचारी खोटाङका पुष्पराज भट्टराईविरुद्ध राहदानी ऐनअन्तर्गतको कसुरमा मुद्दा दायर भएको थियो। उनी घटनाको समयमा परराष्ट्र मन्त्रालयको राहदानी शाखामा कार्यरत थिए।

standard chartered

**स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका जमानीकर्ताहरूलाई कर्जा चुक्ता गर्ने सम्बन्धी**
**९० दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति: २०८३/04/१९,(नागरिक)**

यस बैंकबाट तपसिलमा उल्लिखित तपाई जमानतकर्ताहरूले प्रदान गर्नुभएको व्यक्तिगत जमानी समेतको आधारमा तपसिल बमोजिमका ऋणीले प्राप्त गर्नुभएको व्यावसायिक कर्जाको यस बैंकसँग गर्नुभएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाई कर्जा खिलाफी गरी कर्जाको भाका समेत नाघेको र सो कर्जा रकम तिर्न बुझाउन आउनु भनि पटक पटक मौखिक, लिखित एंव पत्रिकामा सार्वजनिक सुचना प्रकाशित गरी ऋणीलाई कर्जा सुचना केन्द्रको कालोसुचीमा समेत सूचिकृत गरी तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरू बारम्बार उल्लंघन गर्नुभएको तथा विभिन्न मितिमा लिलामी प्रक्रिया अघि बढाई उक्त धितो लिलामी प्रक्रिया मार्फत सम्पूर्ण सम्पत्ति बेचविखन गर्दा समेत कर्जा असुली नभएको हुनाले तपाईँ जमानतकर्ताहरूले प्रदान गर्नुभएको व्यक्तिगत जमानीको आधारमा यस बैँकलाई तिर्नु बुझाउनु पर्ने बाँकी सम्पुर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ९० (नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत : यो सूचना प्रकाशित भएको मितिले **९० (नब्बे)** दिनभित्र यस बैँकको बानेश्वर, काठमाडौ स्थित मुख्य कार्यालयको ऋण असुली विभागमा तपाई व्यक्तिगत जमानतकर्ताहरूले सम्पर्क राखी सो बाँकी रहेको ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछ्र्यौट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानुन बमोजिम तपाँईहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाँई जमानीकर्ताहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं ।

**तपसिल**

| **ऋणी तथा जमानीकर्ताहरूको नाम, थर र वतन** |
|---|
| **ऋणी**: नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागकमा प्रा.फ.र.नं. ११४०६५/०७०/०७१ कायम भै मिति २०७०/०७/०४ मा दर्ता भएको मोरङ्ग जिल्ला विराटनगर म.न.पा, वडा नं. ०७ कृषिभवन, स्थित फर्मको ठेगाना रहेको **जय श्री अन्जु ट्रेडर्स** |
| **प्रोप्राइटर**: **श्री झबु लाल केडिया**को नाती, **श्री मोती लाल केडिया**को छोरा, धनुषा जिल्ला जनकपुर वडा नं. १ स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला, विराटनगर वडा नं. ०१ बस्ने वर्ष ४२ को **श्री संजय केडिया** (ना.प्र.नं. १७११०२/२८३, जारी मितिः २०६४।०२।०२, जि.प्र.का. धनुषा) |
| **व्यक्तिगत जमानीकर्ता**: **श्री हरचन्द रोए अग्रवाल**को नातिनी, **श्री गोबिन्द लाल अग्रवाल**की छोरी **श्री मोती लाल केडिया**की बुहारी, **श्री संजय केडिया**की पत्नी, झापा जिल्ला कुमारखोद वडा नं. ९ स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला, विराटनगर वडा नं. ०१ बस्ने वर्ष ४० की **श्री अन्जु अग्रवाल** (ना.प्र.नं. ०४/३१३, जारी मितिः २०६२।०५।०८, जि.प्र.का. झापा) |


CUREX PHARMACEUTICALS PVT. LTD.
(A WHO-GMP, An ISO 9001:2008, An ISO 14001:2004 Certified company)

Contact No: 9865897244
Email Id:
shuvameditechpvtltd@gmail.com

**सार्वजनिक जानकारीको लागि सूचना जारी गरिन्छ**

*यस क्युरेक्स फर्मास्युटिकल्स प्रा.लि.बाट उत्पादित औषधीहरुको आ.व.२०८३/०८४ को लागी निम्नानुसारको बजार दररेट तथा बिक्रि मुल्य निर्धारण गरि यो दररेट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ, यदि यी औषधीहरु कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीको आधिकारिक बिक्रेता श्री शुभ मेडिटेक प्रा.लि. बनस्थली, काठमाडौं, नेपाल, भ्याट नम्बर ६२१२२३७०४५ बाट खरिद गर्न सक्नु हुनेन्छ भनि यो सुचना प्रकाशित गरिएको छ ।*

| S.N. | Genetic Name | Rate (NPR) | S.N. | Genetic Name | Rate (NPR) |
|---|---|---|---|---|---|
| 1 | Acyclovir 5 gm Ointment | 80.00 | 91 | Itraconazole 100 mg Cap | 40.00 |
| 2 | Acyclovir 200mg | 10.00 | 92 | Levocetirizine Susp. | 65.00 |
| 3 | Acyclovir 400 mg Tab | 20.00 | 93 | Levocetirizine Tab | 6.00 |
| 4 | Albendazole 400 mg Tab | 10.00 | 94 | Losartan 50 mg + Hydro chlorothiazide 12.5 mg Tafi. | 13.00 |
| 5 | Albendazole Susp. | 18.00 | 95 | Losartan Potassium 25mg Tab | 4.40 |
| 6 | Alprazolam 0.25mg Tab | 1.70 | 96 | Losartan Potassium 50mg Tab | 7.60 |
| 7 | Alprazolam 0.5mg Tab. | 3.40 | 97 | Mefenamic Acid 250 mg + Bitytlomine 10 mg Tablet | 8.00 |
| 8 | Amitriptyline 10mg Tab | 2.40 | 98 | Mefenamic Acid Tablet | 5.00 |
| 9 | Amitriptyline 25mg Tab | 3.80 | 99 | "Met Glip GP 1 Forte (Metformin 1000 mg and Slimepiride, 1 mg Tablet)" | 11.00 |
| 10 | Amlodipine + Losartan Potassium L 27.5mg Tab. | 6.00 | 100 | "Met Glip GP 2 Forte (Metformin 1000 mg and Glimepiride 2 mg Ta#letl" | 18.33 |
| 11 | Amlodipine + Losartan Potassium L 55mg Tab. | 12.00 | 101 | Met Glip GP 1 (Metformin 500mg+ Glimepiride 1mg Tab.) | 9.00 |
| 12 | Amlodipine 2.5mg Tab | 2.30 | 102 | Met Glip GP2 (Metformin 500mg+ Glimepiride 2 mg Tab.) | 14.53 |
| 13 | Amlodipine 5mg Tab | 5.00 | 103 | Metformin 1000 mg + Sitagliptin 50 mg. Tablet | 29.00 |
| 14 | Amlodipine 10 mg. Tab | 8.00 | 104 | Metformin 500 mg + Sitagliptin 50 mg. Tablet | 26.00 |
| 15 | Amoxycillin 125mg Tab | 3.00 | 105 | Metformin 850 mg + Sitagliptin 50 mg. Tablet | 27.00 |
| 16 | Amoxycillin 250mg Tab | 5.00 | 106 | Metformin 500mg Tab | 2.00 |
| 17 | Amoxycillin 500mg Cap | 8.00 | 107 | Metformin 850 mg Tab | 3.50 |
| 18 | Amoxycillin 60mlDry/Syr | 80.00 | 108 | Metformin 1000 mg Tab | 6.00 |
| 19 | Amoxycillin 90ml-Dry/Syr | 110.00 | 109 | Metoprolol Succitate 25 mg Tab. | 7.00 |
| 20 | Antacid Gel | 121.00 | 110 | Metoprolol Succitate 50 mg Tab. | 10.00 |
| 21 | Antacid Tab | 4.00 | 111 | Metronidazole (100mg/5ml) 60ml Susp | 60.00 |
| 22 | Anticold Tab | 3.00 | 112 | Metronidazole 200 mg Tab | 2.00 |
| 23 | Anticold Susp | 50.00 | 113 | Metronidazole 400 mg Tab | 3.00 |
| 24 | Atenolol 25 mg Tab | 2.00 | 114 | Montelukast 10 mg + Levocetirizine 5 mg. Tab | 20.00 |
| 25 | Atenolol 50 mg Tab | 3.50 | 115 | Montelukast 4 mg + Levocetirizine 2.5 mg. Sus. | 135.00 |
| 26 | Atenolol 100 mg Tab | 5.00 | 116 | Multivitamin Cap | 6.00 |
| 27 | Atorvastatin 10 mg Tab | 10.78 | 117 | Neomycin Cream 15 mg. | 60.00 |
| 28 | Atorvastatin 20mg Tab | 20.60 | 118 | Nimesulide Tab | 3.00 |
| 29 | Azithromycin 250mg Tab | 17.45 | 119 | Nimesulide 30 gm Gel | 90.00 |
| 30 | Azithromycin 500mg Tab | 30.00 | 120 | Ofloxacin 100 mg Tab | 5.50 |
| 31 | Azithromycin 100mg Susp | 110.00 | 121 | Ofloxacin 200 mg tab | 7.00 |
| 32 | Azithromycin 200mg Susp | 160.00 | 122 | Ofloxacin 400 mg tab | 8.00 |
| 33 | Benzoic acid + Salicylic acid 30gm | 65.00 | 123 | Ofloxacin 60ml Susp. | 90.00 |
| 34 | Calamine Lotion 30 ml | 45.00 | 124 | Omeprazole 20mg Cap | 4.00 |
| 35 | Calamine Lotion 100ml | 110.00 | 125 | Ondansetron 4mg Tablet | 7.00 |
| 36 | Calcium 500 mg. Tab | 6.00 | 126 | Ondansetron 8mg Tablet | 10.00 |
| 37 | Calcium Susp. | 100.00 | 127 | Ondansetron Susp | 70.00 |
| 38 | Cefixime 100mg | 16.00 | 128 | ORS | 10.00 |
| 39 | Cefixime 200mg | 20.00 | 129 | Pantoprazole 40 mg. Tab. | 8.00 |
| 40 | Cefixime 400mg Tab. | 50.00 | 130 | Pantoprazole 40 mg+ Domperidone 30 mg. Cap. | 16.00 |
| 41 | Cefixime 60ml Syrup | 180.00 | 131 | Paracetamol 500 mg & chlorzoxazone 250mg Tab | 5.50 |
| 42 | Cefpodoxime 200mg Tab. | 25.00 | 132 | Paracetamol 500 mg & chlorzoxazone 500mg Tab | 8.80 |
| 43 | Cefpodoxime 60ml Syrup | 170.00 | 133 | Paracetamol & Caffeine Tablet | 2.50 |
| 44 | Cetirizine Hcl10 mg Tab. | 4.00 | 134 | Paracetamol & Ibuprofen Tab | 2.00 |
| 45 | Cetirizine Hcl 30ml Susq. (5mg/5ml) | 55.00 | 135 | Paracetamol & Ibuprofen Susp. | 30.00 |
| 46 | Chloramphenicol 500 mg Cap | 14.00 | 136 | Paracetamol 125 mg-60 ml Susp. | 30.00 |
| 47 | Chloramphenicol Syrup | 100.00 | 137 | Paracetamol 500 mg Tab | 1.00 |
| 48 | Chlorhexidine Glutamate 4% w/w 3gm Ointment | 20.00 | 138 | Paracetamol Drop | 30.00 |
| 49 | Chlorhexidine Glutamate 4% w/w 5gm Ointment | 30.00 | 139 | Permethrin 5% W/V 15 gm ointment | 60.00 |
| 50 | Chlorpheniramine Maleate 4mg | 1.50 | 140 | Permethrin 5% W/V 30 gm ointment | 125.00 |
| 51 | Ciprofloxacin 250mg Tab | 6.00 | 141 | Permethrin 5% W/V 50 ml Lotion | 80.00 |
| 52 | Ciprofloxacin 500mg Tab | 8.00 | 142 | Permethrin 5% W/V 100 ml Lotion | 160.00 |
| 53 | Clotrimazole Cream 15g Tube | 55.00 | 143 | Povidone Iodine 10% 30ml Solution | 65.00 |
| 54 | Clotrimazole Pessary Tab. | 11.00 | 144 | Povidone Iodine 10% 60ml Solution | 95.00 |
| 55 | Clotrimazole Vaginal Oint. | 80.00 | 145 | Povidone Iodine 10% 100 ml Solution | 150.00 |
| 56 | Cloxacillin Sodium 250 mg | 5.00 | 146 | Povidone Iodine 10% 450 ml Solution | 380.00 |
| 57 | Cloxacillin Sodium 500mg Cap | 13.00 | 147 | Povidone Iodine 5% 30ml | 45.00 |
| 58 | Cloxacillin Sodium Dry Syrup 90ml | 130.00 | 148 | Povidone Iodine 5% 100ml | 110.00 |
| 59 | Diclofenac 50 mg Tab | 4.00 | 149 | Povidone Iodine 5% 450ml | 275.00 |
| 60 | Diclofenac 30 gm Gel | 95.00 | 150 | Povidone Iodine 5% 15 gm oint | 50.00 |
| 61 | Diclofenac Mouth Wash 100 ml | 110.00 | 151 | Povine Gargle 100ml M/wash | 65.00 |
| 62 | Domperidone 10 mg Tab | 5.00 | 152 | Povine Gargle 60ml M/wash | 110.00 |
| 63 | Domperidone Susp. | 50.00 | 153 | Pregabalin -75, Methylcarfiylamine 750 Cap | 22.00 |
| 64 | Empagliflozin 10 mg Tab | 25.00 | 154 | Pregabalin -75, Methylcarfiylamine 1500 Cap | 33.00 |
| 65 | Empagliflozin 25 mg Tab | 30.00 | 155 | Pregabalin 75 Cap | 16.50 |
| 66 | Esomeprazole 40mg Tablet | 11.00 | 156 | Pregabalin 150 Cap | 23.00 |
| 67 | Ferrous Salt + Folic acid (iron) Tab. | 3.00 | 157 | Ramipril 2.5 mg Tab | 5.50 |
| 68 | Fexofenadine 120 mg Tablet | 11.00 | 158 | Ramipril 5mg Tab | 9.00 |
| 69 | Fexofenadine 180 mg Tablet | 16.00 | 159 | Ramipril 10 mg Tab | 15.50 |
| 70 | Fexofenadine 100 ml Susp. | 150.00 | 160 | Ranitidine HCL 150Mg Tab. | 3.00 |
| 71 | Fluconazole 150mg Cap | 24.00 | 161 | Rosuvastatin 20mg Tab | 17.00 |
| 72 | Folic Acid 5 mg Tab. | 2.25 | 162 | Rosuvastatin 10mg Tab | 35.00 |
| 73 | Frusemide 40 mg Tab. | 1.50 | 163 | Salbutamol 4mg Tab | 2.00 |
| 74 | Gabapentin 300 mg. Capsule | 6.00 | 164 | Salbutamol 100 ml Syr. | 55.00 |
| 75 | Gabapentin 100 mg. Capsule | 15.00 | 165 | Serrati peptidase 10 mg Tablet | 10.00 |
| 76 | Gamma Benzene Hexachloride 60ml lotion | 75.00 | 166 | Silver Sulphadiazine Cream 15gm | 75.00 |
| 77 | Glimepiride 1mg Tab | 4.00 | 167 | Sulpha + Trimeth 480mg Tab | 4.00 |
| 78 | Glimepiride 2mg Tab | 8.60 | 168 | Sulpha + Trimeth 960 mg-Tab | 6.00 |
| 79 | Hand Sanitizer Liquid 500ml | 450.00 | 169 | Sulpha + Trimeth Susp. | 70.00 |
| 80 | Hand Sanitizer Liquid 5 ltr | 3,000.00 | 170 | Terbutaline Sulphate 1.2mg + Bromhexine Hydrochloride 4mg 60ml Syrup | 85.00 |
| 81 | Hydrochlorothiazide 12.5 mg Tab | 1.25 | 171 | Terbutaline Sulphate 1.2mg + Bromhexine Hydrochloride 4mg 100ml Syrup | 140.00 |
| 82 | Hydrochlorothiazide 25mg Tab | 3.00 | 172 | Tinidazole 500mgTablet | 5.00 |
| 83 | Hyoscine Butyl Bromide 10mg Tab | 12.00 | 173 | Tinidazole 1000mgTablet | 11.00 |
| 84 | Hyoscine Butyl Bromide 20mg Tab | 24.00 | 174 | Vitamin B Complex Tab. | 5.00 |
| 85 | Ibuprofen 200mg Tab | 2.00 | 175 | Vitamin B Complex with Zinc Cap | 6.00 |
| 86 | Ibuprofen 400mg Tab | 4.00 | 176 | Vitamin B Complex with Zinc 100 ml syp | 90.00 |
| 87 | Iron (III) polymaltose & Folic Acid Tablet | 8.00 | 177 | Vitamin B Complex with Zinc 200 ml syp | 170.00 |
| 88 | Iron (III) polymaltose & Folic Acid syr. | 140.00 | 178 | vitamin D 60K Softgel | 50.00 |
| 89 | Iron Syrup 200 ml | 140.00 | 179 | vitamin E 400 Softgel | 8.00 |
| 90 | Iron Cap | 4.50 | 180 | vitamin E 600 Softgel | 9.50 |
| | | | 181 | Zink 20mg tab | 5.00 |

## बजार

सुन तोला - २८४,०००
चाँदी तोला - ४३५०

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.२५ | १५२.८५ |
| युरो | - | १७५.४४ | १७६.१३ |
| पाउन्ड स्टर्लिङ | - | २०४.७७ | २०५.५८ |

# मध्य मनसुनमै चिनियाँको आगमनमा सुधार

**नागरिक संवाददाता**

*पोखरा, साउन १८*




पोखरा भित्रिएका चिनियाँ । *फाइल तस्बिर : नागरिक*

यस वर्षको जुलाई महिनामा अघिल्लो वर्षभन्दा केही बढी विदेशी पाहुना भित्रिएका छन् । नेपालमा हवाई माध्यमबाट मात्र यो जुलाईमा ७१ हजार ७७५ जना विदेशी पाहुना भित्रिएका छन्। जुलाईमा चिनियाँ पाहुनाको आगमनमा भने ह्वात्तै वृद्धि भएको छ। अघिल्ला वर्षभन्दा यो मनसुनको समयमा चिनियाँको आगमनमा वृद्धि भएको छ।

नेपाल पर्यटन बोर्डको तथ्यांक अनुसार जुलाई महिनाको यो आगमन २०२५ को जुलाईको भन्दा केही बढी हो। २०२५ को जुलाईमा नेपालमा सबैगरी ७० हजार १९३ जना विदेशी पाहुना भित्रिएका थिए। अघिल्लो वर्षको जुलाईको तुलनामा यो पटकको जुलाईमा विदेशी पाहुना आगमनमा जम्मा २.३ प्रतिशत वृद्धि भएको पर्यटन बोर्ड गण्डकीका वरिष्ठ निर्देशक मणिराज लामिछानेले बताए। 'मध्य मनसुनका बाबजुद पनि आगमनमा सामान्य वृद्धि भएको छ। आगमनमा सुधार त भएकै छ। चिनियाँ पाहुनाको आगमनले यो पटक केही उत्साह थपेको छ', उनले भने, 'उत्साहजनक रूपमा चिनियाँको आगमन वृद्धि भएको छ।' उनका अनुसार यो बेला चिनियाँका लागि नेपाल घुमघामको खास सिजन होइन तर आगमन भने वृद्धि भएको छ।

चीनमा यो बेला कलेज र विद्यालयमा गर्मी बिदा हुने भएकाले चिनियाँ पाहुनाको आगमन बढेको हुन सक्ने उनले बताए। 'स्कुल र कलेज बिदा भएपछि विद्यार्थीहरू घुम्न निस्कन पाएका छन्। बच्चाको विद्यालय बिदा भएपछि परिवारसहित घुम्न निस्कन पाउँदा चिनियाँको आगमनमा वृद्धि भएको हो', उनले भने।

कोरोना भाइरस संक्रमण सुरु हुनुअघि सन् २०१९ को जुलाईमा नेपालमा भित्रिएका चिनियाँको संख्या १० हजार २१५ रहेको थियो। त्यो आगमन खस्केर २०२५ जुलाईमा ६ हजार ८९० मा झरेको थियो तर त्यो आगमन यो जुलाईमा बढेर ११ हजार ९९ पुगेको छ। नेपालमा चिनियाँ पाहुना आगमन लामो समयदेखि खस्केको अवस्थामा अहिलेको आगमनले कोरोना अघिकै अवस्थामा फर्किने संकेत देखिएको उनले बताए।

कलेजमा बिदा, पर्यटन बोर्डले चीनका विभिन्न प्रदेशसँगको समन्वयमा गरेको प्रवर्धन कार्यक्रमले पनि चिनियाँ पाहुना नेपाल भित्र्याउन सघाएको उनले बताए। नेपालले चिनियाँ पाहुनाका लागि गरेको निःशुल्क भिसा प्रावधानले गर्दा पनि पाहुना आगमन बढाउन सहज भएको लामिछानेले बताए। 'मनसुनमा पनि चिनियाँ पाहुना वृद्धि हुँदा त्यसले व्यावसायीलाई राहत मिलेको छ। युरोपका पाहुना आगमन पछिल्लो समय कमजोर हुँदै जाँदा चिनियाँ बढेकाले पर्यटन क्षेत्रले लाभ लिएको छ', उनले भने। जुलाई महिनामा २३ हजार ४९० जना भारतीय पाहुना भित्रिए। भारतीय पाहुनाको यो आगमनले करिब ३३ प्रतिशत हिस्सा ओगटेको छ। त्यसैगरी ७ हजार ७५४ जना अमेरिकी पाहुना नेपाल भित्रिए। बाङ्लादेशका पाहुनाको आगमन चार हजार १७९ रहेको छ। बेलायती पाहुनाको आगमन भने जम्मा ३ हजार ७७३ रहेको बोर्डको तथ्यांक छ।

नेपाल भित्रिएका विदेशीमध्ये दक्षिण एसियाका पाहुनाको हिस्सा ४१.५ प्रतिशत छ। त्यस्तै एसियाका पाहुनाको हिस्सा २४ प्रतिशत रहेको छ। युरोपका पाहुनाको हिस्सा भने करिब १३ प्रतिशत रहेको छ। अमेरिकी पाहुनाको आगमन पनि १२ प्रतिशत रहेको छ।

# कोदो संरक्षणमा जुटे भरतपुरका बासिन्दा




**वसन्त ढुंगाना**

*चितवन साउन १८*

भरतपुर-८ स्थित धारेचोककी तेजकुमारी कँडेलले तीन दशक अघिसम्म कोदो रोपिन्। मकैभित्र कोदो रोपेर पाँच मुरीसम्म फलाएको अनुभव सँगालिन्। पछिल्ला वर्षमा भने कँडेलले कोदो रोप्न छाडेकी थिइन्। अहिले कोदोको महत्त्व बुझेर उनले समूहमा आबद्ध भएर फेरि कोदो रोप्न थालेकी छिन्।

'विगतमा कोदो रोपेर थाकेकी हुँ। मकैभित्र रोपेर पनि पाँच मुरीसम्म फलाइन्थ्यो', उनले भनिन्, 'अहिले किनेर खानुपरेको छ।' भरतपुरकी पुजा भुसालसँग पनि पर्वतमा ३० मुरीसम्म कोदो फलाएको अनुभव छ। यद्यपि चितवन झरेपछि उनले कोदो राप्न छोडेकी थिइन्। यस वर्ष डेढ कट्ठामा कोदो रोप्ने तयारी गरेकी छिन्।

'पहाडमा आमाबुवासँग कोदो रोप्न हिँडियो। हाम्रो घरमा कुनै दिन ६० जनासम्म कोदो रोप्ने खेतला हुन्थे', भूसालले भनिन्, '३० मुरीसम्म कोदो फल्थ्यो। अहिले कोदो रोपेर खानका लागि अरुलाई नै दिएका छौं।'

चितवनमा कोदो रोप्नेहरूको संख्या घट्दै गएको छ। पहाडबाट झरेर आएका मानिसले कोदोभन्दा अन्य बालीलाई महत्त्व दिँदा कोदो रोप्नेको संख्या घटेको हो। यद्यपि भरतपुर-९ स्थित त्रिपुरेश्वर कृषि सहकारी संस्थाले कोदो रोप्न महिलालाई आकर्षित गरेपछि यहाँका महिलाले सामूहिक तथा व्यक्तिगत रूपमा फेरि कोदो रोप्न थालेका छन्। भरतपुर-९ की कोपिला दुराले सहकारीमा आबद्ध भएपछि रोप्न छाडिएको कोदो रोप्न थालेको बताउँछिन्। 'हामीले सधैं कोदो रोप्थ्यौं, चिवतन झरेपछि चार वर्ष कोदो रोपिएन', वडा सदस्यसमेत रहेकी दुराले भनिन्, 'केही वर्षयता कोदो रोप्न थालेकी छु।' कोदो मदिरा बनाउन पनि प्रयोग गरिन्छ। मगर समुदायका लागि हरेक चाडपर्वमा मदिराको प्रयोग हुने गर्दछ। त्यसका लागि पनि मगर समुदायले कोदो रोप्ने गरेको उनी बताउँछिन्। 'जनजाति भएका नाताले पनि हामीलाई रक्सी चाहिन्छ', उनले भनिन्, 'यसवर्ष दुई कट्ठा क्षेत्रफलमा कोदो रोप्दैछु।'

भरतपुर-९ को त्रिपुरेश्वर कृषि सहकारी संस्थाले सहकारीमार्फत यहाँ रैथाने बाली कोदो संरक्षण गर्न थालिएको छ। यस कृषि सहकारीले हराउँदै गएको कोदो उत्पादन गर्न सदस्यहरू मार्फत अभियान सञ्चालन गरिरहेको जानकारी संस्थाका अध्यक्ष बेदप्रसाद सापकोटाले दिए। 'हामीले हराउँदै गएको कोदोको प्रवर्धन गर्न विगत ६ वर्षदेखि सामूहिक रूपमा कोदो रोप्दै आएका छौं', उनले भने, 'सहकारीले कोदो रोप्न थालेपछि महिला दिदीबहिनीले व्यक्तिगत रूपमा पनि रोप्न लाग्नुभएको छ।' त्रिपुरेश्वर सहकारी संस्थाले बाँझो जमिनमा कोदो रोप्न चाहने व्यक्तिलाई बिऊ समेत उपलब्ध गराउँदै आएको उनले बताए। 'हाम्रा सदस्यलाई हामी कोदोप्रति आकर्षित गर्दैछौं', उनले भने, 'खाली जमिनमा कोदो रोप्न चाहने व्यक्तिका लागि बिऊ समेत उत्पादन गरेका छौं।' यसवर्ष सहकारीले १३ कट्ठामा कोदो रोप्दै छ भने भरतपुर ८ र ९ मा १० बिघा क्षेत्रफलमा कोदो रोप्न लागिएको उनले बताए।

किसानलाई रैथाने बाली कोदोप्रति आकर्षित गर्न सामूहिक रूपमा कोदो रोप्दै आएको उनले बताए। उनले राष्ट्रिय रूपमा कोदो प्रवर्धन गर्न आफ्नो सहकारीले उल्लेख्य भूमिका निर्वाह गरेको दाबीसमेत गरे। उनका अनुसार सहकारीले कोदोको पिठोसमेत बेच्दै आएको छ। 'पछिल्ला वर्ष कोदोको महत्त्व बढ्दै आएको छ। उत्पादन भने घट्दो अवस्थामा छ', उनले भने, 'हामीले सहकारीमार्फत महिनामा १० क्विन्टलसम्म कोदोको पिठो बिक्री गर्दै आएका छौं।' कोदो पोषणका लागि पनि राम्रो हुने भएकाले किसानले बाँझो जमिनमा पनि खेती हुने भरतपुर महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख तेजेन्द्रप्रसाद पौडेलले बताए।

'कोदो रुखो जमिनमा पनि हुन्छ', उनले भने, 'यसले माटोको बढी अम्लीयपन समेत सहन सक्छ।' उनका अनुसार ८.५ युपिएस अम्लीयपनमा पनि कोदो हुन्छ। कोदोले बढी पानी र सुक्खा दुवै सहन सक्ने उनले बताए। कोदोमा रोग पनि कम लाग्ने उनले बताए। सहकारी संस्थाले गत वर्ष काभ्रेबाट चार वर्ष अघि एक केजी रैथाने कोदोको बिउ ल्याएर रोप्ने प्रबन्ध गरेको थियो। त्यसबाट ४१ केजी बिउ उत्पादन भएको थियो। त्यसमध्ये संस्थाका सदस्यलाई यस वर्ष २२ केजी बिउ वितरण गरेको थियो। अहिले आफैं बिउसमेत राख्न थालेको छ।

भरतपुर महानगरपालिका- ९ का अध्यक्ष जिवलाल कँडेलले रैथाने बाली संरक्षणमा वडा कार्यालय लागि परेको बताए। महानगरपालिकाले नै रैथाने बाली संरक्षणका लागि पहल गरिरहेको भन्दै आगामी दिनमा कोदो संरक्षणका लागि वडा तहबाट पनि काम गरिने बताए।

अहिले बजारमा कोदोको मूल्य प्रतिकेजी सय रुपैयाँभन्दा माथि छ। कोदोमा क्याल्सियम, म्याग्नेसियम, फस्फोरस, म्यागनिज, भिटामिन बी, टिप्टोफेन, फाइबर, एन्टिअक्सिडेन्ट लगायतका पोषक तत्त्व पाइन्छ।

चितवनमा कोदोको उत्पादन राम्रो हुने गरेको छ। यहाँ अन्य बालीभन्दा कम लगानी र मेहेनतमा उत्पादन गर्न सकिने भएकाले किसानका लागि समेत यो लाभदायक हुने कृषि विकास कार्यालय चितवनका प्रमुख झलकनाथ कँडेलले बताए। 'राष्ट्रिय उत्पादकत्व भन्दा चितवनमा कोदोको उत्पादकत्व बढी छ', उनले भने, 'चितवनमा प्रतिहेक्टर १.४५ मेट्रिक टन उत्पादन हुन्छ। राष्ट्रिय उत्पादकत्व १.३ मेट्रिक टन मात्र छ।'गत वर्ष चितवन जिल्लामा ७३९ हेक्टरमा कोदो खेती गरिएको उनले जानकारी दिए। त्यसमध्ये इच्छाकामना गाउँपालिकामा सबैभन्दा बढी ६०० हेक्टर हाराहारीमा कोदो रोपिएको छ। त्यसपछि कालिकामा १७३ र भरतपुर महानगरपालिकामा ९८ हेक्टरमा कोदो रोपिन्छ। यहाँ कोदोको उत्पादन एक हजार ८९ मेट्रिक टन रहेको उनले बताए।


## हिमालयन बैंक लिमिटेडको ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना !

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र धनि बैकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ। साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं ।

### तपसिल

| ऋणीको विवरण | धितो विवरण |
|---|---|
| **शाखा कार्यालयः जितपुर सिमरा शाखा, बारा** | |
| गंगा साह रौनियारको बुहारी छठु लालको छोरी वृज किशोर रौनियारको पत्नी पर्सा जिल्ला रामगढवा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित वीरगञ्ज म.न.पा. वडा नं. १०) बस्ने **शोभा देवी (ऋणी)**<br>व्यक्तिगत जमानी दिने: **वृज किशोर रौनियार, दिपशिखा रौनियार, राजन कुमार गुप्ता र साजन कुमार गुप्ता** | ऋणी **शोभा देवीको** नाममा दर्ता कायम रहेको बारा जिल्ला अमृतगंज गा.वि.स. वडा नं. २ (हाल परिवर्तित सिम्रौनगढ न.पा. वडा नं. २) स्थित कित्ता नं. ३३२ को क्षेत्रफल ०-३-१०-० (विघा) जग्गा समेत। |
| **शाखा कार्यालयः कावासोती शाखा, नवलपरासी (ब.सु.पु.)** | |
| सन्त बहादुर थापा भन्ने सिंगविर थापाको नातिनी नर बहादुर थापा भन्ने नरजित थापाको छोरी नवलपरासी जिल्ला देउराली गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित हुप्सेकोट गा.पा. वडा नं. ३) बस्ने **लिलावती सिजाली (ऋणी)**<br>व्यक्तिगत जमानी दिने: **रिमा थापा र नर बहादुर थापा भन्ने नरजित थापा** | सन्त बहादुर थापा भन्ने सिंगविर थापाको बुहारी नुलवीर माकीम मगरको छोरी नर बहादुर थापा भन्ने नरजित थापाको पत्नी **रिमा थापाको** नाममा दर्ता कायम रहेको नवलपरासी (ब.सु.पु.) जिल्ला देउराली गा.वि.स. वडा नं. ४क (हाल परिवर्तित हुप्सेकोट गा.पा. वडा नं. ३) स्थित कि.नं. १८२ को क्षेत्रफल ०-८-१५-० (विघा) को जग्गा समेत । |
| **शाखा कार्यालयः निजगढ शाखा, बारा** | |
| कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. २४७६३१/०७७/०७८ कायम भई मिति २०७७/०८/०४ मा दर्ता भएको **एस.बेकरी क्याफे प्रा.लि. (ऋणी)**<br>संचालक तथा व्यक्तिगत जमानी दिने: **अमर वहादुर श्रेष्ठ**<br>व्यक्तिगत जमानी दिने: **बोध कुमारी श्रेष्ठ र कमला देवी श्रेष्ठ** | १. हरि नारायण श्रेष्ठको बुहारी गोविन्द बहादुर श्रेष्ठको पत्नी काभ्रे जिल्ला भुम्लुटार गा.वि.स. वडा नं. ८ (हाल परिवर्तित भुम्लु गा.पा. वडा नं. ८) बस्ने कमला देवी श्रेष्ठको नाममा दर्ता कायम रहेको रौतहट जिल्ला लक्ष्मीनिया गा.वि.स. वडा नं. ८क (हाल परिवर्तित फतुवा विजयपुर गा.पा. वडा नं. ११) स्थित कित्ता नं. ३४० को क्षेत्रफल ०-६-१०-० (विघा) जग्गा समेत ।<br>२. हिमालयन बैंक लिमिटेड धनी एस.बेकरी क्याफे प्रा.लि. ऋणी कायम भई दर्ता भएको बागमती प्रदेश-०१-०२७ च ६३४२ को च्यासीस नं. MAT627129NLC25546 इन्जिन नं. REVTRN11CXXK28451 को Tata Nexon XZ+RTN BS6, 2022 निजी कार ।<br>३. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पत्तिहरु । |
| **शाखा कार्यालयः चपुर शाखा, रौतहट** | |
| १. वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट)मा प्रा.फ.र.न. ९७१२/५३२ कायम भई मिति २०७७/०६/२८ मा दर्ता भएको **रबि किराना पसल (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **दिपमाला पटेल**<br>व्यक्तिगत जमानी दिने: **राम प्रवेश प्रसाद पटेल**<br>२. राम नाथ राउत कुर्मीको नाति भोला राउतको छोरा रौतहट जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित वृन्दावन न.पा. वडा नं. ६) बस्ने **राम प्रवेश प्रसाद पटेल (ऋणी)**<br>व्यक्तिगत जमानी दिने: **दिपमाला पटेल** | १. ऋणी **राम प्रवेश प्रसाद पटेलको** नाममा दर्ता रहेको रौतहट जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित वृन्दावन न.पा. वडा नं. ६) स्थीत कित्ता नं. २१६३ को क्षेत्रफल ०-१०-०-०, कित्ता नं. २१६० को क्षेत्रफल ०-४-६-० र कित्ता नं. २८६७ को क्षेत्रफल ०-२-१९.५ (विघा) जग्गा समेत ।<br>२. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पत्तिहरु । |
| **शाखा कार्यालयः बाइपास रोड शाखा, वीरगञ्ज, पर्सा** | |
| धनमादी तिवारीको बुहारी अग्निधर चौलागाईको छोरी राम प्रसाद तिवारीको पत्नी चितवन जिल्ला भण्डारा गा.वि.स. वडा नं. ८ (राप्ती न.पा. वडा नं. ४) स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला हेटौंडा उप म.न.पा. वडा नं १२ बस्ने **तारादेवी चौलागाई** -१ र धनमादि तिवारीको नाति राम प्रसाद तिवारीको छोरा मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स.वडा नं. ७ स्थायी ठेगाना भई हाल परिवर्तित पर्सा जिल्ला वीरगञ्ज म.न.पा. वडा नं १६ बस्ने टेक प्रसाद तिवारी-१ (संयुक्त ऋणी)<br>व्यक्तिगत जमानी दिने: सपना तिवारी | **ऋणी तारादेवी चौलागाईको** नाममा दर्ता कायम रहेको पर्सा जिल्ला नगवा गा.वि.स. वडा नं.१ (हाल वीरगञ्ज म.न.पा. वडा न १६) स्थित कित्ता नं. १०३० र १७६५ को क्षेत्रफल क्रमशः ०-०-४-० र ०-०-३-० (विघा) जग्गा समेत । |

HBL Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
कर्जा असुली विभाग, कमलादी, काठमाडौं
फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं



एनएमबि सरल बचत फण्ड - इ
NMB SARAL BACHAT FUND-E
NMB MUTUAL FUND
एनएमबि म्युचुअल फण्ड

## एनएमबि म्युचुअल फण्ड
अन्तर्गत संचालित
## एनएमबि सरल बचत फण्ड-इ

**धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७८।०४।२२ मा योजना संचालन अनुमति प्राप्त**

**खुलामुखी योजना**

## भुल सुधार गरिएको सम्बन्धमा

यस **एनएमबि सरल बचत फण्ड-इ** द्वारा मिति २०८३/०४/१४ गते "नागरिक दैनिक" राष्ट्रिय दैनिकमा प्रकाशित २०८३ आषाढ मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी सूचनामा उल्लेखित विवरणमध्य आय व्यय विवरण निम्न बमोजिम हुनुपर्नेमा भुलवस त्रुटिपूर्ण रुपमा प्रकाशित हुन गएकोले उक्त विवरण सच्याइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आय व्यय विवरण**

| क्र.स. | विवरण | आषाढ मसान्त २०८३ (रु) | ज्येष्ठ मसान्त २०८३ (रु) |
|---|---|---|---|
| १ | प्राप्त भइ सकेको ब्याज तथा लाभांश आम्दानी | ६९,००१,१५९.४३ | ६८,३१६,२१३.१९ |
| २ | प्राप्त भइ नसकेको ब्याज तथा लाभांश आम्दानी | १,९३७,७२३.१४ | १,७१९,९६८.४६ |
| ३ | प्राप्त भइ नसकेको पूँजीगत आम्दानी/(नोक्सानी) | (२४१,४५४,५५४.८३) | (१४३,०४५,४६७.९५) |
| ४ | प्राप्त भइ सकेको पूँजीगत आम्दानी/(नोक्सानी) | १८७,६५०,२७२.१२ | १६४,०२६,३४३.७८ |
| ५ | अन्य आम्दानी | २३६,०९९.६० | २३४,२४०.८६ |
| | **जम्मा आम्दानी** | **१७,३७०,६९९.४६** | **९१,२५१,२९८.३४** |
| १ | योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | ७५,११६,२७७.०४ | ६७,५१८,७३७.३३ |
| २ | कोष सुपरीवेक्षक शुल्क | ४,४१८,६०४.५२ | ३,९७१,६९०.४४ |
| ३ | योजना लेखापरीक्षण शुल्क | १६९,५००.०० | १६९,५००.०० |
| ४ | वार्षिक सिडिएस तथा सफ्टवेयर जडान/मर्मत शुल्क | ३२०,०००.०० | ३२०,०००.०० |
| ५ | थप इकाइ दर्ता शुल्क (सेबोन) | ५,३५०,०००.०० | ५,३५०,०००.०० |
| ६ | थप इकाइ सूचीकरण शुल्क (सिडिएस) | ५६०,०००.०० | ५६०,०००.०० |
| ७ | अन्य खर्च | ५१६,४४१.१४ | ४७१,७९६.२६ |
| | **जम्मा खर्च** | **८६,४५०,८२२.७०** | **७८,३६१,७२४.०३** |
| | **कूल आय/(व्यय)** | **(६९,०८०,१२३.२४)** | **१२,८८९,५७४.३१** |

यस सम्बन्धमा मिति २०८३/०४/१४ गते प्रकाशित सूचनामा आय व्यय विवरण बाहेकका अन्य सम्पूर्ण विवरणहरु यथावत रहेको जानकारी यसै सूचनामार्फत गराइन्छ।

योजना व्यवस्थापक

NMB CAPITAL
एनएमबि क्यापिटल

**एनएमबि क्यापिटल लिमिटेड**
बालुवाटार-४, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५३७९६०, ९८६३३३५१२९
इमेल: info@nmbcl.com.np, info.nmbsbfe@nmbcl.com.np
वेबसाइट: www.nmbcl.com.np



## वर्गीकृत विज्ञापन/डिस्प्ले

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३।०४।१९ गते मंगलबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ११४९ को २२६५.०८ घ.फि. काठ र साल जातको दाउरा ५.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छाईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**कालिका सा.व.उ.स.**
मधुवन-४, बर्दिया

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३।०४।१९ गते मंगलबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ६२६ को १६९२.५२ घ.फि. काठ र साल, साल मिश्रित र अन्य जातको दाउरा ८.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**सरस्वती सा.व.उ.स.**
मधुवन-४, बर्दिया



## महिला प्रयास बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं-४, धुम्बाराही

### २९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०४।१९

यस संस्थाको मिति २०८३/०४/०८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २९ औं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित प्रस्तावहरु माथि छलफल हुने गरी सम्पन्न हुने व्यहोरा सदस्यज्यूहरुमा सहर्ष जानकारी गराउँदछौ। साधारण सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ।

**तपशिलः**
**मितिः** २०८३ भदौ २० गते शनिबार
**समयः** बिहान १०:०० बजेदेखि बेलुका ३:०० बजेसम्म
**स्थानः** धुम्रबराह पार्टी भेन्यु, धुम्बाराही

**प्रस्तावहरुः**
१) आ.व. २०८२/०८३ को देहाय बमोजिम वार्षिक प्रतिवेदन अनुमोदन तथा पारित सम्बन्धमा।
  क) संचालक समितिको तर्फबाट वार्षिक प्रगति प्रतिवेदन।
  ख) लेखा परिक्षण प्रतिवेदन।
  ग) लेखा सुपरिबेक्षण समितीको प्रतिवेदन।
  घ) ऋण समितिको प्रतिवेदन।
२) आ.व. ०८३/०८४ को अनुमानित बजेट तथा कार्यक्रम पारित सम्बन्धमा।
३) आ.व. ०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा।
४) संस्थाको व्यवसायिक निति तथा कार्यविधि र विनियम संशोधन तथा पारित सम्बन्धमा।
५) आ.व. २०८२/०८३ मा संचालक समितिको निर्णयले संस्थामा भए गरेका सम्पूर्ण कारोबारको अनुमोदन सम्बन्धमा।
६) संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कार्यालय प्रमुखको सेवा सुबिधा सम्बन्धमा।
७) ऋण अपलेखन सम्बन्धमा।
८) बाह्य दायित्व स्वीकार तथा सदस्यहरुको दायित्व मिनाहा सम्बन्धमा।
९) माइन्युट प्रमाणित गर्नको लागि सदस्य छनौट गर्ने सम्बन्धमा।
१०) लिलामबाट प्राप्त भएको सम्पत्ति तथा कानुनी प्रकृयाबाट प्राप्त हुन आएको अचल सम्पत्ति विक्री गर्ने सम्बन्धमा।
११) संस्था एकिकरण सम्बन्धमा।
१२) शेयर लाभांश बितरण सम्बन्धमा।
१३) विविध।

सबिता चौलागाई
सचिव

# शाखा प्रमुखको क्षमता विकासमा इन्फिनिटी लघुवित्तको जोड




काठमाडौं, साउन १८ (नागरिक)- इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले देशभरका १०२ शाखाका प्रमुखसहित व्यवस्थापन तहका कर्मचारीको सहभागितामा पोखरामा दुईदिने क्षमता अभिवृद्धि तथा समीक्षा कार्यक्रम सम्पन्न गरेको छ। संस्थागत सुशासन, जोखिम व्यवस्थापन र सेवा गुणस्तर सुदृढ गर्ने उद्देश्यले आयोजित कार्यक्रममा शाखा सञ्चालनको प्रभावकारिता बढाउने रणनीतिमा विशेष जोड दिइएको थियो। साउन १५ र १६ गते सम्पन्न कार्यक्रममा सञ्चालक समितिका अध्यक्ष विष्णुकुमार घिमिरे, प्रमुख कार्यकारी अधिकृत ज्ञानीश्वर पन्त, सञ्चालक रमेशकुमार तथा संस्थापक सेयरधनी दिनेश अधिकारीलगायतको सहभागिता रहेको थियो। कार्यक्रममा अनुगमन अधिकृत, विभागीय प्रमुख तथा व्यवस्थापन तहका पदाधिकारीसमेत सहभागी भएका थिए।

कार्यक्रममा शाखाहरूको कार्यसम्पादन, कर्जा प्रवाह तथा असुली, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन, नेतृत्व विकास र प्रभावकारी सेवा प्रवाहका विषयमा समीक्षा तथा प्रशिक्षण दिइएको संस्थाले जनाएको छ। समूहगत छलफलमार्फत देखिएका चुनौती, सुधारका उपाय र आगामी रणनीतिबारे समेत साझा निष्कर्ष निकालिएको थियो। अध्यक्ष घिमिरेले बदलिँदो वित्तीय वातावरणमा प्रभावकारी नेतृत्व र सुशासन संस्थागत सफलताको आधार भएको बताए।

# लिट्मसको 'पावर पार्टनर्स मिट २०८३' सम्पन्न

काठमाडौं, साउन १८ (नागरिक)- तार, केबल र कन्डक्टर उत्पादक लिट्मस इन्डस्ट्रिज लिमिटेडले देशभरका करिब २०० डिलरको सहभागितामा पोखरामा 'पावर पार्टनर्स मिट २०८३' सम्पन्न गरेको छ। कम्पनीले डिलर सञ्जालसँगको सहकार्य सुदृढ गर्दै बजार विस्तार र दीर्घकालीन व्यावसायिक साझेदारीलाई प्राथमिकता दिने उद्देश्यसहित कार्यक्रम आयोजना गरेको जनाएको छ।

कार्यक्रममा कम्पनीको पाँच दशकभन्दा लामो औद्योगिक यात्रा, उत्पादन क्षमता, बजार नेतृत्व, प्रविधिगत विकास तथा आगामी रणनीतिबारे प्रस्तुत गरिएको थियो। कम्पनीले अत्याधुनिक प्रविधि, निरन्तर नवप्रवर्तन र अन्तर्राष्ट्रियस्तरका उत्पादन मापदण्डमार्फत गुणस्तरीय उत्पादन उपलब्ध गराउने प्रतिबद्धता पुनः दोहोऱ्याएको छ। डिलर नेटवर्कको योगदानको कदर गर्दै उत्कृष्ट कार्यसम्पादन गरेका १२ जना डिलरलाई 'राइजिङ स्टार', 'पेमेन्ट एक्सिलेन्स' र 'लिट्मस एक्सिलेन्स अवार्ड'सहित विभिन्न विधामा सम्मान गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रबन्ध निर्देशक रोहित गुप्ताले गुणस्तर नै कम्पनीको ब्रान्डको आधार भएको जनाउँदै डिलरहरूको विश्वास र सहकार्यले नयाँ प्रविधि अपनाउन तथा बजार विस्तार गर्न प्रेरणा मिलेको बताए। कम्पनीका अनुसार बलियो च्यानल पार्टनर सञ्जालले बजार प्रतिस्पर्धा सुदृढ बनाउनुका साथै विद्युतीय तथा पूर्वाधार क्षेत्रमा स्वदेशी उत्पादनको पहुँच विस्तार गर्न सहयोग पुगेको छ। 'पावर पार्टनर्स मिट २०८३' ले साझेदारी, नवप्रवर्तन र दिगो औद्योगिक विकासप्रतिको कम्पनीको प्रतिबद्धतालाई थप मजबुत बनाएको कम्पनीले जनाएको छ।

# स्पा सेवामा सांग्रिला बैंकका ग्राहकलाई छुट



काठमाडौं, साउन १८ (नागरिक)- सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्ना ग्राहक तथा कर्मचारीलाई लक्षित गर्दै ट्र्यांक्वालिटी स्पासँग सहुलियतपूर्ण सेवा उपलब्ध गराउने सम्झौता गरेको छ। बैंकले आफ्ना सेवाग्राहीलाई थप मूल्य अभिवृद्धि गर्ने उद्देश्यले उक्त सहकार्य गरेको जनाएको छ। सम्झौताअनुसार बैंकका कर्मचारीले स्पा सेवामा २५ प्रतिशत र ब्युटी सेवामा १५ प्रतिशत छुट प्राप्त गर्नेछन्। त्यसैगरी बैंकमा खाता भएका ग्राहकले स्पा सेवामा २० प्रतिशत र व्यक्तिगत ब्युटी सेवामा १५ प्रतिशत छुट पाउने व्यवस्था गरिएको छ।

सम्झौतापत्रमा बैंकका वरिष्ठ नायब महाप्रबन्धक अपूर्वप्रसाद जोशी र ट्र्यांक्वालिटी प्रालिकी लर्निङ एन्ड डेभलपमेन्ट म्यानेजर निर्मला भोछिभोयाले हस्ताक्षर गरेका छन्। यो सुविधा २०८३ साल साउनदेखि आगामी दुई वर्षसम्म लागु रहनेछ। बैंकका अनुसार यस्ता साझेदारीमार्फत ग्राहकको बैंकिङ अनुभवलाई थप आकर्षक बनाउनुका साथै कर्मचारी कल्याणमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ।


## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

**(प्रकाशित मितिः २०८३।०४।१९ गतेको नागरिक राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः**

**१. ऋणीको नामः ओके ट्रेडर्स एण्ड सप्लायर्स** **कर्जा शिर्षकः** चालुपूंजी कर्जा
(प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा दर्ता रहेको), दर्ता नं.: १३७१६/२०७७/०७८, दर्ता मितिः २०७७/१०/२७, स्थायी लेखा नं.: ६१५१२२१९१, ठेगानाः सिराहा जिल्ला, लहान न.पा. वडा नं. २।

**प्रोप्राईटरः**
**सगम लाल महतोः** ना.प्र.प.नं (जारी मिति/स्थान): ९४९/६१५ (२०४२/०८/१३/सिरहा), बाजेको नामः सितल महतो, बाबुको नामः डोमी महतो, ठेगानाः सिरहा जिल्ला, लहान न.पा., वडा नं. २।

**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. केशी देवि महतोः** ना.प्र.प.नं (जारी मिति/स्थान): १४५६ (२०४२/१२/२६/सिरहा), बाबुको नामः फनिलाल महतो, ससुराको नामः डोमी महतो, पतिको नामः सगम लाल महतो, ठेगानाः सिराहा जिल्ला, लहान न.पा., वडा नं. २।
**ख. कृष्ण कुमार महतोः** ना.प्र.प.नं (जारी मिति/स्थान): १५२००५/६०७० (२०६८/०१/१९/लाहान, सिराहा), बाजेको नामः डोमी महतो, बाबुको नामः सगम लाल महतो, ठेगाना : सिरहा जिल्ला, लहान न.पा., वडा नं. २।
**ग. ओम सिंहः** ना.प्र.प.नं (जारी मिति/स्थान): १५२००५/१२५७२ (२०७०/०३/०२/लाहान, सिराहा), बाजेको नामः डोमी महतो, बाबुको नामः सगम लाल महतो, ठेगानाः सिराहा जिल्ला, लहान न.पा., वडा नं. २।

**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
सितल महतोको नाति, डोमी महतोको छोरा, सिरहा जिल्ला, लहान न.पा., वडा नं. २ बस्ने **सगम लाल महतो**को नाममा मालपोत कार्यालय लहान, सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरूः
**क.** सिराहा जिल्ला, सिग्राही मटिअर्वा गा.वि.स./न.पा., वडा नं./नक्सा सिट नं. ९ स्थित कि.न. ८८७ र ८८८ को क्षेत्रफल क्रमशः ३३८.६४ र ३६४.०२ व.मि. को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
**ख.** सिराहा जिल्ला, लाहान बजार गा.वि.स./न.पा., वडा नं. ९, नक्सा सिट नं. ९ख स्थित कि.न. ११७६ को क्षेत्रफल ६६८.८१ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**२. ऋणीको नामः बेष्ट कस्मेटिक्स उद्योग** **कर्जा शिर्षकः** क्यास क्रेडिट
(प्रदेश सरकार, ५ नं. प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा दर्ता रहेको), दर्ता नं.: ७७१/०७३/७४, दर्ता मितिः २०७३/०८/०२, स्थायी लेखा नं.: ६०५५३१२८०, ठेगानाः रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १५।

**साझेदार तथा व्यक्तिगत जमानतकर्ताहरुः**
**क. शान्ति शर्माः** ना.प्र.प.नं.(जारी मिति/स्थान): ३६/२५७४१(२०५८/१२/१८/नवलपरासी), बाजेको नामः टिकाराम तिमिल्सिना, बाबुको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।
**ख. दिपक तिमिलसिनाः** ना.प्र.प.नं.(जारी मिति/स्थान): १९३५९(२०५१/०९/२५/नवलपरासी), बाजेको नामः टिकाराम तिमिल्सिना, बाबुको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।

**व्यक्तिगत जमानतकर्ताः**
**यमकान्ती तीमील्सीनाः** ना.प्र.प.नं.(जारी मिति/स्थान): १२/२४८(२०४५/०१/१८/नवलपरासी), बाबुको नामः उमाकान्त न्यौपाने, ससुराको नामः टिकाराम तिमिल्सिना, पतिको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।

**३. ऋणीको नामः शान्ति शर्मा** **कर्जा शिर्षकः** आवास कर्जा
ना.प्र.प.नं.(जारी मिति/स्थान): ३६/२५७४१(२०५८/१२/१८/नवलपरासी), बाजेको नामः टिकाराम तिमिल्सिना, बाबुको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. दिपक तिमिलसिनाः** ना.प्र.प.नं.(जारी मिति/स्थान): १९३५९(२०५१/०९/२५/नवलपरासी), बाजेको नामः टिकाराम तिमिल्सिना, बाबुको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।
**ख. यमकान्ती तीमील्सीनाः** ना.प्र.प.नं.(जारी मिति/स्थान): १२/२४८(२०४५/०१/१८/नवलपरासी), बाबुको नामः उमाकान्त न्यौपाने, ससुराको नामः टिकाराम तिमिल्सिना, पतिको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।

**४. ऋणीको नामः राधा तिमिल्सिना** **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं.(जारी मिति/स्थान): ३६३०३७/१३१(२०६३/१०/२४/नवलपरासी), बाबुको नामः श्याम लाल ढुंगाना, ससुराको नामः पुरुषोत्तम तिमिल्सिना, पतिको नामः दिपक तिमिलसिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. दिपक तिमिलसिनाः** ना.प्र.प.नं.(जारी मिति/स्थान): १९३५९(२०५१/०९/२५/नवलपरासी), बाजेको नामः टिकाराम तिमिल्सिना, बाबुको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।
**ख. शान्ति शर्माः** ना.प्र.प.नं.(जारी मिति/स्थान): ३६/२५७४१(२०५८/१२/१८/नवलपरासी), बाजेको नामः टिकाराम तिमिल्सिना, बाबुको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।

**ऋणी बेष्ट कस्मेटिक्स उद्योग, ऋणी शान्ति शर्मा र ऋणी राधा तिमिल्सिनाको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः**
टिकाराम तिमिल्सिनाको नातिनी, पुरुषोत्तम तिमिल्सिनाको छोरी, नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२ बस्ने **शान्ति शर्मा**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, सेमलार गा.वि.स./न.पा., वडा नं. २, नक्सा सिट नं. २घ स्थित कि.न. १५४८ को क्षेत्रफल ०-०-१० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**५. ऋणीको नामः दिपक तिमिलसिना** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं.(जारी मिति/स्थान): १९३५९(२०५१/०९/२५/नवलपरासी), बाजेको नामः टिकाराम तिमिल्सिना, बाबुको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।

**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. यमकान्ती तीमील्सीनाः** ना.प्र.प.नं.(जारी मिति/स्थान): १२/२४८(२०४५/०१/१८/नवलपरासी), बाबुको नामः उमाकान्त न्यौपाने, ससुराको नामः टिकाराम तिमिल्सिना, पतिको नामः पुरुषोत्तम तिमिल्सिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।
**ख. राधा तिमिल्सिनाः** ना.प्र.प.नं.(जारी मिति/स्थान): ३६३०३७/१३१(२०६३/१०/२४/नवलपरासी), बाबुको नामः श्याम लाल ढुंगाना, ससुराको नामः पुरुषोत्तम तिमिल्सिना, पतिको नामः दिपक तिमिलसिना, ठेगानाः नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
उमाकान्त न्यौपानेको छोरी, टिकाराम तिमिल्सिनाको बुहारी, पुरुषोत्तम तिमिल्सिनाको पत्नी, नवलपरासी जिल्ला, धुरकोट गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, वुटवल उ.म.न.पा., वडा नं. १२ बस्ने **यमकान्ती तीमील्सीना**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, धुरकोट गा.वि.स./न.पा., वडा नं./नक्सा सिट नं. १ स्थित कि.न. ७७९ को क्षेत्रफल ५०४७.५४ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**६. ऋणीको नामः दुर्गा बहादुर पोखरेल** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्रफ्ट र सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३९१०४८/५१९(२०६३/११/२१/पाल्पा), बाजेको नामः लोक बहादुर पोखरेल, बाबुको नामः दान बहादुर पोखरेल, ठेगानाः पाल्पा जिल्ला, भैरवस्थान गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ३।

**व्यक्तिगत जमानतकर्ताः**
**विष्णु माया क्षेत्रीः** ना.प्र.प.नं (जारी मिति/स्थान): १५४० (२०५३/०४/१६/रूपन्देही), बाबुको नामः कालुराम क्षेत्री, ससुराको नामः दान बहादुर पोखरेल, पतिको नामः दुर्गा बहादुर पोखरेल, ठेगानाः रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ३।

**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
कालुराम क्षेत्रीको छोरी, दान बहादुर पोखरेलको बुहारी, दुर्गा बहादुर पोखरेलको पत्नी, रूपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला,तिलोत्तमा न.पा. वडा नं. ३ बस्ने **विष्णु माया क्षेत्री**को नाममा मालपोत कार्यालय बुटवल, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा. वडा नं. ३, नक्सा सीट नं. ३ख स्थित कि.न. ९५४० को क्षेत्रफल ०-१-४$^{1/2}$ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९



## ग्लोबल आइएमई बैंक लिमिटेडको
## धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०८३/०४/१९ गतेको नागरिक राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात् कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरी नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत् बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।
साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनुहुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रकृया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

### कोहलपुर शाखा, बाँके

**ऋणीको विवरण**

| | | |
|---|---|---|
| १. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँकेमा प्रा.फ.र.नं. १९४४४/०६७/०६८ अन्तर्गत मिति २०६७/०९/१८ मा दर्ता कायम भएको **न्यू गण्डकी जनरल स्टोर्स**<br>फर्म दर्ता ठेगाना : कोहलपुर न.पा.-११, बाँके<br>स्थायी लेखा नं. ३०४५४९०२१, मिति : २०६७/०९/१८<br>**प्रोप्राइटर : शिव कुमार पौडेल**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट, अल्पकालिन तथा आवधिक कर्जा** | २. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँकेमा प्रा.फ.र.नं.२२६९४/०७०/०७१ अन्तर्गत मिति २०७०/०६/१३ मा दर्ता कायम भएको **गण्डकी जनरल स्टोर्स एण्ड अर्डर सप्लायर्स**<br>फर्म दर्ता ठेगाना : कोहलपुर -३, बाँके<br>स्थायी लेखा नं. ६०१५४१५६४, मिति : २०७०/०६/१४<br>**प्रोप्राइटर : अन्जु अधिकारी**<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **३. अन्जु अधिकारी**<br>**कर्जा शिर्षक : घर कर्जा** |

| व्यक्तिगत जमानत दिनेको विवरण | | धितोको विवरण (घरजग्गाको विवरण) |
|---|---|---|
| **अन्जु अधिकारी**<br>ना.प्र.नं. १५८८४, जारी मिति : २०५८/०९/१७<br>जि.प्र.का. बर्दिया<br>बाबुको नाम : कृष्ण राज अधिकारी<br>पतिको नाम : शिव कुमार पौडेल<br>ससुराको नाम : रमेश चन्द्र पौडेल<br>स्थायी ठेगाना : सोनाश्री-३, बर्दिया<br>हालको ठेगाना : कोहलपुर न.पा.-११, बाँके | **शिव कुमार पौडेल**<br>ना.प्र.नं. ८५५८-बर्दिया<br>जारी मिति : २०५६/१२/०४<br>ई.प्र.का. कोहलपुर, बाँके<br>बाबुको नाम : रमेश चन्द्र पौडेल<br>बाजेको नाम : भवानी शंकर पौडेल<br>स्थायी ठेगाना : पदनाहा-९, बर्दिया<br>हालको ठेगाना : कोहलपुर न.पा.-११, बाँके | कृष्णराज अधिकारीको छोरी, रमेश चन्द्र पौडेलको बुहारी, शिव कुमार पौडेलको पत्नी, अन्जु अधिकारीको नाममा मालपोत कार्यालय, कोहलपुर, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, चटार गा.वि.स. (हालः कोहलपुर न.पा.) वडा नं. ३ ग स्थित कि.नं. १२६३ र १२६४ को क्षेत्रफल क्रमशः ०-०-११-० र ०-१-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

| ऋणीको विवरण | | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ४. प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नेपालगंज, बाँकेमा प्रा.फ.द.नं. ११८८/९५३१/०७७/०७८ अन्तर्गत मिति २०७७/०९/२४ मा दर्ता कायम भएको **श्री बज्र योगिनी फर्निचर उद्योग**<br>फर्म दर्ता ठेगाना : नेपालगंज उ.म.न.पा. - १, बाँके<br>स्थायी लेखा नं. ३०५६५०६६३, मिति : २०६९/०६/१६<br>**प्रोप्राइटर तथा जमानतकर्ता : ओम बहादुर बस्नेत**<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **५. ओम बहादुर बस्नेत**<br>ना.प्र.नं. ८५०८<br>जारी मिति : २०५८/१०/०९<br>जि.प्र.का. बाँके<br>बाबुको नाम : दल बहादुर बस्नेत<br>बाजेको नाम : नैन बहादुर बस्नेत<br>स्थायी ठेगाना : नेपालगंज न.पा.- १, बाँके<br>**कर्जा शिर्षक : सवारी साधन कर्जा** | **कमला देवी शाही**<br>ना.प्र.नं. २९४३<br>जारी मिति : २०३१/०२/०८<br>जि.प्र.का. बाँके<br>बाबुको नाम : भुवन सिंह पन्थ खत्री<br>पतिको नाम : दल बहादुर बस्नेत<br>ससुराको नाम : नैन बहादुर बस्नेत<br>स्थायी ठेगाना : नेपालगंज - २, बाँके |

**धितोको विवरण (जग्गाको विवरण)**
भुवन सिंह पन्थ खत्रीको छोरी, नैन बहादुर बस्नेतको बुहारी, दल बहादुर बस्नेतको पत्नी, कमला देवी शाहीको नाममा मालपोत कार्यालय, नेपालगंज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. १ स्थित कि.नं. १३३ को क्षेत्रफल १३६.२० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**सवारी साधनको विवरण (ऋणि ओम बहादुर बस्नेतका लागी मात्र)**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | इन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|---|
| Force Traveller 14+D Minibus | लु २ ख ५१९५ | २०२० | D67041810 | MC1E4CMA6MP062154 |

**नोटः** यस बैंकको नाममा रहेको उल्लेखित सवारी साधन हाल बैंकको नियन्त्रणमा नरहेकोले लिलाम प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्तालाई सुचित गरिन्छ।

### बिर्तामोड शाखा, झापा

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|
| नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं १९१६५८/७४/०७५ अन्तर्गत मिति २०७५/०२/३१ मा दर्ता कायम भएको **जगत माता पाथिभरा यातायात एण्ड अटो कम्पनी प्रा.लि**<br>कम्पनी दर्ता ठेगाना : बिर्तामोड न.पा -०३, झापा<br>स्थायी लेखा नं. ६०६६८२८२४, मिति : २०७५/०५/१९<br>**संचालक : सरोज न्यौपाने**<br>**कर्जा शिर्षक : सवारी साधन कर्जा** | **सरोज न्यौपाने**<br>ना.प्र.नं. २०३०८<br>जारी मिति : २०६२/०१/२१<br>ई. प्र. का. उर्लाबारी, मोरङ<br>बाबुको नाम : देवी बहादुर न्यौपाने<br>बाजेको नाम : काली बहादुर न्यौपाने<br>स्थायी ठेगाना : राजघाट-२, मोरङ<br>हालको ठेगाना : बिर्तामोड न.पा -१, झापा | **आरती पनेरु**<br>ना.प्र.नं. ०५२०२४-२४५७<br>जारी मिति : २०६६/०४/१४, ई. प्र. का. रंगेली, मोरङ<br>बाबुको नाम : सुरेन्द्र प्रसाद पनेरु<br>पतिको नाम : सरोज न्यौपाने<br>ससुराको नाम : देवी बहादुर न्यौपाने<br>स्थायी ठेगाना : दर्बेशा - ९, मोरङ<br>हालको ठेगाना : बिर्तामोड न.पा- १, झापा |

**धितोको विवरण (सवारी साधनको विवरण)**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | इन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|---|
| ASHOK LEYLAND BUS ALPSV 4/255 | प्रदेश १-०१-००१ ख-३४११ | २०१७ | HFEZ406390 | MB1PBEFD4HEXY9440 |
| ASHOK LEYLAND BUS ALPSV 4/255 | प्रदेश १-०१-००१ ख-३४१० | २०१७ | HFEZ406032 | MB1PBEFD4HEXY9437 |

### खैरेनीटार शाखा, तनहुँ

| ऋणीको विवरण | | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|---|
| १. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कास्की, गण्डकी प्रदेशमा, प्रा.फ.र.न. १८७१३/०७६ /०७७ अन्तर्गत मिति २०७६/१०/२८ मा दर्ता कायम भएको **दिप्रान्त ट्रेडर्स**<br>फर्म दर्ता ठेगाना : पोखरा म.न.पा -३२, कास्की<br>स्थायी लेखा नं. ३०४७६५२८५<br>मिति : २०७६/१०/२८<br>**प्रोप्राइटर तथा जमानतकर्ता : दिपक खाँड ठकुरी**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा** | **२. दिपक खाँड ठकुरी**<br>ना.प्र.नं. ५७६९८<br>जारी मिति : २०५४/०८/१०<br>जि. प्र. का. कास्की<br>बाबुको नाम : तिलक बहादुर खाँड ठकुरी<br>बाजेको नाम : भिन बहादुर खाँड ठकुरी<br>स्थायी ठेगाना : लेखनाथ -१३, कास्की<br>हालको ठेगाना : पोखरा म.न.पा -३२, कास्की<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **तिलक बहादुर खाँड ठकुरी**<br>ना.प्र.नं. १०६८७३<br>जारी मिति : २०५७/०३/१५<br>जि. प्र. का. कास्की<br>बाबुको नाम : भिन बहादुर खाँड ठकुरी<br>बाजेको नाम : शेर बहादुर खाँड ठकुरी<br>स्थायी ठेगाना : लेखनाथ -१३, कास्की<br>हालको ठेगाना : पोखरा म.न.पा -३२, कास्की | **सपना के.सी.खाँड ठकुरी**<br>ना.प्र.नं. ४६३०२३/३५३<br>जारी मिति : २०६३/११/१५<br>जि. प्र. का. कास्की<br>बाबुको नाम : इन्द्र बहादुर के.सी.<br>पतिको नाम : दिपक खाँड ठकुरी<br>ससुराको नाम : तिलक बहादुर खाँड ठकुरी<br>स्थायी ठेगाना : पोखरा म.न.पा -३२, कास्की |

**धितोको विवरण (घर/जग्गाको विवरण)**

**ऋणी दिप्रान्त ट्रेडर्सका लागि मात्र धितो सुरक्षण रहेको**
१. शेर बहादुर खाँड ठकुरीको नाती, भिन बहादुर खांड ठकुरीको छोरा, तिलक बहादुर खांड ठकुरीको नाममा मालपोत कार्यालय दमौली तनहुँमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, कर्लुङ गा.वि.स./न.पा. वडा नं. ६ भ स्थित कित्ता नं. ७१३ को क्षेत्रफल १-०-०-० रोपनीको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. शेर बहादुर खाँड ठकुरीको नाती, भिन बहादुर खांड ठकुरीको छोरा, तिलक बहादुर खांड ठकुरीको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. १२६४६ को क्षेत्रफल ०-५-१-० रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**ऋणी दिपक खांड ठकुरीका लागि मात्र धितो सुरक्षण रहेको**
शेर बहादुर खाँड ठकुरीको नाती, भिन बहादुर खांड ठकुरीको छोरा, तिलक बहादुर खांड ठकुरीको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, कर्लुङ गा.वि.स./न.पा. वडा नं. ६ ज स्थित कित्ता नं. ७०७ को क्षेत्रफल ०-११-०-१ रोपनीको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरुः**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुड फर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसके को अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभएसम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रवापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समयसीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ भाद्र ०२ गते (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति : २०८३ भाद्र ०३ गते, समय : दिउँसो ३ बजे, स्थान : सम्बन्धित शाखा कार्यालयमा**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्टः ०१-५९७०६००**

# इन्फान्टिनोमाथि दबाब

**फिफा प्रतियोगिताहरूमा निजी लगानीकर्तालाई स्वामित्व हिस्सा बिक्री गर्ने फिफा अध्यक्ष जियानी इन्फान्टिनोको विवादास्पद योजना असफल भएपछि उत्पन्न विवादका बिच इङ्ल्यान्ड फुटबल संघ (एफए) ले उनलाई दिएको समर्थन फिर्ता लिएको छ।**

लन्डन, साउन १८ (एजेन्सी)- इङ्ल्यान्ड फुटबल संघ (एफए) ले विश्व फुटबल महासंघ (फिफा) अध्यक्ष जियानी इन्फान्टिनोलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेपछि विश्व फुटबलको नेतृत्वमाथि दबाब बढेको छ।

फिफा प्रतियोगिताहरूमा निजी लगानीकर्तालाई स्वामित्व हिस्सा बिक्री गर्ने इन्फान्टिनोको विवादास्पद योजना असफल भएपछि उत्पन्न विवादका बिच एफएले यस्तो कदम चाल्न लागेको हो। उसले अब औपचारिक पत्र नै पठाउने निर्णय गरेपछि विश्व फुटबलको नेतृत्वमाथि दबाब बढेको हो। युरोपेली फुटबल महासंघ (युइएफए) ले उक्त योजनाविरुद्ध कानुनी कारबाहीको चेतावनी दिइरहेको छ। वेल्स फुटबल संघले पनि इन्फान्टिनोको फिफा अध्यक्षका रूपमा निरन्तरता पाउने प्रयासलाई दिएको समर्थन सार्वजनिक रूपमा फिर्ता लिएको छ। आगामी मार्चमा इन्फान्टिनो चौथो तथा अन्तिम कार्यकालका लागि पुनः फिफा अध्यक्ष पदमा उम्मेदवारी दिने तयारीमा छन्। विजयी हुन उनले फिफाका २११ सदस्य संघमध्ये कम्तीमा १०६ मत प्राप्त गर्नुपर्नेछ।

इङ्लिस मिडियाका अनुसार स्कटल्यान्ड फुटबल संघको धारणा पनि इन्फान्टिनोको भविष्यका विषयमा युइएफएको जस्तै छ। ५६ वर्षीय इन्फान्टिनोप्रति युइएफएले व्यक्त गरेको अविश्वाससँग स्कटल्यान्ड फुटबल पनि सहमत देखिएको छ। यसअघि नै युरोप, उत्तर तथा मध्य अमेरिका र क्यारेबियन क्षेत्रका फुटबल नियामक संस्थाहरूले इन्फान्टिनोको नेतृत्वमाथि प्रश्न उठाइसकेका छन्। युइएफए र कन्काकाफले संयुक्त रूपमा नै उक्त योजनाको आलोचना गरेका थिए। इन्फान्टिनो र फिफाले विश्वकपसहित आफ्ना प्रमुख प्रतियोगिताहरू सञ्चालन गर्न छुट्टै व्यावसायिक सहायक कम्पनी स्थापना गर्ने योजना बनाएका थिए। त्यसमा बाह्य लगानीकर्तालाई स्वामित्वको हिस्सा खरिद गर्ने अवसर दिइने प्रस्ताव थियो।

फिफाले फिफा फरवार्ड इन्टरप्राइज (एफएफई) नामक नयाँ सहायक कम्पनीमार्फत तेस्रो पक्षलाई अल्पमत (नियन्त्रण नहुने) लगानी गर्न आमन्त्रण गरिने जनाएको थियो। युइएफएले इन्फान्टिनोलाई पठाएको पत्रमा फिफाले प्रस्ताव गरेको एफएफई योजनासम्बन्धी विषयमा कानुनी कारबाही, मध्यस्थता वा नियामकीय उजुरी दर्ता गर्ने विषय सक्रिय रूपमा विचार गरिरहेको उल्लेख छ। फिफालाई तत्काल सबै कागजात र विद्युतीय अभिलेख सुरक्षित राख्न युइएफएले आग्रह गरेको छ। आन्तरिक नीतिअनुसार नियमित रूपमा कागजात नष्ट गर्ने वा डिजिटल अभिलेख मेटाउने प्रक्रियाबाट स्वतन्त्र रूपमा सबै प्रमाण सुरक्षित राख्नुपर्ने उसको माग छ।

इन्फान्टिनोले फिफाका सबै (२११) सदस्य संघलाई पत्र लेख्दै आफ्नो प्रस्ताव समर्थन गरे प्रत्येक संघले चार करोड अमेरिकी डलर दिने उल्लेख गरेको थियो। त्यसमध्ये पहिलो किस्ताका रूपमा २ करोड अमेरिकी डलर प्राप्त गर्न चाहने सदस्य संघहरूले सेप्टेम्बर १९ भित्र समर्थन जनाउनुपर्ने समयसीमा तोकिएको थियो। एफएफइका लागि प्रस्तावित लगानीकर्ता समूहको नेतृत्व थ्राइभ इटरनलले गर्ने अपेक्षा गरिएको थियो। जोशुआ कुशनरको थ्राइभ अमेरिकी भेन्चर क्यापिटल कम्पनी हो। उनी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्र्म्पका ज्वाइ जारेड कुशनरका भाइ हुन्। युइएफएले लगानी योजनासम्बन्धी सबै कागजात उपलब्ध गराउन माग गर्दै इमेल, तत्काल सन्देश आदानप्रदान, एसएमएस र लिखित पत्राचार, प्रायोजक वा वित्तीय संस्थासँग सम्बन्धित सबै अभिलेख सुरक्षित राख्न आग्रह गरेको छ।



**आगामी मार्चमा इन्फान्टिनो चौथो तथा अन्तिम कार्यकालका लागि पुनः फिफा अध्यक्ष पदमा उम्मेदवारी दिने तयारीमा छन्। विजयी हुन उनले फिफाका २११ सदस्य संघमध्ये कम्तीमा १०६ मत प्राप्त गर्नुपर्नेछ।**




फिफा अध्यक्ष जियानी इन्फान्टिनो र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प (माथि) र युइएफएका अध्यक्ष एलेक्जेन्डर सेफेरिन र इन्फान्टिनो। *तस्बिर : एपी*

सेप्टेम्बर १९ को समयसीमालाई उल्लेख गर्दै युइएफएले फिफा सदस्य संघलाई गरिने भुक्तानी संरचना, त्यसको प्रारूप, वित्तीय मोडेल, कानुनी आधार, स्वीकृति प्रक्रिया तथा सदस्य संघसँग भएका सम्पूर्ण पत्राचारसम्बन्धी कागजात पनि सुरक्षित राख्नुपर्ने माग गरेको छ। युइएफएले इन्फान्टिनोलाई आफ्नो पत्र प्राप्त भएको पाँच कार्यदिनभित्र लिखित रूपमा पुष्टि गर्न आग्रह गरेको छ। युइएफएका उपाध्यक्ष लौरा म्याकएलिस्टरले एफएफई योजनासँग सम्बन्धित युरोपेली फुटबल महासंघको सम्भावित कानुनी कारबाहीलाई अत्यन्त कमजोर प्रशासनिक प्रक्रियाविरुद्ध स्पष्ट रूपमा कारबाहीको आह्वान भएको बताएकी छन्। उनले इन्फान्टिनोप्रतिको समर्थन फिर्ता लिने अभियानमा अन्य सदस्य संघ पनि सहभागी हुने आशा व्यक्त गर्दै यसलाई विश्व फुटबलको इतिहासमा ठूलो मोडको रूपमा वर्णन गरिन्।

'एकतर्फी योजनाका कारण उत्पन्न हुने समस्या समाधान गर्दै मात्रै हामी सधैं अघि बढ्न सक्दैनौं,'म्याकएलिस्टरले भनिन्,'म साँच्चै आशा गर्छु कि अब अर्को वर्ष फिफामा नेतृत्व परिवर्तन हुनेछ।' सर्बिया र फिनल्यान्डले पनि इन्फान्टिनोलाई दिएको समर्थन फिर्ता लिएसँगै उनीमाथिको दबाब बढ्दै गएको छ। तर कतार, लेबनान, कुवेत र श्रीलंकाले भने इन्फान्टिनोको नेतृत्वलाई निरन्तर समर्थन गर्ने प्रतिबद्धता जनाएका छन्। फिफाको निर्वाचन संरचनाअनुसार युइएफासँग ५५, अफ्रिकासँग ५४, एसियासँग ४६, कन्काकाफसँग ३५, ओसियानियासँग ११ र दक्षिण अमेरिकी फुटबल महासंघ (कोन्मेबोल) सँग १० मत छन्। एसियाली फुटबल महासंघ (एएफसी) ले युइएफए र कन्काकाफसँग ऐक्यबद्धता जनाएको छ। तर अफ्रिका, कोन्मेबोल र ओसियानियाले हालसम्म इन्फान्टिनोको योजनाको सार्वजनिक रूपमा आलोचना गरेका छैनन्।

यद्यपि फिफा परिषद्ले आपत्कालीन बैठकमार्फत इन्फान्टिनोलाई पदबाट राजीनामा दिन दबाब दिन सक्ने सम्भावना रहेको छ। यसका लागि फिफा परिषद्का ३७ सदस्यमध्ये कम्तीमा १९ जनाले आपत्कालीन बैठकको माग गर्नुपर्नेछ। त्यस्तो बैठक माग भएको दुई साताभित्र बस्नुपर्ने व्यवस्था छ। फिफा परिषद्मा युइएफएका ९, एएफसीका ७, कन्काकाफका ५, अफ्रिकाका ६, कोन्मेबोलका ५ र ओसियानियाका ३ सदस्य छन्। यसबाहेक अध्यक्ष जियानी इन्फान्टिनो र महासचिव माटियास ग्राफस्ट्रोम पनि परिषद्का सदस्य हुन्।

## एनबिएफए र मित्रश्री फाइनलमा



काठमाडौं साउन १८ (नागरिक)- एनबिएफए र मित्रश्री पाठशालाले पाँचौं भ्याली पब्लिक अन्तरविद्यालय फुटसल प्रतियोगिताको यु-१२ ब्वाइजतर्फ फाइनलमा पुगेका छन्। बुढानीलकण्ठ नगरपालिकाको भंगालस्थित आयोजक भ्याली पब्लिकमा भएको सेमिफाइनलमा एनबिएफएले डाफोडिललाई २-१ गोलले पराजित गऱ्यो। एनबिएफएका आरुष दाहालले २ गोल गरे। डाफोडिलका जेभिसले सान्त्वना गोल गरे। अर्को सेमिफाइनलमा मित्रश्रीले ब्रह्मकुञ्जलाई ३-२ गोलले हरायो। मित्रश्रीका ऋषभले २ गोल गरे। अर्को गोल आत्मघाती थियो। ब्रह्मकुञ्जका सत्यम र आयुशले समान १/१ गोल गरे। यु-१६ ब्वाइजमा एलआरआई र निम्स सेमिफाइनलमा पुगे। एलआरआईले डाफोडिललाई ३-० गोलले हरायो। एलआरआईका आशुतोषले २ तथा दीक्षान्तले १ गोल गरे। निम्सले रिब्सलाई २-० गोलले पाखा लगायो। निम्सका करणले २ गोल गरे।

यु-१६ गर्ल्समा कौस्तुभ एकेडेमी र ब्रह्मकुञ्ज उपाधिका लागि भिड्ने भएका छन्। कौस्तुभले गोल्डेनपिकमाथि २-० को जित दर्ता गऱ्यो। कौस्तुभकी मीरा बस्नेत र सुहवीले समान १/१ गोल गरे। ब्रह्मकुञ्जले भ्याली पब्लिकको चुनौती २-० गोलले पन्छायो। विजयी टिमका लागि आशिका र सन्जिराले १/१ गोल गरे। यु-१२ ब्वाइजमा ब्रह्ककुञ्ज, यु-१६ ब्वाइजमा रिब्स र यु-१६ गर्ल्समा गोल्डेनपिक तेस्रो बने। ब्रह्मकुञ्जले डाफोडिललाई टाइब्रेकरमा २-१, रिब्सले डाफोडिललाई ५-२ र गोल्डेनपिकले भ्याली पब्लिकलाई १-० गोलले पराजित गरे। फाइनल मंगलबार हुनेछ।

## हेराल्ड इन्टरनेसनल र सिसिआरसी विजयी



काठमाडौं, साउन १८ (नागरिक)- हेराल्ड इन्टरनेसनल कलेज र सिसिआरसी सोमबार प्रथम प्याराडाइस अन्तरकलेज बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ विजयी भएका छन्। हेराल्डले ग्रिनफिल्डलाई ४२-३७ तथा सिसिआरसीले न्युटनलाई ४८-३४ ले पराजित गरे। हेराल्डका डेविड राईले १२ तथा सिसिआरसीका रोहन महतले १८ अंक जोडे। ब्वाइजमै जेभियर इन्टरनेसनल कलेजले एलआरआईलाई ६४-५०, गोल्डेनगेट इन्टरनेसनल कलेजले सत्य साईलाई ४४-३२ र मनास्लुले निम्सलाई ६७-५२ ले हराए। जेभियरका रोशन नगरकोटीले १८, गोल्डेनगेटका नेल्सन श्रेष्ठले १९ र मनास्लुका सिद कार्कीले १२ स्कोर गरे।

टोखाको साईबाबा चोकस्थित आयोजक प्याराडाइस स्पोर्ट्स एकेडेमीको हलमा भइरहेको प्रतियोगिताको गर्ल्सतर्फ एलआरआईले जेभियर 'बी' लाई ३०-१९ तथा गोल्डेनगेटले जेभियर 'ए' लाई ३४-२६ ले हराए। एलआरआईकी लुनिभा सिंहले १४ तथा गोल्डेनगेटकी एन्जल गुप्ताले १० अंक जोडे।

## अन्तिम चारमा संस्कृति र तेजस्वी




काठमाडौं साउन १८ (नागरिक)- आयोजक संस्कृति शिक्षा सदन र तेजस्वी एकेडेमी १०औं टोप्स अन्तरविद्यालय फुटसल प्रतियोगिताको सिनियर गर्ल्सतर्फ सोमबार सेमिफाइनलमा प्रवेश गरेका छन्। टिम अफ प्रोग्रेसिभ स्कुल (टोप्स) को वार्षिक कार्यक्रमअनुसार भइरहेको प्रतियोगितामा संस्कृतिले निम्बल एकेडेमीलाई १-० तथा तेजस्वीले पास्कल इन्टरनेसनल एकेडेमीलाई १-० गोलले पराजित गरे।

तारकेश्वर नगरपालिकाको लोलाङस्थित आयोजक संस्कृतिमै भइरहेको प्रतियोगिताको सिनियर गर्ल्समै इडिफाइ इन्टरनेसनल स्कुलले काठमाडौं लिटिल ब्लोसम्सलाई २-० तथा ल्यान्डमार्क एकेडेमीले बेलमोन्ट इन्टरनेसनल स्कुललाई २-० ले हराउँदै सेमिफाइनल स्थान सुरक्षित गरे। प्रतियोगिताको टोप्सका अध्यक्ष भरतमणि पोखरेलले एक कार्यक्रमबिच उद्घाटन गरे। दोस्रो दिन मंगलबार जुनियर ब्वाइजको खेल हुनेछ। अध्यक्ष पोखरेलले प्रतियोगिताले विद्यालयस्तरमा खेलकुद संस्कृतिको विकास, अनुशासन, स्वस्थ प्रतिस्पर्धा तथा नयाँ खेल प्रतिभाको पहिचान र प्रोत्साहनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

संकृति शिक्षा सदनका व्यवस्थापन निर्देशक रवि केसीले विद्यालयस्तरका यस्ता प्रतियोगिताले विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताए। संस्कृति शिक्षा सदनका संयोजक प्रकाश न्यौपानेले प्रतियोगितालाई सफल बनाउन सहयोग गर्ने टोप्स परिवार, सहभागी विद्यालय, खेलाडी, प्रशिक्षक, निर्णायक, शिक्षक, स्वयंसेवक तथा सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद व्यक्त गरे। प्रतियोगितामा सिनियर र जुनियर ब्वाइज तथा सिनियर गर्ल्समा प्रतिस्पर्धा भइरहेको छ।

## तारकेश्वर कप फुटबल सुरु



काठमाडौं, साउन १८ (नागरिक)- तारकेश्वर नगरपालिकाको आयोजनामा तारकेश्वर कप विद्यालयस्तरीय छात्र फुटबल प्रतियोगिता सोमबारदेखि टिपटो स्पोर्ट्स हबमा सुरु भएको छ।

प्रतियोगिताको तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जनले एक कार्यक्रमबिच उद्घाटन गरे। उद्घाटनका अवसरमा उपप्रमुख सिर्जना बुर्लाकोटी, प्रमुख प्रशासकीय अधिकृत धर्मराज लम्साल, वडा अध्यक्ष राधाकृष्ण खड्गी, कबिराज बस्नेत, शिक्षा शाखा प्रमुख सुदिनराज बुढाथोकी, नगर खेलकुद समितिका अध्यक्ष विक्रम खड्गी, खेलकुद शाखा संयोजक गौरव बस्नेत, विभिन्न विद्यालयका प्रतिनिधि, शिक्षक, विद्यार्थी, खेलप्रेमीलगायतको उपस्थिति रहेको थियो। पहिलो दिन समूह चरणका १६ खेल सम्पन्न भएको आयोजकले जनाएको छ। शुक्रबारसम्म चल्ने प्रतियोगितामा ३२ टोलीको सहभागिता रहेको खेलकुद समितिका अध्यक्ष खड्गीले जनाएका छन्।

सहभागी टोलीमा काभ्रेस्थली, युरेका, मनमैजु, संस्कृति शिक्षा सदन, प्रारम्भ वर्ल्ड स्कुल, ज्ञानभूमि, विद्याश्री पाठशाला, नर्थ प्वाइन्ट एकेडेमी, एन्जल्स हार्ट नेसनल स्कुल, रोजमेरी आइडल बोर्डिङ स्कुल, मानसिंह धर्म, मिलन धर्मस्थली, जितपुर, नागार्जुना, फुटुङ, कालीदेवी, लालीगुराँस नेसनल एकेडेमी, सिर्जना ज्ञान सागर, सिद्धार्थ मोडेल, नेपाल राष्ट्रिय मावि, हिमरश्मि, पुरानो गुह्येश्वरी, कौशल, संस्कार, कुञ्चीप्वाकल, सेक्रेड हार्ट, युनाइटेड स्कोलर्स, न्यु एरा एकेडेमी, मेगा पब्लिक, टाइम्स, ग्राम सेवा र एलिगेन्ट रहेका छन्।

## प्रशिक्षण र विकास कार्यक्रममा जोड

काठमाडौं, साउन १८ (नागरिक)- महिला र पुरुषको फ्रेन्चाइज लिगसहित नेपाल भलिबल संघ (एनभिए) ले आर्थिक वर्ष २०८३/८४ का लागि आफ्ना कार्यक्रम सार्वजनिक गरेको छ।

काठमाडौंको नक्सालस्थित होटल क्राउन प्लाजामा सोमबार पत्रकार सम्मेलन आयोजना गर्दै भलिबल संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता, फ्रेन्चाइज लिग, रेफ्री प्रशिक्षक कोर्सका साथै विभिन्न उमेरसमूहका कुल १९ वटा कार्यक्रम सार्वजनिक गरेको हो। उक्त वार्षिक कार्यक्रममा आगामी २० औं एसियाली खेलकुद पनि समावेश छ। यो प्रतियोगितासहित अन्तर्राष्ट्रिय भूमिमा हुने कार्यक्रम पनि वार्षिक क्यालेन्डरमा छन्। नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले निर्धारित सबै कार्यक्रम सम्पन्न गर्ने गरी समावेश गरिएको बताएका छन्। यद्यपि सार्वजनिक गरिएका कुनै पनि कार्यक्रमको मिति तय भने गरिएको छैन। साथै आठवटा कार्यक्रमको स्थान नै तय नगरिए पनि निर्धारित कार्यक्रम जसरी पनि आयोजना गर्ने संघले जनाएको छ।

पहिलोपल्ट वार्षिक कार्यक्रम सार्वजनिक गरेको संघले प्रशिक्षण र विकास कार्यक्रमलाई जोड दिएको छ। घरेलु भलिबलको नियमित गतिविधिसँगै अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालको उपस्थितिलाई थप मजबुत बनाउने लक्ष्य रहेको संघका अध्यक्ष चन्दले बताए।

संघले वर्षभर आयोजना हुने प्रतियोगिता र गतिविधिलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने उद्देश्यसहित क्यालेन्डर सार्वजनिक गरेको जनाएको छ। वार्षिक कार्यक्रममा एसियन सेन्ट्रल जोन (काभा) का नै ६ वटा च्याम्पियनसिप समावेश गरिएको छ। भलिबल संघले पहिलोपल्ट उमेरसमूहको प्रतियोगिता आयोजना गर्ने भएको छ। अन्तर्राष्ट्रिय प्रतियोगिता, एसियन गेम्समा सहभागिता, विद्यालयस्तरीय प्रतियोगिता, रेफ्री तथा प्रशिक्षक प्रशिक्षण र मैत्रीपूर्ण खेलसम्मका कार्यक्रम समावेश गरिएका छन्।




**भलिबल संघको वार्षिक कार्यक्रम सार्वजनिक**

वार्षिक कार्यक्रमको सुरुआत ३५औं राष्ट्रिय पुरुष तथा २५औं राष्ट्रिय महिला भलिबल प्रतियोगिताबाट हुनेछ। प्रतियोगिता सुर्खेतमा आयोजना गरिने संघले जनाएको छ। त्यसपछि काठमाडौंमा १०औं एनभिए महिला तथा पुरुष भलिबल च्याम्पियनसिप हुनेछ। ११औं प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष भलिबल लिग पनि क्यालेन्डरमा समावेश गरिएको छ। उक्त प्रतियोगिताको आयोजना स्थल भने पछि तय गरिने उल्लेख गरिएको छ। त्यसपछि सातौं महिला तथा आठौं पुरुष राष्ट्रिय बिच भलिबल प्रतियोगिता आयोजना हुनेछ। यसको स्थान पनि हालसम्म तय भएको छैन।

युवा खेलाडी उत्पादनलाई प्राथमिकतामा राख्दै यु-१९ महिला तथा पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता काठमाडौंमा सञ्चालन गरिनेछ। पछिल्ला वर्षहरूमा नेपाली भलिबलमा व्यावसायिक अवधारणाको विस्तार भइरहेका बेला संघले महिला र पुरुष दुवैतर्फका फ्रेन्चाइज लिगलाई पनि वार्षिक कार्यक्रममै समेटेको छ।

महिलातर्फ इन्फिनिटी (इभिएल) महिला फ्रेन्चाइज लिग काठमाडौंमा आयोजना हुनेछ। पुरुषतर्फ केडिया ग्रुपको प्रायोजनमा एनभिएल (एनभिएल) पुरुष भलिबल लिग पनि काठमाडौंमै आयोजना गर्ने तयारी गरिएको छ। एनभिएल आगामी भदौ १२ गते काठमाडौंमा सुरु हुँदै छ।

अन्तर्राष्ट्रिय सहभागितालाई पनि संघले विशेष प्राथमिकतामा राखेको छ। क्यालेन्डरअनुसार काभा बिच भलिबल टुर सेप्टेम्बरमा भुटानमा आयोजना हुनेछ। जहाँ महिला र पुरुष दुवै टोलीले सहभागिता जनाउने अपेक्षा गरिएको छ। काठमाडौंमै काभा महिला च्याम्पियन्स लिग नोभेम्बर ७ देखि १० सम्म आयोजना गर्ने योजना रहेको छ। यससँगै काभा पुरुष भलिबल च्याम्पियनसिप (विश्व वरीयता प्रतियोगिता) पनि काठमाडौंमै हुनेछ। यो आयोजनाले नेपाललाई अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिता आयोजना गर्ने अवसर प्रदान गर्नेछ।

क्यालेन्डरमा काभा बिच भलिबल टुर (माल्दिभ्स), काभा यु-१६ भलिबल च्याम्पियनसिप र काभा च्यालेन्ज कप (पुरुष) समेत समावेश छन्। यी प्रतियोगिताले नेपाली टोलीलाई अन्तर्राष्ट्रिय स्तरमा अनुभव बटुल्ने अवसर प्रदान गर्ने विश्वास संघको छ। घरेलु प्रतिभा विकासलाई निरन्तरता दिन यु-१८ अन्तरविद्यालय भलिबल प्रतियोगिता आयोजना गरिनेछ। त्यस्तै रेफ्री र प्रशिक्षकको क्षमता अभिवृद्धिका लागि राष्ट्रिय रेफ्री तथा प्रशिक्षक कोर्स, कोचिङ कोर्स, महिला तथा पुरुष मैत्रीपूर्ण खेल र थ्री नेसन्स कप पनि कार्यक्रम सूचीमा राखिएको छ।

संघले सम्बन्धित निकाय, प्रायोजक तथा अन्तर्राष्ट्रिय प्रतियोगिताको तालिकाअनुसार ती कार्यक्रमको अन्तिम मिति सार्वजनिक गर्ने जनाएको छ। नेपाल भलिबल संघले पछिल्ला केही वर्षदेखि राष्ट्रिय प्रतियोगिताको दायरा विस्तार गर्दै फ्रेन्चाइज लिग, उमेरसमूहका प्रतियोगिता र अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना तथा सहभागितालाई निरन्तरता दिँदै आएको छ। सार्वजनिक गरिएको नयाँ क्यालेन्डरले पनि नेपाली भलिबललाई व्यावसायिक, प्रतिस्पर्धात्मक र अन्तर्राष्ट्रिय स्तरमा थप उचाइमा पुऱ्याउने संघको योजनालाई स्पष्ट रूपमा प्रतिबिम्बित गरेको छ। वार्षिक कार्यक्रमले आगामी एक वर्ष नेपाली भलिबल गतिविधिले निकै व्यस्त रहने आशा गरिएको छ।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी